# विषय सूची


**खण्ड १ परिचय** १

*1=1* भूमिका १

*1=2* आवधिक योजनाको औचित्य २

*1=3* कार्यक्षेत्र तथा सीमा ३

*1=4* कार्य विधि ४

**खण्ड २ नगरपालिकाको दीर्घकालीन सोच तथा सिद्धान्तहरू** १३

२.१ दीर्घकालीन सोच १३

२.२ नगर विकासका सिद्धान्तहरू १४

**खण्ड ३. नगर विकासका अवसर तथा चुनौतिहरू** १५

३.१ नगर विकासका अवसर तथा सम्भावना १५

३.२ नगर विकासका प्रमुख चुनौति तथा समस्याहरू १९

३.३ विगतका प्रयास र उपलब्धिहरू ३३

**खण्ड ४ नगर विकासको अग्रणी क्षेत्र** ३४

**खण्ड ५ क्षेत्रगत विकास योजना** ३६

५.१ भौतिक विकास तथा भौतिक पूर्वाधार विकास योजना ३६

५.२ भौतिक पूर्वाधार ४५

५.३ तर्कबद्ध पद्दतिमा भौतिक पूर्वाधार विकास योजना ४५

**खण्ड ६ सामाजिक विकास योजना** ४९

६.१ तर्कबद्ध पद्दतिमा भौतिक पूर्वाधार विकास योजना ५०

**खण्ड ७ आर्थिक विकास योजना** ५३

७.१ तर्कबद्ध पद्दतिमा आर्थिक विकास योजना ५५

**खण्ड ८: वातावरण विकास तथा जोखिम व्यवस्थापन योजना** ५८

८.१ तर्कबद्ध पद्दतिमा वातावरण विकास तथा जोखिम व्यवस्थापन योजना ५८

**खण्ड ९ वित्तीय विकास योजना** ५९

९.१ तर्कबद्ध पद्दतिमा वित्तीय विकास योजना ५९

**खण्ड १० संस्थागत विकास योजना** ६२

१०.१ तर्कबद्ध पद्दतिमा संस्थागत विकास ६२

**खण्ड ११. योजना सम्भाव्यता अध्ययन, प्राथमिकता निर्धारण तथा वर्गीकरण** ६४

११.१ प्रारम्भिक सम्भाव्यता अध्ययन ६४

११.२ प्राथमिकता निर्धारण ६४

११.३ योजनाको वर्गीकरण ६४

११.४ वडा स्तरीय योजनाहरू ६६

**खण्ड १२ वहुक्षेत्रगत लगानी योजना** ७१

तालिका नं. ११ नगरपालिकाको प्रमुख लगानीमा कायान्वन गर्ने वहुक्षेत्रगत लगानी योजना (रणनीतिक योजना)
तालिका नं. १२ वहुक्षेत्रगत लगानी योजना : नगरपालिकाको विकास वजेटवाट संचालन गर्नुपर्ने नगर स्तरीय योजनाहरु

तालिका नं. १३ वहुक्षेत्रगत लगानी योजना : सामाजिक विकास

तालिका नं. १४ वहुक्षेत्रगत लगानी योजना : आर्थिक विकास योजना तथा कार्यक्रम

तालिका नं. १५ वहुक्षेत्रगत लगानी योजना : वातावरण तथा जोखिम व्यवस्थापन

तालिका नं. १६ वहुक्षेत्रगत लगानी योजना : वित्तिय विकास

तालिका नं. १७ वहुक्षेत्रगत लगानी योजना : संस्थागत विकास

तालिका नं. १८ वहुक्षेत्रगत लगानी योजना : अन्य निकायको सहयोगमा गर्नुपर्ने योजना तथा कार्यक्रम

तालिका नं. १९ वडागत योजनाको सूचि

**खण्ड १३ आवधिक योजनाको कार्यान्वयन अनुगमन तथा मध्यावधि मूल्यांकन** ११९

१३.१ आवधिक योजनाको कार्यान्वयन १३०

१३.३ मध्यावधी मूल्याङ्कन १३१

**नक्सा सूचि**

१.प्रस्तावित दिर्घकालिन भौतिक विकास योजना ........................................................................४३

२.प्रस्तावित भू-उपयोजग योजना ........................................................................४४

**<u>तालिका सूची</u>**


तालिका नं. १ : स्थानीय आय तथा  सम्पति कर

तालिका नं. २ : विकास निर्माणमा नगरवासीहरूको वित्तीय सहभागिता

तालिका नं. ३ : नगरपालिकाको कूल आय

तालिका  नं. ४ :स्थानीय आयमा चालु खर्च

तालिका नं. ५ : चालु तथा विकास खर्च

तालिका नं. ६ : विकास निर्माणमा नगरपालिकाद्वारा गरिएको प्रतिव्यक्ति वा घरको लगानी

तालिका नं. ७ : जनसंख्या प्रक्षेपण

तालिका नं. ८ : विकास वजेटको प्रक्षेपण तथा वाँडफाँड

तालिका नं. ९ : योजनाको प्रकृति अनुसार विकास वजेटको वाँडफाँड

तालिका नं. १० : विषयगत योजना अनुसार नगरस्तरीय वजेटको वाँडफाँड

तालिका नं.  ११ नगरपालिकाको प्रमुख लगानीमा कायान्वन गर्ने वहुक्षेत्रगत लगानी योजना (रणनीतिक योजना)

तालिका नं. १२ वहुक्षेत्रगत लगानी योजना : नगरपालिकाको विकास वजेटवाट संचालन गर्नुपर्ने नगर स्तरीय योजनाहरु

तालिका नं. १३ वहुक्षेत्रगत लगानी योजना : सामाजिक विकास

तालिका नं. १४ वहुक्षेत्रगत लगानी योजना : आर्थिक विकास योजना तथा कार्यक्रम

तालिका नं. १५ वहुक्षेत्रगत लगानी योजना : वातावरण तथा जोखिम व्यवस्थापन

तालिका नं. १६ वहुक्षेत्रगत लगानी योजना : वित्तिय विकास

तालिका नं. १७ वहुक्षेत्रगत लगानी योजना : संस्थागत विकास

तालिका नं. १८ वहुक्षेत्रगत लगानी योजना : अन्य निकायको सहयोगमा गर्नुपर्ने योजना तथा कार्यक्रम

तालिका नं. १९ वडागत योजनाको सूचि


## अनुसूची


माईन्यूटको फोटो कापी

# आभार

जलेश्वर नगरपालिकाको प्रथम आवधिक योजना तर्जुमाको निम्ति गर्नु भएको पहल प्रति सराहना गर्दै सो योजना तर्जुमा गर्ने कार्य प्रदान गर्नु भएकोमा सर्वप्रथम जलेश्वर नगरपालिकालाई हार्दिक आभार व्यक्त गर्दछौँ । यस योजना तर्जुमाको सन्दर्भमा नगरपालिकाका तत्कालीन कार्यकारी अधिकृत श्री हेमराज फुँयाल, वर्तमान कार्यकारी अधिकृत श्री राधेश्याम गिरी, इन्जिनियर श्री पवन कुमार झा तथा श्री दिव्य श्रेष्ठ, सामाजिक शाखा प्रमुख श्री विजय कुमार गुप्ता, अन्य शाखा तथा उप शाखा प्रमुखहरू, सामुदायिक परिचालकहरू लगायत कार्यालयका सम्पूर्ण कर्मचारी तथा कर्मचारी युनियनका पदाधिकारीहरूबाट सक्रिय सहभागिता तथा प्रभावकारी भूमिका निर्वाह गर्नु भएकोमा कृतज्ञता ज्ञापन गर्दछौँ ।

यसका साथै आवधिक योजना तर्जुमाका क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग र विद्वत् वर्गहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ ।

नगरपालिकाको आवधिक योजना तर्जुमाको क्रममा सुरुवात देखि नै आफ्ना सल्लाह तथा सुझावहरू दिदै यसलाई अन्तिम स्वरुप प्रदान गर्न सहयोग गरिदिनुहुने राजनैतिक दलका प्रतिनिधिहरू, निर्देशक समिति तथा विषयगत उप-समितिका सम्पूर्ण पदाधिकारहरूप्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ । यसैगरी वडा तथा सामुदायिक भेलाहरूमा उपस्थित भएर आफ्ना वस्ती, समुदायका समस्याहरू अगाडि राखी सहयोग गरिदिनुहुने सम्पूर्ण वडावासी तथा समुदायप्रति कार्यदल हार्दिक आभार व्यक्त गर्दछ ।

योजना तर्जुमाको क्रममा भएका विभिन्न चरणका छलफलहरूमा सहभागि हुने विषयगत समितिका पदाधिकारीहरू तथा अन्य आमन्त्रित व्यक्तिहरूबाट भएको सहभागिता तथा योगदानप्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ ।

अन्तमा, यस आवधिक योजना तर्जुमाको सिलसिलामा आवश्यक तथ्याङ्क तथा सूचना प्रदान गरी सहयोग गरिदिनुहुने नगरपालिकासँग सम्बन्धित सम्पूर्ण विषयगत कार्यालयहरू तथा विभिन्न संघ संस्थाका कर्मचारी लगायतका सम्पूर्ण महानुभावहरू प्रति हार्दिक आभार व्यक्त गर्दछौँ ।

**ईनोभेटिभ डिजाईन कन्सर्न प्रा.लि.**

# खण्ड १ : परिचय

## 1=1 भूमिका

नेपालमा योजनाबद्ध विकासको थालनी वि.सं.२०१३ सालमा प्रथम पञ्चबर्षीय योजनाबाट भएको थियो । स्थानीय स्तरमा हालसम्मका विकास प्रयासहरूमा कुनै निर्दिष्ट मार्ग दर्शन विना योजना तर्जुमा तथा कार्यान्वयन गर्ने परिपाटी रही आएको देखिन्छ । यसबाट के कति ठोस उपलब्धि हासिल भयो भन्ने कुराको बस्तुगत मूल्याङ्कन गर्न कठिनाइ हुनाका साथै स्रोत उपयोगको बास्तविक स्थिति स्पष्ट हुन सकेको थिएन । केन्द्र एवं राष्ट्रिय स्तरबाट भएका प्रयासहरूबाट मात्र स्थानीय विकासको प्रयास पर्याप्त हुँदो रहेनछ भन्ने यथार्थ पनि हाम्रो सामु क्रमशः स्पष्ट हुँदै आएको छ ।

विगतमा नगरपालिकाहरूको आवधिक योजनाको तर्जुमा कार्य मुख्यतया शहरी विकास तथा भवन निर्माण विभागको पहलमा भई रहेकोमा पछिल्ला समयमा GTZ/Udle तथा हाल आएर संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले पनि यो योजना तर्जुमामा सहयोग उपलव्ध गराएको छ । आवधिक योजना तर्जुमा गर्ने क्रममा विभिन्न नमुनाहरूका विकास भएका छन्, जस अन्तर्गत शुरुका आवधिक योजना ( विरेन्द्रनगर तथा लेखनाथ नगरपालिका) केन्द्रीय प्रयासबाट शहरी विकास तथा भवन निर्माण विभागको प्रत्यक्ष संलग्नतामा भएको थियो । सो पश्चातका आवधिक योजना (विरगंज, विराटनगर, कीर्तिपुर, ललितपुर आदि) केन्द्रबाट छानिएका परामर्शदाताहरूको प्रत्यक्ष संलग्नतामा तयार भएका छन् भने पछिल्लो समयमा तर्जुमा भएका आवधिक योजना सहभागितामूलक योजना तर्जुमाको मूलमन्त्रलाई स्वीकार्दै नगरपालिकाहरूकै नेतृत्वमा तयार भएका छन् । जस अनुसार योजना तर्जुमाका सवै तहमा स्थानीय सरोकारवालाहरूको वृहद् सहभागिता गराउँदै नगरपालिका आफैले छनौट गरेका परामर्शदाता विज्ञहरूको प्राविधिक सहजीकरणमा योजना तर्जुमा गरिएका छन् र जलेश्वर नगरपालिकाको आवधिक योजना यसै विधि अनुरुप तयार भएको छ ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ अनुसार प्रत्येक स्थानीय निकायले आफ्नो क्षेत्रको दीगो विकासका लागि २०-२५ वर्षको दीर्घकालीन सोच राखी कम्तीमा ५-७ वर्षको अल्पकालीन आवधिक योजना तयार पार्नुपर्दछ । स्थानीय विकास मन्त्रालयले तयार गरेको आवधिक नगर विकास योजना तर्जुमा निर्देशिकाले निर्दिष्ट गरेको प्रक्रिया अनुसार नगरपालिकामा हुन सक्ने आर्थिक विकास, शहरीकरण प्रक्रिया लगायतका विभिन्न क्षेत्रगत पक्षहरूको व्यवस्थित विकास गर्न नगरमा उपलब्ध सिमित आर्थिक, सामाजिक तथा मानवीय स्रोत तथा साधनहरूको प्रभावकारी ढंगले उपयोग गर्दै राष्ट्रिय शहरी नीति २०६४ को सक्षम स्थानीय निकाय तथा विकसित संस्थागत तथा कानुनी प्रकृयाद्वारा प्रभावकारी शहरी व्यवस्थापनलाई प्रवर्द्धन गर्ने उद्देश्य परिपूर्ति गर्न नगरको सम्पूर्ण पक्षलाई समेट्ने गरी दीर्घकालीन योजना तर्जुमा गर्नुपर्ने आवश्यकता देखिन्छ ।

नगरको आवश्यकता, अवसर र सम्भावना तथा समष्टिगत आर्थिक, सामाजिक, भौतिक, वातावरण, जोखिम, वित्तीय तथा संस्थागत विश्लेषणका आधारमा तयार पारिएको यस आवधिक योजनाले स्थानीय विकासमा निर्दिष्ट दिशा प्रदान गर्ने विश्वास लिइएको छ । साथै राष्ट्रिय स्तरको पञ्चवर्षीय वा त्रिवर्षीय योजना तर्जुमाका लागि समेत यस दस्तावेजले स्थानीय यथार्थता, दृष्टिकोण र आवश्यकता औंल्याई स्थानीय स्तरको योजना तर्जुमामा मद्दत पुऱ्याउने अपेक्षा गरिएको छ । आवधिक नगर विकास योजना तर्जुमा गर्ने सिलसिलामा उपलब्ध तथ्याङ्कहरूको विश्लेषण तथा सम्पूर्ण सरोकारवाला संस्थाका प्रतिनिधिहरू सम्मिलित भई विभिन्न चरणमा गरिएको सहभागितामूलक कार्यशालाको प्रतिफलहरूका आधारमा यो दस्तावेज तयार गरिएको हो । यसरी तयार गरिएको यस आवधिक नगर विकास योजनाले जलेश्वर नगरको विकासलाई स्थानीय स्तरमा संस्थागत गरी दिगो विकासका अवधारणालाई सहभागितात्मक प्रक्रियासँग आवद्ध गराउन ठूलो मद्दत पुग्ने आशा गरिएको छ । यसले नगरको भौगोलिक विविधता, समग्र विशेषता,सहभागितामूलक तथा समावेशी पक्षहरूलाई समेटेको हुँदा बार्षिक कार्यक्रमहरू यसै अनुसार तर्जुमा गर्न ठोस रुपमा टेवा पुऱ्याउने विश्वास पनि गर्न सकिन्छ ।

यसरी जलेश्वर नगरपालिकाको नेतृत्वमा बैज्ञानिक र सहभागितामूलक पद्धति अवलम्बन गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (तत्कालीन स्थानीय विकास मन्त्रालय) को सहयोग र इनोभेटिभ डिजाईन कन्सर्न प्रा.लि. को प्राविधिक सहजिकरणमा तर्जुमा गरिएको यो पहिलो आवधिक नगर विकास योजनाको दस्तावेज हो ।

## १=2 आवधिक योजनाको औचित्य

नेपालमा शहरी विकासलाई व्यवस्थित एवं निर्देशित गर्न थुप्रै प्रयासहरू भएका छन् । स्ट्रकचर प्लान, भौतिक विकास, पूर्वाधार विकास तथा रणनीतिक योजना यसका उदाहरण हुन भने पछिल्ला दिनहरूमा सहभागितामूलक योजना पद्धितिलाई अगिंकार गर्दै एकीकृत कार्यमूलक योजना तयार भएका छन् । विषेश गरी पछिल्लो समयमा तर्जुमा भएका सहभागितामूलक एकीकृत कार्यमूलक योजना केही हदसम्म कार्यान्वयनमा आए तापनि यसरी तयार भएका अधिकांश योजनाहरू नगण्य मात्रामा मात्र कार्यान्वयनमा आएका छन् । प्रभावकारी योजना तर्जुमा पद्धति, वढ्दो शहरीकरण, विकास निर्माणमा नगरवासीहरूको अत्याधिक माग/चाहना तथा त्यस्ता माग पूर्ति गर्न आर्थिक श्रोतको अत्याधिक अभावका कारण अधिकांश योजनाहरू कार्यान्वयन नभएको अवस्थामा रहेका छन् ।

विगतका धेरैजसो योजनाहरू तथ्याङ्कमा आधारित भएर तर्जुमा भएका छन् । त्यस्ता योजनामा स्थानीय स्तरमा वसोवास गर्ने सवै वर्ग, जाति, समुदाय तथा वस्तीका प्रमुख समस्याहरू प्रतिविम्व नहुँदा र योजना अनुसारका आर्थिक श्रोतको व्यवस्था पनि गर्न नसक्दा यस्ता योजनाहरू कार्यान्वयनमा आउन सकेनन् । पछिल्ला समयमा तर्जुमा भएका सहभागितामूलक एकीकृत कार्यमूलक योजना पनि शिक्षा, स्वास्थ्य, लक्षित समुदाय जस्ता सामाजिक पक्ष, नगरका आर्थिक पक्षहरू, वातावरणीय तथा जोखिम पक्ष, नगरपालिका कार्यालयको वित्तीय पक्ष तथा संस्थागत पक्षहरूलाई समेटेको देखिंदैन र यी योजना प्रमुख रुपमा भौतिक तथा पूर्वाधार विकासमा वढी केन्द्रित भएका छन् । यसरी नै यो योजना नगरको समग्र विकासतर्फ उन्मुख नभई नगरपालिका कार्यालयको वित्तीय श्रोत (पाँच वर्षको विकास वजेट) को आधारमा नगरवासीहरूका तत्कालका सानातिना भौतिक पूर्वाधारका समस्याहरू सम्वोधन गर्ने उद्देश्य अनुरुप तर्जुमा भएको छ ।

नगरपालिकाहरूका लागि नगर विकास सम्बन्धी योजनाहरू तर्जुमा गर्नुपर्ने वाध्यात्मक कानुनी प्रावधान नरहेको हुँदा पनि सबै नगरपालिकाहरूले त्यस्ता योजनाहरू तर्जुमा गरिएको पाईदैन । यसरी कानुनी रुपमा वाध्यात्मक प्रावधान नहुनु, भौतिक विकास वाहेक नगर विकासका अन्य पक्षहरू नसमेटिनु, समग्र विकासको लागि पर्याप्त आर्थिक श्रोतको अभाव तथा सम्वन्धीत सरोकारवालाहरूको सहभागितामूलक एवं अर्थपूर्ण सलग्नतामा योजना तर्जुमा प्रक्रिया अगाडि नवढनु जस्ता कारणहरूले गर्दा विगतमा तर्जुमा भएका सवैजसो योजनाहरूले नगरपालिकाको समग्र विकासमा खासै प्रभाव पार्न सकिएन र यो पक्ष जलेश्वरको लागि पनि त्यतिकै सान्दर्भिक छ ।

यसै सन्दर्भमा स्थानीय स्वायत शासन ऐन, २०५५ ले प्रत्येक नगरपालिकाले नगरका दीर्घकालीन सोच सहितको अन्य क्षेत्रगत पक्षहरूलाई समेटी सम्वन्धित सरोकारवालाहरूको प्रत्यक्ष तथा अर्थपूर्ण संलग्नतामा सहभागितामूलक योजना पद्धति अवलम्वन गरी आवधिक योजना तर्जुमा गर्नुपर्ने र त्यसैका आधारमा वार्षिक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने कानुनी एवं वाध्यात्मक व्यवस्था गरेको छ । यसका अतिरिक्त न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (MCPM) को प्रावधान अनुसार नगरपालिकाहरूको लागि आवधिक योजना न्यूनतम शर्तको रुपमा राखिएको हुँदा पनि सवै नगरपालिकाहरूका लागि यो योजना तर्जुमा गर्न उतिकै अनिवार्य तथा महत्वपूर्ण हुन गएको छ । यसरी कानुनी प्रावधान रहे तापनि आर्थिक श्रोतको अभावले थुप्रै नगरपालिकाहरूले आवधिक योजना तर्जुमा नगरी रहेको अवस्थामा पछिल्ला समयमा स्थानीय विकास मन्त्रालयले आवधिक योजना तर्जुमाको लागि समेत आर्थिक अनुदान उपलब्ध गराउँदा यस योजनको महत्व तथा औचित्य झन पुष्टि भएको छ ।

## 1=3 कार्यक्षेत्र तथा सीमा

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१) अनुसार नगरपालिकाहरूले अनिवार्य रुपमा गर्नुपर्ने निम्न लिखित कार्यक्षेत्रहरूलाई प्राथमिकताका साथ राख्दै यस आवधिक योजनाको उल्लेखित उद्देश्य प्राप्ती गर्न आवश्यक अन्य थप कार्यक्षेत्रहरू निर्धारण गरिएका छन् ।

(क) अर्थ सम्वन्धी, सम्वन्धी
(ख) भौतिक विकास सम्वन्धी,
(ग) जलश्रोत, वातावरण र सरसफाई सम्बन्धी,
(घ) शिक्षा तथा खेलकुद विकास सम्वन्धी,
(ङ) संस्कृति सम्बन्धी,
(च) भौतिक पूर्वाधार निर्माण तथा यातायात सम्वन्धी,
(छ) स्वास्थ्य सेवा सम्वन्धी,
(ज) समाज कल्याण सम्वन्धी,
(झ) उद्योग तथा पर्यटन सम्वन्धी,
(ञ) लक्षित समुदाय सम्वन्धी,
(च) अन्य विविध कार्यहरू ।

यस आवधिक योजनाको उल्लेखित उद्देश्य प्राप्ति गर्नको लागि माथि उल्लेखित कार्य क्षेत्रहरूका अलावा आवधिक योजना तर्जुमा निर्देशिका अनुसार तोकिएका भौतिक, सामाजिक, वातावरण, जोखिम, आर्थिक, वित्तीय,संस्थागत जस्ता सात बिषयगत क्षेत्रगत योजनाहरु सहित समावेश गरी यो आवधिक योजना तर्जुमा गरिएको हुँदा यस बाहेकका अन्य शीर्षकहरू यस आवधिक योजनामा न्यून रुपमा मात्रै समाहित गरिएको छन् ।

आवधिक योजना नगरपालिकाको २० वर्षको सोच लिएर अगाडि वढेको हुन्छ । जसअनुसार जलेश्वर नगरपालिकाको क्षेत्रीय तथा उप क्षेत्रीय अन्तर सम्बन्धसम्म अध्ययन गरिनुपर्ने हुन आउँछ । यद्यपि अहिलेको अध्ययन पाँच वर्षको अल्पकालिन विषयगत योजनाहरू दिने सन्दर्भमा हाल विद्यमान नगरपालिका क्षेत्रमा मात्र सीमित रहेको छ । तथापि यस अध्ययनका सिलसिलामा गाँउ नगर अन्तरसम्वन्धलाई पनि मध्यनजरमा राखिएको छ ।

यस आवधिक योजनामा भएका विषयहरू मध्ये कानुनी रूपमा नगरपालिकाको कार्यक्षेत्रमा पर्ने विषयहरू नगरपालिकाको पूर्ण नियन्त्रण र निर्देशनमा सञ्चालन हुन सक्छन् भने कतिपय विषयहरूमा नगरपालिकाले पथ प्रदर्शन, सहजिकरण तथा पहल मात्र गर्न सक्दछ । त्यसैले नगरपालिकाको पूर्ण नियन्त्रणमा रहेका क्षेत्रहरूको विस्तृत योजना तयार गरी वार्षिक कार्यक्रमहरू मार्फत कार्यान्वयनमा जानुपर्ने हुन्छ । नगरपालिकाको विकास कार्यक्रममा संलग्न सरकारी तथा गैरसरकारी संस्था, सामुदायिक संघ संस्था र निजी क्षेत्रका साथै केन्द्र, जिल्ला तथा वैदेशिक स्रोतबाट सञ्चालन हुने कार्यक्रमहरूका लागि नगरपालिकाको आवधिक योजनाले नीतिगत आधार र प्राथमिकता तोकी नगरपालिकाले निर्देशित गर्दै सोको यथासक्य कार्यान्वयनको लागि सम्वन्धित निकायहरूमा पहल गर्न पर्ने हुन्छ ।

यसैगरी यो आवधिक योजना तर्जुमा गर्दा राष्ट्रिय योजना तथा क्षेत्रगत विकासका लागि राष्ट्रिय रूपमा तयार गरिएका दीर्घकालीन योजना तथा राष्ट्रिय नीतिहरूसँग तादात्म्यता कायम राख्न प्रयास गरिएको छ । तर सीमित श्रोत तथा साधनको सिमामा रही यो योजना तर्जुमा गर्नुपर्ने हुँदा यस अध्ययनका विश्लेषणहरू अधिकतम दितीय तहको तथ्याङ्कमा आधारित रहेका छन् र धेरैजसो परिस्थितिमा यी तथ्याङ्क तथा सूचनाहरू निरन्तर रुपमा अद्यावधिक नहुने हुँदा पुराना तथा प्रक्षेपित तथ्याङ्कको विश्लेषणमा आधारित रहेर योजना तर्जुमा गरिएको छ ।

## 1=4 कार्य विधि

तथ्याङ्क तथा सूचनाको आधार तथा योजना तर्जुमाको सवै पक्षमा सवै सरोकार दल, वर्ग, समुदायका प्रतिनिधिहरूको सक्रिय र अर्थपूर्ण सहभागिता तथा संलग्नतामा सहभागितामूलक विधि अवलम्वन गरी यस नगरको प्रथम आवधिक योजना तर्जुमा गरिएको छ ।

योजना तर्जुमामा निर्देशन, सुझाव तथा नेतृत्वदायी भूमिका निर्वाह गर्न निर्देशक समिति, विषयगत योजनाहरू तर्जुमाका लागि राजनैतिक दलको नेतृत्वमा ७ वटा विषयगत उप-समिति, नगरपालिकाका कर्मचारीहरूको संलग्नतामा कार्यदलको गठन भई समितिका पदाधिकारी तथा सम्वन्धित अन्य सरोकारवाला विज्ञहरूको सक्रिय सहभागिता तथा नगरपालिकाको व्यवस्थापनमा यस नगरको अग्रणी क्षेत्र सहितको दीर्घकालीन सोच तथा नगर तहका क्षेत्रगत विकासका कार्यक्रम तथा योजनाहरू तर्जुमा गरिएको छ ।

नगरको विद्यमान अवस्था पहिचान गर्न प्रथम तथा दितीय दुवै तहका तथ्याङ्क तथा सूचना सङ्कलन प्रकृया अपनाइएका छन् । जस अनुसार सबै खालको नौला प्रकाशित तथा अप्रकाशित तथ्याङ्क, सूचना, नक्शा तथा भू-उपग्रहबाट खिचिएका तस्वीरहरूको समेत प्रयोग गरिएका छन् । आधार नक्शा तयार गरी स्थलगत सर्वेक्षणको माध्यमवाट विषयगत श्रोत नक्साहरू, भूउपयोग नक्सा तयार गरिएका छन् भने सम्वन्धित स्थान विशेषमा गई अन्तर्वार्ता, प्रश्नावली मार्फत प्रथम तहका तथ्याङ्क विशेष गरी भौतिक पूर्वाधारहरूको स्थिति (लम्वाई, संख्या, तह, प्रकार तथा गुणस्तर, माग, आपूर्ति आदि), शिक्षण तथा स्वास्थ्य संस्था, उद्योग कलकारखाना, व्यापार व्यवसाय, वातावरण, नगरपालिका कार्यालयको वित्तीय तथा संस्थागत पक्ष आदिका सूचना सङ्कलन गरिएका छन् ।

यसका अलावा वडागत तहका समस्याहरू सम्वोधन गर्न वडा तहमा वडा भेला र लक्षित वर्ग तथा समुदायका समस्या सम्वोधन गर्न त्यस्ता वर्ग, समुदायसँग भिन्दै अन्तरक्रिया गरी तत् सम्वन्धी समस्या आवश्यकता पहिचान तथा प्राथमिकता निर्धारण गराई सहभागितामूलक योजनाहरू तर्जुमा विधि अपनाईएको छ । यसका अतिरिक्त निर्देशक समिति तथा विषयगत उप-समितिलाई प्राविधिक सहयोग गर्न नगरपालिकाको शाखा प्रमुखहरू तथा परामर्शदाताको संलग्नतामा एक योजना टोलिको गठन समेत गरी स्थानीय तहमै सहभागितामूलक संस्थागत संरचनाको विकास गरिएको छ । यस योजना तर्जुमामा परामर्शदाताद्वारा स्थानीय तहमा स्थापित संस्थागत संरचनाकै निर्देशन, राय तथा सुझावमा विषयगत तथ्याङ्क तथा सूचना संकलन, नगरको नक्सांकन, विश्लेषण, वडा तथा नगर स्तरीय भेला, अग्रणी क्षेत्र, दीर्घकालीन सोच निर्धारण तथा विषयगत समस्या तथा योजना पहिचान जस्ता कार्यको लागि नगर स्तरीय कार्यशालामा सहजीकरण गर्ने कार्यको साथै विषयगत विज्ञहरूको राय दिई आवधिक योजनाको दस्तावेज लेखन गर्ने जस्ता विशेष गरी प्राविधिक सहजिकरण कार्यविधि अपनाईएको छ । यो आवधिक योजना तर्जुमामा विषयगत रुपमा अपनाईएका विस्तृत विधि तल flow chart मा दिईएको छ ।

**Flow Chart : योजना तर्जुमाका विधि**



आवधिक योजना तर्जुमाको उद्देश्य र कार्यक्षेत्रको अध्ययन पश्चात सो कार्यलाई निर्दिष्ट समयमा सम्पन्न गर्नको निमित्त निम्न लिखित कार्यबिधि अपनाइएको छ ।

## १.पूर्व तयारी

अभिमुखीकरण

नगरको प्रथम आवधिक योजना तर्जुमा गर्ने क्रममा २०६८/०४/३० गते जलेश्वर नगरपालिका कार्यालयका सम्वन्धित कर्मचारीहरूलाई जलेश्वर नगरपालिकाको आवधिक योजना तर्जुमा बारे अभिमुखीकरण साथै योजना तर्जुमाका क्रममा उहाँहरूको भूमिकाबारे स्पष्ट पारिएको थियो ।

कार्यदलको गठन

जलेश्वर नगरपालिकाको आवधिक योजना तर्जुमा गर्ने सिलसिलामा नगर प्रमुखको संयोजकत्वमा नगरपालिकाका शाखा प्रमुखहरू तथा परामर्शदाताको प्रतिनिधित्व रहेको "कार्यदल" गठन गरिएको छ ।

एकदिने कार्यशाला गोष्ठी (प्रथम नगर भेला)

नगरवासीहरूलाई आवधिक योजना तर्जुमा प्रकृया वारे जानकारी दिन २०६८।०४।३१ गते नगरको प्रतिनिधित्व गर्ने राजनीतिक दल, नागरिक समाज लगायतका सरोकारवालाहरू, निजी क्षेत्र, महिला, दलित, जनजाति, विपन्न समुदाय, सिमान्तकृत वर्ग, जिल्लाका सरकारी कार्यालयहरू, शिक्षा, स्वास्थ्य, पर्यटन, वातावरण क्षेत्र आदिमा कार्यरत संघसंस्थाहरू, टोल विकास संस्था, उपभोक्ता समूह, सञ्चार जगतका प्रतिनिधिहरू, समाजसेवी, विज्ञ तथा नगर विकासमा सरोकार राख्ने विभिन्न व्यक्तित्वहरूको उपस्थितिमा एकदिने कार्यशाला गोष्ठी गरियो ।

उक्त गोष्ठीमा आवधिक योजनाको परिभाषा, महत्व, कानुनी व्यवस्था, योजना तर्जुमा प्रक्रिया, योजनाको उपलव्धिहरूको वारेमा सम्वन्धित सरोकारवालाहरूलाई अभिमुखीकरण तथा यस योजना तर्जुमामा सङ्लग्न हुने विभिन्न समिति तथा उप समितिहरूको भूमिकाको बारेमा पनि स्पष्ट पारियो ।

यस प्रथम नगर भेलामा जलेश्वर नगरपालिकाका तत्कालीन कार्यकारी अधिकृत श्री होमराज फुँयालको अध्यक्षतामा निर्देशक समिति तथा नगरपालिकामा प्रतिनिधित्व गर्ने राजनैतिक दलका प्रतिनिधिहरूको संयोजकत्वमा विषयगत उपसमिति गठन गरिएको छ ।

## २.तथ्यांक सङ्कलन तथा विश्लेषण

यो योजना नगरको समृद्ध विकासको लागि एक रणनैतिक योजना भएको र तयार गर्नुपर्ने अधिकांश क्षेत्रगत योजनाहरूको लागि नगरवासीहरूको सामाजिक तथा आर्थिक पक्षसँग सम्वन्धित व्यक्तिगत सूचनाहरू खासै आवश्यक नहुँदा योजना तर्जुमा गर्न घर घुरी सर्भेक्षण गरिएको छैन । यस योजना तर्जुमाको लागि आवश्यक सवै तथ्याङ्क तथा सूचना प्रारम्भिक र द्वितीय श्रोतबाट सङ्कलन गरिएका तथ्याङ्कहरूलाई विश्लेषण गर्ने कार्य गरिएको छ ।

तथ्याङ्क सङ्कलन गर्ने क्रममा नगरको भौतिक विकास पक्षसँग सम्वन्धी आवश्यक सूचना तथा तथ्याङ्कहरू नगरपालिका लगायत यससँग सम्वन्धित निकायहरू (सडक कार्यलय, खानेपानी संस्थान, विद्युत प्राधिकारण, नेपाल दूर संस्थान, नगरपालिका कार्यालय ) सँग सम्वन्धित तथ्याङ्क लिइएको थियो ।

त्यसैगरी नक्साको लागि भू-उपग्रहबाट खिचिएका तस्वीर, तथा एकीकृत कार्यमूलक योजना अन्तर्गत तयार भएका नक्साहरूको आधारमा विभिन्न विषयगत श्रोत (सडक, यातायत, ढल, खानेपानी, विद्युत, सञ्चार, वातावरण सम्वेदनशील, पर्यटन, वर्तमान भू-उपयोग, नगर विकासका दिशा आदि) नक्साहरू तयार गरी उक्त नक्साहरू स्थलगत सर्भेक्षण मार्फत परिमार्जन गर्दै अन्तिम श्रोत नक्साहरू तयार

गरिएको छ । उक्त श्रोत नक्साका सूचना तथा तथ्याङ्कहरू नगरपालिका कार्यालयको योजना शाखा, सम्वन्धित सरकारी विषयगत निकायहरूसँग प्रत्यक्ष सम्पर्क गरी प्रारम्भिक श्रोतवाटै भौतिक विकास सम्वन्धी नक्साकङ्‌न गर्ने कार्य गरिएको छ ।

आवधिक योजनामा भौतिक विकास तथा भौतिक पूर्वाधार सम्वन्धित योजना मात्र नभई अन्य विषयगत योजनाहरू समेत तर्जुमा गर्नु पर्ने भएकोले भौतिक योजना वाहेकका सामाजिक, आर्थिक, वातावरिणय, संस्थागत, वित्तीय जस्ता पक्षहरूसँग सम्वन्धी सूचना तथा तथ्याङ्कहरू त्यससँग सम्वन्धित निकायहरूमा गई सङ्‌कलन गरिएको छ ।

योजना तर्जुमा कार्यको लागि यथेष्ट वजेटको प्रावधान नहुनु, धरधुरी सर्वेक्षणको तथ्याङ्क केन्द्रीय तथ्याङ्क विभाग २०५८ को, Intensive resource study of municipality, 2008 तथा पछिल्ला प्रतिवेदन जलेश्वर नगरप्रोफाईल २०६८, मा नगरवासिहरूको सामाजिक तथा आर्थिक पक्षको सम्वन्धित तथ्याङ्क तथा सूचना यथेष्ट रुपमा उपलव्ध भएको हुँदा त्यही सूचनाहरू सम्वन्धित सरोकारवालाहरूसँग छलफल गर्दै आवश्यकता अनुसारका क्षेत्रमा परिमार्जन गरिएको छ । विषेश गरी घरधुरी सर्भेक्षणवाहेक शिक्षण संस्था, स्वास्थ संस्था, महिला, दलित, लगायत यससँग सम्वन्धित अन्य सूचनाहरू नगरपालिकाको सामुदायिक शाखा, सम्वन्धित संघसंस्था तथा सरोकारवालाहरूसँगको छलफलबाट समेत सङ्‌कलन गरिएको छ । यसरी जनसंख्या (वडागत, लिङ्ग, धर्म, जात, वर्ष आदि अनुसार), शैक्षिक, स्वास्थ, आर्थिक, रोजगारी, लक्षित समुदायसँग सम्वन्धित तथ्याङ्क तथा सूचनाहरू यसमा सङ्‌कलन गरी विश्लेषण गर्ने कार्य गरिएको छ ।

यसैगरी वातावरण तथा जोखिम (विपद) पक्ष, फोहर, जल, वायु, ध्वनि प्रदूषणका कारक पक्षहरू, जोखिमयुक्त क्षेत्रहरू वातावरण सम्वेदनशील नक्सामा देखिाईएको छ भने यससँग सम्वन्धित अन्य सूचनाहरू स्थलगत सर्भेक्षण, नगरपालिकाको योजना शाखा तथा सामुदायिक विकास शाखा, विभिन्न सरोकार संघसंस्था तथा सरोकार व्यक्तिहरूको सहयोगमा समेत प्राप्त गरिएको छ । उद्योग, कलकारखाना, व्यापार व्यवसाय, रोजगारी, वित्तीय संघसंस्था जस्ता आर्थिक पक्षसँग सम्वन्धित सूचनाहरू पनि उद्योग वाणिज्य संघ जस्ता संघसंस्थाहरूसँग प्रत्यक्ष सम्पर्क गरी तथा केही सूचनाहरू सो सम्वन्धी विभिन्न अध्ययन प्रतिवेदनहरू मार्फत सङ्‌कलन गरिएको छ ।

वित्तीय पक्षसँग सम्वन्धित सूचनाहरू नगरपालिका कार्यालयको आर्थिक प्रशासन शाखा तथा वित्तिय आयोगको प्रतिवेदन मार्फत प्राप्त गरिएको छ । जसमा नगरपालिकाको आन्तरिक आय (सम्पति कर, वहाल कर, व्यवसाय कर लगायतका अन्य करहरू, विभिन्न खालका सेवा शुल्क, सिफारिस दस्तुर, सम्पति वहाल आदि) तथा स्थानीय विकास मन्त्रालयवाट प्राप्त भई रहेका स्थानीय विकास शुल्क तथा केन्द्रीय निकायहरूबाट प्राप्त भई रहेको विभिन्न अनुदान तथा नगरपालिकामा हुने गरेको चालुखर्च ( प्रशासनिक खर्च, सञ्चालन खर्च अन्य), पुंजिगत तथा विकास खर्च सम्वन्धित तथ्याङ्क तथा सूचना सङ्‌कलनहरू छन् ।

यस योजनाको उपलव्धिको रुपमा रहेका संस्थागत विकास योजना तर्जुमा गर्नको लागि आवश्यक सूचनाहरू जसमा नगरपालिका कार्यालयको प्रशासनिक संरचना, शाखा उपशाखा, कर्मचारीहरू तथा नगरपालिकामा उपलव्ध विभिन्न खाले उपकरणहरू आदिको सूचनाहरू सङ्‌कलन गर्ने कार्य गरिएको छ । यसैगरी नगरपालिका क्षेत्रमा कार्यरत विभिन्न साफेदार संस्थाहरू जस्तैः सरकारी, अर्धसरकारी निकायहरू तथा विभिन्न संघसंस्थाहरू, टोल विकास संस्था आदिका विवरणहरू समेत संकलन गरिएको छ । यसरी सङ्‌कलन गरिएको तथ्याङ्कहरू नगरको वस्तुस्थिति विवरण भाग १ मा दिईएको छ ।

यसरी सङ्‌कलन गरिएका तथ्याङ्क, सूचना तथा श्रोत नक्साहरूको अध्ययन तथा विश्लेषण गर्दै नगरको समग्र एवं दिगो विकासको लागि नगरमा उपलव्ध क्षेत्रगत विषयहरू जस्तैः भौतिक विकास तथा पूर्वाधार विकास, आर्थिक, सामाजिक, समावेशीकरण, गरिवी, वातावरण तथा जोखिम, वित्तीय तथा सस्थागत विकास पक्षसँग सम्वन्धित अवसर, सम्भावना, समस्या र चुनौतिहरू पहिचान गर्ने कार्य भएको छ र यसै

अध्ययन तथा विश्लेषण यस आवधिक योजना तर्जुमा गर्ने एक तथ्याङ्कीय आधार वनेको छ।

माथि उल्लेख भए वमोजिम सहभागितामूलक योजना तर्जुमा पद्धतिमा रही आवधिक योजना तर्जुमा गर्नुपर्ने हुँदा तथ्याङ्कको आधारमा विश्लेषण गरिएका समस्याहरूले नगरवासीहरूको वास्तविक समस्या तथा तत्कालका आवश्कयताहरू प्रतिविम्वीत नहुन पनि सक्दछन् । यसै परिप्रेक्षलाई आधार मानी नगर तथा नगरवासीहरूको वास्तविक समस्या, आवश्यकता तथा स्थान विशेषमा उपलव्ध अवसर तथा सम्भावनाहरू पहिचान गर्न वडाहरूमा कार्यदलको सक्रियतामा वडा भेलाहरू सञ्चालन गरिएका छन् । यसका अतिरिक्त विशेष गरी लक्षित समूहका सरोकार संघसंस्थाहरूसँग प्रत्यक्ष अन्तरक्रिया गरी त्यस्ता समुदाय तथा वर्गका समस्या तथा आवश्कता पहिचान गर्ने कार्यहरू समेत गरिएको छ । यसरी सङ्कलन गरिएका तथ्याङ्कहरूको सक्षिप्त विवारण तल प्रस्तुत गरिएको छ।

भौतिक विकास तथा भौतिक पूर्वाधार

नगर क्षेत्रमा कूल ६८ कि.मि सडक खण्ड मध्ये २१ कि.मी. कालो पत्र, २१.५ कि.मी ग्राभेल र २५ कि.मी कच्ची सडक रहेको छ भने कूल २ कि.मी. लम्वाई ढलमा ८०० मिटर मात्र पक्की ढल निर्माण भएको छ।

खानेपानीको स्रोतको रुपमा ट्युबवेलको पानी प्रयोग गर्ने परिवार संख्या धेरै रहेको छ, पाइपलाईनको प्रयोग गर्ने ज्यादै न्यून रहेको छ।

जलेश्वर नगरपालिकाकाको सूचना केन्द्रले दिएको जानकारी अनुसार, नगरको एक्सचेन्ज क्षमता १५०० रहेको जसमा फोन लाईन जडान १३०० वटा गरेका छन् । अन्य सूचना तथा सञ्चार सेवामा साईवर क्याफे १, जिल्ला हुलाक कार्यलाय १, कुरियर सेवा ३ , साप्ताहिक पत्रिका ६, सार्वजनिक पुस्तकालय १, केवल अपरेटर १ र एफ.एम २ रहेका छन्।

विद्युत सेवाको अवस्था हेर्दा नगरमा राष्ट्रिय प्रसारण लाईन बाट ३५२७ घरपरिवार अथवा ९४ प्रतिशत घर परिवारमा मात्र विद्युत लाईन पुगेता पनि अझ पनि ६.२६ प्रतिशत घर परिवारमा विद्युत सेवा नपुगेको अवस्था छ

सामाजिक क्षेत्र

वि.स २०६८ को घरधुरी सर्वेक्षण अनुसार नगरको कूल जनसंख्या २४,५८२ रहेको छ । जसमा पुरुष जनसंख्या १२,६२४ ,महिला ११,९५८ जनसंख्या रहेको छ । कूल घरधुरी संख्या ३७५२ रहेको छ । नगरमा वासोवास गर्ने जातजातिहरूमा तराई ब्राम्हणको,यादव, तेली आदि वहुल्यता बढी रहेको छ । त्यसैगरी मातृभाषाको आधारमा जनसंख्या हेर्दा नेपाली तथा मैथिली भाषा बोल्नेहरूको जनसंख्या वढी रहको छ।

नगरमा कूल जनसंख्याको ४५ प्रतिशत जनसंख्या साक्षर छन् । जसमा पुरुष ६० प्रतिशत र महिला ४० प्रतिशत साक्षर छन्।

यस नगरपालिकामा ४५ विद्यालयहरू छन् ,उच्च माध्यामिक २ वटा र क्याम्पस १ रहेको छ। प्राय सबै वडाहरूमा प्राथमिक शिक्षाको सुविधा पुगेतापनि उच्च शिक्षा तथा प्राविधिक शिक्षको लागि शिक्षण संस्थाको कमी रहेको छ ।

स्वास्थ्य सेवाको लागि यस नगरपालिकामा १ सरकारी अस्पताल, १ जिल्ला आयुर्वेद केन्द्र १ , आँखा उपचार केन्द्र १ निजी क्लिनिक ४ , गाँउघर क्लिनिक ५ वटा रहेका छन्।

आर्थिक क्षेत्र

श्रमशक्ति र रोजगारीको अवस्था हेर्दा नगरको आधा प्रतिशत भन्दा बढी जनसंख्या आर्थिक रुपले सक्रीय छन् र विभिन्न पेशामा सलग्न रहेका छन् । नगरको पेशागत विवरण हेर्दा भने ३५.५ प्रतिशत जनसंख्या ज्याला मजदुरी गरी आर्थिक उपर्जन गर्ने गरेको २५.७ प्रतिशत जनसंख्या कृषि पेशामा सङ्लग्न रहेको छन् भने जागिर गर्ने २२ प्रतिशत र व्यापारमा १६ प्रतिशत व्यापार व्यवसायमा सङ्लग्न रहेको देखिन्छन् ।

वातावरण तथा जोखिम सम्वन्धी विवरण

त्यसैगरी नगरमा दैनिक ३ मे.ट फोहर निष्कासन हुने गरेको छ । नगरको सरसफाईको लागि नगरपालिकासँग ट्याक्टर १ थान, टीपर १ थान, ठेला १ थान र १३ जना सफाई कर्मचारी रहेका छन् । दैनिक नगरको वजार क्षेत्रमा मात्र नियमित सफाई हुने गरेको र सङ्कलन भएका फोहरहरू विसर्जन गर्न निश्चित ल्याड फिल्ड साइटको नभएको अवस्था छ । हाल फोहर विसर्जन गर्न खाली जग्गा तथा खाल्डाहरूमा पुर्ने गरिएको छ ।

संस्थागत विवरण

नगरपालिका व्यवस्थित रुपले सञ्चालन गर्न नगरपालिकामा हाल ४ वटा शाखा र ८ इकाई रहेका छ त्यसैगरी ५४ जना कार्मचारीहरू कार्यरत छन् ।

वित्तीय विवरण

नगरको आर्थिक श्रोतको रुपमा आन्तरीक आय र बाह्य आय रहेको छ । खर्च चालु र पूँजिगत खर्च हुने गरेको छ । विगत ५ वर्षको २०६३/२०६८ वर्षको आय तथा खर्च विवरण निम्न अनुसार रहेको छ ।

| आर्थिक वर्ष | 2063-2064 | 2064-2065 | 2065-2066 | 2066-2067 | 2067-2068 |
|---|---|---|---|---|---|
| कूल आय | 19561651.3 | 13375130.2 | 50170492.0 | 34608496.6 | 49045967.52 |
| कूल खर्च | 16031734.3 | 14542180.1 | 41846385.5 | 39115855.8 | 57804720.53 |

स्रोतः जलेश्वर नगरपालिका आर्थिक विकास शाखा २०६८

तथ्याङ्क सम्वन्धी विस्तृत विवरण यस आवधिक योजना प्रतिवेदन भाग १ मा दिईएको नगर प्रोफाईलमा दिईएको छ ।

वडा भेला

वडास्तरीय भेलामा विशेष गरी वडागत समस्याको जस्तै सडक, ढल, खानेपानी, स्कुल भवन, स्वास्थ क्लिनिक, वडा कार्यालय, सामुदायिक शौचालय, फोहर व्यवस्थापन, रोजगारी जस्ता पक्षहरू छलफल गरियो । त्यसैगरी वडागत समस्याहरूको पहिचान गरी प्राथमिकता समेत निर्धारण गरिएका छन् । साथै वडागत रुपमा आएका समस्याहरूको परामर्श विज्ञ टोलीका सदस्यहरूले स्थलगत भ्रमणको समेत गरी वडागत योजनाहरू तर्जुमा गरिएका छन् ।

लक्षित वर्ग भेला

नगरमा रहेको महिला, दलित/ जनजाति वर्ग, पछडा वर्ग, समलिंगीहरूको समस्या सङ्कलन गर्न ती समूहहरूको छुटै भेला गरी समस्या सङ्कलन गरिएको थियो । विशेष गरी यी वर्गहरू नगरमा नगरभेलाको कममा ज्यादै न्यून उपस्थितिको कारणले गर्दा यी वर्गहरूको यर्थाथ समस्याहरू थाहा पाउन गाह्रे हुने भएको ले यी वर्गको छुटै भेला आयोजना गरिएको थियो ।

## ३.दीर्घकालीन सोच, अग्रणी क्षेत्र, विषयगत योजना तर्जुमा कार्यशाला गोष्ठी (दोश्रो नगर भेला)

दीर्घकालीन सोच, अग्रणी क्षेत्र, क्षेत्रगत विकास रणनीति तथा सूचक निर्धारणको आधारमा आवधिक योजना तर्जुमा गरिने हुँदा योजना तर्जुमाको चरणमा यसको भूमिका अति नै महत्वपूर्ण हुन्छ । तथ्याङ्क तथा समावेशी सहभागितामूलक छलफलको माध्यमबाट यस नगरको अग्रणी क्षेत्र सहितको दीर्घकालीन सोच निर्धारण गर्न निर्देशक समितिको नेतृत्वमा नगरपालिकाले मिति २०६८। १२।०९ र १० गरी दुई दिने कार्यशालाको आयोजना गरिएको थियो ।

उक्त कार्यशालामा निर्देशक समिति, विषयगत उप-समिति, सवै राजनैतिक दल, विभिन्न वर्ग तथा समुदायका प्रतिनिधिहरू, समाजसेवी, विज्ञ तथा नगर विकाससँग सरोकार राख्ने व्यक्तिहरू बीच वृहद् छलफल गरी सर्वसम्मत अग्रणी क्षेत्र सहितको दीर्घकालीन सोच निर्धारण गरिएको छ र निर्धारण प्रक्रियाको विवेचना तल गरिएको छ ।

**पहिलो दिन**

कार्यशालामा उपस्थित सरोकारवालाहरूलाई नगरको सामाजिक, आर्थिक, भौतिक पूर्वाधार, शहरीकरण, वातावरण, जोखिम, वित्तीय तथा संस्थागत क्षेत्रहरूसँग सम्वन्धित पक्षहरूको जानकारी दिने उद्धेश्य वमोजिम यस योजना तर्जुमाको दौरानमा सङ्कलन गरिएका क्षेत्रगत तथ्याङ्क तथा सूचनाहरूको प्रस्तुति परामर्शदाताद्वारा गरिएको थियो । प्रस्तुतिकै सन्दर्भमा नगर विकासको लागि नगर तथा यसका आसपास ग्रामीण क्षेत्रहरूमा उपलव्ध अवसर तथा सम्भावनाहरू, यसका समस्या तथा चुनौतिका साथै विभिन्न विषयका श्रोत नक्साहरूको समेत प्रस्तुति गरिएको थियो । यसैगरी लक्षित समुदाय तथा वडागत भेलामा पहिचान भएका सवै खाले समस्या तथा आवश्यकताहरू सहभागीहरूलाइ जानकारी गराउन सो विषयको पनि प्रस्तुति गरिएको थियो ।



चित्र नं. १ सहभागिहरुलाई कार्यशालाको उद्देश्यमाथि प्रकाश पार्दै ई दिब्य श्रेष्ठ

यसरी परामर्शदाता मार्फत नगरका विभिन्न पक्षहरू, नगर विकासका अवसर तथा सम्भावनाहरूको वस्तुगत जानकारी गराइए पश्चात प्रथम नगर भेलामा पहिचान भएका यस नगरको आर्थिक विकासका सम्भावित अग्रणी क्षेत्रहरू कृषि तथा कषि उद्योग, धार्मिक पर्यटन केन्द्र के कति कारणले अग्रणी क्षेत्र हुन सक्छन् भनी विज्ञहरूद्वारा कार्यपत्रहरूको प्रस्तुति गरिनुका साथै वृहद छलफल गरिएका थियो ।



चित्र नं.२ कार्यपत्र प्रस्तुतिकरण गर्दै स्थानीय विज्ञहरु

यसैगरी सहभागीहरूलाई जलेश्वर विकासको सन्दर्भमा यहांका राजनैतिक दलको दलीय धारणा बुझ्न राजनैनितक दलका प्रतिनिधिहरू र नगरका पूर्व नगर प्रमुख, नगरका अन्य विज्ञहरूले नगर विकासको सन्दर्भमा अ-आफनो विचार प्रस्तुत गर्नुभएको  थियो ।

**<u>दोश्रो दिन</u>**

सम्भावित अग्रणी क्षेत्रहरू कृषि तथा कृषि उद्योग र धार्मिक पर्यटनको सन्दर्भमा आवश्यक तथ्याङ्क, सूचना तथा विज्ञहरूका तर्कहरू समेत प्राप्त भए पश्चात उक्त सम्भावित अग्रणी क्षेत्रहरूबारे सहभागीहरूको विचार प्राप्त गर्न सबै सहभागीहरूलाई सम्भावित तीन क्षेत्रहरू: कृषि तथा कृषि उद्योग र धार्मिक पर्यटन समूह विभाजन गरी समूह कार्य गराईको थियो । उपलब्ध सूचना तथा विज्ञहरूद्वारा प्रस्तुति माथि समूहगत छलफल गर्दै सम्भावित अग्रणी क्षेत्रलाई अझ परिस्कृत गर्दै सहभागीहरू माझ (plenary) आ-आफनो समूहको प्रस्तुति गरिएको थियो । यसरी भएका प्रस्तुति उपर सबै सहभागीहरू बीच छलफल, वहस तथा आ-आफना विचार व्यक्त गर्दै नगरको आर्थिक विकासको सन्दर्भमा साझा अग्रणी क्षेत्रहरूमा सर्वसम्मत निर्णय भएको थियो । यसका अलावा समूहले नगरको अग्रणी क्षेत्रको प्राप्त गर्ने क्रममा हुन सक्ने समस्या तथा मुद्दा सम्वन्धी गहन छलफल गरी यसको समाधानका लागि सम्भावित योजनाहरू पहिचान गर्ने कार्य गरेका थिए ।

यसैगरी योजना तर्जुमाको लागि गठन भएका विषयतग समितिको नेतृत्वमा आफ्नो विषयसँग सम्वन्धित निकाय, स्थानीय विज्ञहरू र कार्यशालामा उपस्थिति सहभागिहरूलाई सात वटा सूहमा विभाजन गरी आफनो विषयसँग सम्वन्धित विषयगत समस्याहरू तथा मुद्दा सम्वन्धी गहन छलफल गरी यसको समाधानका लागि सम्भावित योजनाहरू पहिचान गर्दै सबै सहभागी उपस्थितिमा छलफल गर्दै अन्तिम योजना पहिचान गर्ने कार्य गरेका थिए ।




***फोटो ३: नगरको विषयगत समस्याहरु सँग छलछल गर्दै सहभागिहरु***

कार्यशालाको अन्तिम शत्रतिर दीर्घकालीन निर्धारण गर्न सहभागीहरू सवैबाट व्यक्तिगत दीर्घकालीन सोच लेख्न लगाईएको थियो । यसरी व्यक्तिगत रुपमा प्राप्त ती सोचहरूलाई २ समूहमा विभाजन गरी

समूहकार्य मार्फत प्रत्येक समूहबाट एक-एक सामूहिक सोच गरी जम्मा दूई वटा सोच प्राप्त गरियो । अन्तमा दुवै समूहका प्रतिनिधिहरू राखी एक समूहको निर्माण गरी उक्त समूहबाट एक साझा सोच लेखन गर्दै अन्तमा **"पवित्र, सुन्दर, हरित, समृद्ध जलेश्वर"** भनि नगरको दीर्घकालीन सोच निर्धारण गरिएको थियो ।

# खण्ड २ नगरपालिकाको दीर्घकालीन सोच तथा सिद्धान्तहरू

## २.१ दीर्घकालीन सोच

**" पवित्र, सुन्दर, हरित, समृद्ध जलेश्वर "**

कुनै पनि क्षेत्रमा योजनावद्ध ढङ्गले विकास गर्दै जाने हो भने सर्व प्रथम त्यस क्षेत्रको भावी विकासको रुपरेखा वा दीर्घकालीन सोचसहित अगाडि बढ्नु जरुरी छ । दीर्घकालीन सोच विना गरिने लगानी कार्यक्रम तथा विकास निर्माणको कार्यहरूले नगरवासीको जीवनमा केही सहजता र सुविधा प्रदान गरिए तापनि यसता किसिमका योजना प्रक्रियाले नगरको दिगो विकासमा खासै टेवा पुऱ्याउदैन । अर्को शब्दमा, नगरको भावी गन्तव्य विना गरिने लगानी कार्यक्रमले आशातीत लाभ हासिल एकातिर गर्न सक्दैन भने अर्कोतिर भविष्यमा नगरको रुप कस्तो हुने हो आर्थिक, सामाजिक, भौतिक, वातावरण आदि दृष्टिले त्यो स्पष्ट हुँदैन । साथै नगरपालिकाको सीमित स्रोत साधनको पनि यस किसिमको प्रक्रियाले प्रभावकारी उपयोग नहुन सक्दछ । तसर्थ सीमित स्रोत साधनवाट अधिकतम लाभ एवम् प्रतिफल प्राप्त गर्न र नगरवासीको जीवनमा सुधार ल्याइ आर्थिक हिसावले समृद्ध नगर वनाउन नगरपालिकाले आफ्नो गन्तव्य निर्धारण गरी सम्पूर्ण विकास निर्माणका गतिविधिलाई उक्त उद्देश्य हासिल गर्ने दिशा तिर उन्मुख गर्नु नितान्त आवश्यक छ ।

जलेश्वर नगरपालिकाको दीर्घकालीन सोच निर्धारण गर्नु अगाडि आर्थिक विकासका पक्षमा विगतका समयदेखिअग्रणी भूमिका निर्वाह गरिएका क्रियाकलापहरू तथा सोको उपलव्धिहरू र अन्य आर्थिक विकासका सम्भावनाका पक्षहरूका लागि स्थानीय तहमा उपलव्ध विभिन्न श्रोत, साधन तथा विकासका गति सँगसँगै सृजित नौला अवसरहरूको समेत अध्ययन, त्यस्ता अवसरहरूलाई आर्थिक विकासमा रुपान्तरण गर्न आईपर्ने विभिन्न मुद्दा, समस्या तथा जोखिम पक्षहरूको समेत गहन विश्लेषण गरी वर्तमान परिवेशमा यस नगरलाई कृषि उद्योग तथा पर्यटन विकासको माध्यमबाट समृद्ध नगर निर्माण गर्न सकिने सोच लिएको छ ।

दीर्घकालीन सोच भनेको नगरको पहिचान नभई अगामी २०/२५ वर्षमा प्राप्त गर्ने लक्ष्य भएको हुँदा यसमा नगरको पहिचान (अग्रणी क्षेत्र) सहितको सोच राखिएको अवस्थामा र यदि समय सापेक्ष अग्रणी क्षेत्र परिवर्तन भएको खण्डमा सोचको शव्दावलीमा समेत परिवर्तन गर्दै जानुपर्ने हुन्छ र यस अर्थमा अग्रणी क्षेत्रको शव्दावली विनाको सोच वढी सान्दर्भिक देखिसोही तर्कमा आधार भएर नगरको पहिचान तथा अग्रणी क्षेत्रलाई दुवैलाई प्रतिविम्वित हुने शव्दहरूलाई मनन गर्दै **"पवित्र, सुन्दर, हरित, समृद्ध जलेश्वर"** भन्ने दीर्घकालीन सोच पारित गरिएको छ ।

जसमा "पवित्र" भन्ने वित्तिकै अदभूत तवरले जल भित्र लुकेर वसेका जलेश्वर महादेव रहेको स्थान र यस नगरको पहिचान दिने हेतुले पवित्र शव्द चयन गरिएको छ । त्यसैगरी "सुन्दर" भन्नाले यहाँ रहेको पवित्र तिर्थस्थलहरू र पोखरीहरू सहितको धार्मिक क्षेत्रहरूको पहिचान दिन खोजिएको छ । त्यसैगरी "हरित" भन्ने वित्तिकै हरियालि वातावरण भन्ने वुझिन्छ जसमा नगर र यसका आसपासका क्षेत्रहरू वाह्रै महिना कृषि उव्जनीका कारण हरित क्षेत्रको रुपमा रहने कृषि क्षेत्रलाई पहिचान गर्न खेजिएको छ भने समृद्ध शव्दले आर्थिक समृद्ध यानिकी कृषि उव्जनीको अधिकतम प्रतिफल प्राप्त गर्न "कृषि उद्योग" भन्ने रहेको छ ।

सोच निर्धारण कार्य सँगसँगै उक्त सोचलाई मूर्त रुप दिने क्रममा सामना गर्नपर्ने समस्या तथा मुद्दा सम्वन्धित वृहद् छलफल गरी सो समाधानको लागि आवश्यक नीति, कार्यक्रम तथा योजनाहरूको समेत पहिचान गरिएको छ । यसका अतिरिक्त नगर विकासका अन्य विषयगत क्षेत्रहरू जस्तैः भौतिक, सामाजिक, वाताविणीय, जोखिम, आर्थिक, वित्तीय तथा संस्थागत पक्षमा भएका सम्भावना, समस्या तथा मुद्दा सम्वन्धित वृहद् छलफल गरी सोको समाधानको लागि आवश्यक नीति, कार्यक्रम, योजनाहरूको पनि पहिचान गरिएको छ । यसैगरी समाजिक विकासको पक्षमा समावेशी तथा लक्षित वर्ग विशेषलाई

समेत प्राथमिकतामा राखी नगरमा वसोवास गर्ने विभिन्न वर्ग, समुदायहरू जस्तैः महिला, वालवालिका, जेष्ठ नागरिक, युवा, दलित, आदिवासी जनजाति, अल्प-सङ्ख्यक, सिमान्तकृत, पिछडा वर्ग, अपाङ्गता, तेश्रो लिंगीहरू, गरिवीका समस्याहरू सम्वन्धी समेत वृहद् छलफल गरी त्यस्ता वर्ग तथा समुदायका समस्याहरूलाई सम्वोधन गर्न आवश्यक नीति, कार्यक्रम तथा योजनाहरूको समेत पहिचान गरी यस नगरको प्रथम समावेशी तथा सहभागितामूलक आवधिक योजना तर्जुमा भएको छ र यसरी नै यस्ता आवधिक योजनाहरू अगामी दिनहरूमा क्रमशः तर्जुमा गर्दै त्यस्ता योजनाहरूको सफल कार्यान्वयन गर्दै यस नगरको दीर्घकालीन सोच **"पवित्र, सुन्दर, हरित, समृद्ध जलेश्वर"** प्राप्त गर्ने दिशातर्फ यस नगरपालिका अग्रसर हुनुपर्नेछ ।

## २.२ नगर विकासका सिद्धान्तहरू

- कुनैपनि विकासका कार्यक्रमहरू नगरबासीको हकहितका लागि हुने भएकाले नगरबासीको खास समस्या तथा आवश्यकता बुझ्न नगरबासीलाई नै संलग्न गराउँदै नगरवासीहरूकै सक्रियतामा नगर विकासका योजना तर्जुमा गर्ने ।
- नगरको दिगो विकासका साथै नगरलाई दीर्घकालीन रुपमा आत्मनिर्भर बनाउन प्राकृतिक श्रोतको अधिकतम प्रयोग गर्ने ।
- स्थानीय रुपमा भएका श्रोत, सीप तथा साधनको बढी उपयोगले मात्र नगरको दिगो विकास सम्भव हुनेहुँदा स्थानीय स्तर मै भएका श्रोतहरूको अधिकतम प्रयोग गर्ने ।
- कुनैपनि विकासको परिणाम आर्थिक गतिविधिमा झल्किने हुँदा आर्थिक विकासलाई टेवा पुग्ने खालका कार्यक्रमहरूमा बढी जोड दिने ।
- पिछडिएका तथा उपेक्षित समुदायमा विकासका तथा उत्थानका निम्ति गैरसरकारी संस्थाहरू बढी प्रभावकारी हुने भएकाले तिनीहरूलाई परिचालन गर्ने ।
- विकास निर्माण कार्यका निम्ति टोल विकास संस्था तथा उपभोक्ता समितिहरूको गठनले निर्माण पछिको व्यवस्थापनमा सजिलो हुनुका साथै भावनामा पनि जागृत हुने भएकाले त्यस्तो कार्यलाई प्रोत्साहन दिने ।
- हरेक वर्ग तथा समूहका समस्या तथा आवाजलाई अघि सार्न समुदायमा आधारित संगठनहरूको विकास गर्ने ।
- हरेक इच्छुक व्यापारी तथा व्यवसायीहरूले अवसर पाउन सकून भनेर सहकारिताको अवधारणा विकास गर्ने ।
- न्युनतम आधारभूत आवश्यकताको परिपूर्तिलाई प्राथमिकता दिने ।
- स्थानीय स्रोत, सीप तथा साधनको परिचालन गरी रोजगारीको अवसरमा अभिवृद्धि गर्ने ।
- राज्यले दिने सेवा र सुविधामाथि सबैको समान पहुंचको सुनिश्चित गर्ने ।
- विकास कार्यका निम्ति सरकारी स्रोत तथा साधन मात्र अपुग हुने भएकाले निजी क्षेत्रको सहभागिता वा लगानीमा जोड दिने ।

# खण्ड ३. नगर विकासका अवसर तथा चुनौतिहरू

## ३.१ नगर विकासका अवसर तथा सम्भावना

दिगो नगर विकासको परिकल्पना गर्दा उक्त क्षेत्रको आर्थिक विकासका पक्षलाई महत्वका साथ हेर्नुपर्ने हुन्छ ।आन्तरिक आय अति नै न्यून रहेको हाम्रा नगरपालिकाहरुले स्थानीय वासिन्दाका न्यूनतम आवश्यकताहरू मात्र पनि व्यवस्था गर्न असमर्थ छन् ।यस्ता आवश्यकताहरू परिपूर्तिको लागि आवश्यक आर्थिक श्रोत परिचालन गर्न यस क्षेत्रका वासिन्दाहरूलाई आर्थिक गतिविधि तर्फ सहभागी गराउनु अति जरुरी हुन्छ । आर्थिक क्षेत्रको अतिरिक्त नगर विकासका अन्य क्षेत्रतर्फ पनि थुप्रै अवसर तथा सम्भावना रहेका छन् साथै यस क्षेत्रमा देखिएका विद्यमान अवसरका तथा चुनौतिहरुको विवेचना तल गरिएको छ ।

### ३.१.१.कृषि तथा कृषि जन्य उद्योगका सम्भावनाहरू

नेपालको अर्थव्यवस्थामा कृषि क्षेत्रको भूमिका र स्थान आफैमा महत्वपूर्ण रहेको तथ्य सर्वविदितै छ । भौगोलिक अवस्थाको साथै सिंचाई, उन्नत मल वीउको उपलब्धता र भूमिको उर्वराशक्तिको कारण तराई प्रदेश नेपालको अन्न भण्डारको रुपमा रहेको छ र जलेश्वर नगरको अर्थ व्यवस्थामा पनि कृषि क्षेत्रको भूमिका र स्थान ठूलो रहँदै आएको छ । कृषिमा आधारित अर्थ व्यवस्थाले भएका क्षेत्रमा कृषि क्षेत्रको उपेक्षा गरेर आर्थिक विकास गर्न सम्भव हुँदैन । बहुसंख्यक नगरवासीहरूको पारिवारिक आय, रोजगारी, उत्पादन आदि कृषिमा नै निर्भर रहेको हुँदा कृषि क्षेत्र नै यस नगरको आर्थिक विकासका मेरुदण्डको रुपमा रहेको छ ।

जलेश्वर नगर महोत्तरी जिल्लाको सदरमुकाम मात्र नभई यस क्षेत्रमा उत्पादन हुने कृषि सामाग्रीहरूको बजारको मुख्य थलोको रुपमा पनि रहेको छ । यस जिल्लाको कूल क्षेत्रफल १००,२०० हेक्टर जमीनमध्ये ६१,७२३ हेक्टर जमीन, अर्थात जिल्लाको ६१.६० प्रतिशत जमीन कृषि योग्य जमीन रहेको छ । यस जिल्ला लगायत नगरक्षेत्रका अत्यधिक जनशक्तिलाई कृषि क्षेत्रले प्रचुर रोजगारी प्रदान गरे तापनि परम्परागत अवैज्ञानिक कृषि प्रणालीमा आधारित खेतीका कारण कम उत्पादन भई आर्थिक स्रोत वृद्धि हुन नसकेको कारण यस क्षेत्रमा बेरोजगारहरू प्रशस्त रहेको अनुमान गर्न सकिन्छ, जसको कारण कृषि मजदुरका रुपमा विदेश पलायन (मुख्यतः भारतको पञ्जाव प्रान्त) हुनुका साथै वैदेशिक रोजगारी (भारत लगायत खाडी मुलुक) मा जानेको संख्या पनि क्रमश: बढ्दै गएको पाईन्छ ।

यस क्षेत्रमा उत्पादन हुने मुख्य बालीहरूमा खाद्यान्न वालीहरू जस्तै धान, मकै, गहुँ, कोदो, फापर, जौ आदि रहेका छन् । नगदे वालीको रुपमा सुर्तीजन्य उत्पादन, उखु, आलु तथा तेलहन जस्तै तोरी, सर्स्यू, आलस आदि, दलहन, तरकारी, फलफूल, मसला रहेका छन् । त्यसैगरी पशुपंक्षीहरूमा गाई, गोरु, भैसी, रांगा, भेडा, घोडा, सुँगुर, कुखुरा, हाँस, परेवा आदि प्रमुख रहेको छ । हालसम्म यी सबै कृषि उत्पादन तथा पशुपालन परम्परागत रुपमा हुँदै आएकोमा यस कार्यलाई वैज्ञानिक र व्यवसायिक रुपमा सञ्चालन गर्न सकेको खण्डमा यस क्षेत्रको आर्थिक समृद्धि हुने सम्भावना छ ।

जलेश्वर नगरपालिका शहरीकरण तर्फ उन्मुख हुँदै गएको कारण कृषि उत्पादनको लागि वृहत जलेश्वर अर्थात जलेश्वर आसपासका गाविसहरू लगायत महोत्तरी जिल्लाको कृषि उत्पादनलाई समेत लिन पर्ने हुन्छ । त्यसैगरी शहरी सेवा तथा सुविधाका कारण यस क्षेत्रमा कृषिमा आधारित उद्योगको सङ्कलन तथा प्रशोधन केन्द्रका साथै व्यापारिक केन्द्रको रुपमा विकास गर्न सकिन्छ । त्यसैगरी कृषि उद्योग स्थापना गर्न कृषि उत्पादनमा वृद्धि हुनु अत्यन्त आवश्यक छ । उत्पादन वढाउन वैज्ञानिक कृषि प्रणाली र कृषिमा व्यवसायिकरण गनु पर्दछ । यस नगरमा सम्भावित उद्योगहरूमा शित भण्डार (Cold Storage - आलु, प्याज लगायत फलफल तथा अन्य तरकारी भण्डारण गर्न सकिने), Rice mill – Sheller rice mill, Wholer rice mill आदिको निर्माणको सभाव्यता रहेको छ, साथै पशुजन्य उद्योग व्यवसाय स्थापना गरी नगरको आर्थिक

विकास गर्न सकिन्छ ।

यस परिप्रेक्ष्यमा नगरलाई कृषि तथा पशुजन्य उद्योगको र व्यापारिक केन्द्रको रुपमा विकास गर्नका लागि हालका पूर्वाधारका साथै सम्भावनाहरूको विश्लेषण गर्न जरुरी हुन्छ । साथै नगरलाई कृषि तथा पशुजन्य उद्योग र व्यापारिक केन्द्रको रुपमा विकास गर्ने क्रममा हाल विद्यमान समस्याहरू र भविष्यमा सामना गर्नुपर्ने/आउन सक्ने चुनौतिहरूको पनि पहिचान गर्न त्यति नै जरुरी हुन्छ । जलेश्वर नगरपालिकालाई कृषि तथा पशुजन्य उद्योग र व्यापारको केन्द्रको रुपमा विकास गर्न सकिने प्रवल सम्भावना रहेको छ ।

### ३.१.२.पशु पालन

नगर लगायत यसको आसपासका विभिन्न गा.वि.सको भू-भागमा अत्यधिक मात्रामा हुने कृषि उत्पादन र यसका आसपासमा पाइने घाँस, पात जस्ता थुप्रै मात्रामा पशु आहार उपलव्ध छ । यसैगरी यस क्षेत्रमा विद्यमान पोखरी, नदी तथा खोलाहरू, नदी तथा खोलाको वगर तथा खेतहरूमा वोरिङ्बाट समेत पानी प्राप्त हुनेहुँदा यस क्षेत्रका low land हरूमा मत्स्यपालनको लागि उपयुक्त जमीनहरू उपलव्ध छन् । पशुपालन यस क्षेत्रका वासिन्दाहरूको अर्को महत्वपूर्ण आर्थिक विकासको गतिविधि हुँदा यस क्षेत्रका वासिन्दाहरूमा यस सम्वन्धी राम्रै ज्ञान रहेको छ । तर यस क्षेत्रमा हुने गरेका पशुपालन व्यवसायिक नभई परम्परागत सिप तथा प्रविधि अनुसार मात्र हुने गरेका छन् । यसरी यस क्षेत्रमा उपलव्ध विभिन्न श्रोतहरूको उपयोग गर्दै व्यवसायिक पशुपालनको लागि राम्रो अवसर रहेको छ । पशुपालनमा बाखा, बोका, हाँस, गाई, भैंसी, कुखुरा, सुँगुर तथा माछापालन आदि प्रमुख रुपमा रहेका छन् ।

### ३.१.३.सिंचाइ

देशकै सिंचित भूक्षेत्रफलको तथ्याङ्क हेर्ने हो भने तराई क्षेत्रका अधिकांश कृषियोग्य भूमिमा सिंचाई पुगेको देखिन्छ । कृषि उत्पादन परिमाण तथा भूमिको उत्पादकत्वमा सिंचाइ सवैभन्दा महत्वपूर्ण पूर्वाधारको रुपमा रहेको तथ्य सर्वविदितै छ । महोत्तरी जिल्लाको नगर क्षेत्र तथा वरपरका गाविसहरूमा जिल्ला सिंचाइ कार्यालयबाट संचालित साना सिंचाइ आयोजना लगायत डिप वोरिङ्ग, ट्युबवेलबाट र सामुदायिक भूमिमा सिंचाइ सुविधा सेक्टर आयोजना आदिले नगरक्षेत्रका कृषियोग्य भूमिमा सिंचाइ सुविधा प्रदान गर्ने गर्दछ । सिंचाइको अन्य स्रोतको रुपमा रातो नदीलाई लिन सकिन्छ जसलाई व्यवस्थित गरी सिंचाइ आयोजना सञ्चालन गर्न सकिने सम्भावना रहेको छ । यस नदीलाई व्यवस्थित गर्न सकिएको खण्डमा नगर तथा आसपासका गाविसहरूमा कृषि उत्पादकत्वमा उल्लेखनीय वृद्धि गर्न सकिने ठूलो सम्भावना रहेको छ ।

### ३.१.४.जनशक्ति

जलेश्वर न.पा को कूल जनसंख्या 24,582 मध्ये ५५.९६ प्रतिशत अर्थात १३,७५७ जनसंख्या १५–५९ उमेर सम्मका रहेको देखिन्छ (स्रोत २०५८ को जनगणना) । यस अर्थमा नगरक्षेत्रको उल्लेखनिय जनसंख्या आर्थिक विकासको लागि परिचालन गर्न सकिने सकीय जनशक्तिको रुपमा रहेको र अधिकांश यस्ता जनशक्तिहरू हाल विशेष गरी कृषि क्षेत्रमै सङ्लग्न छन् । यसरी परम्परागत रुपमा कृषि उत्पादन गर्दै आईरहेका जनशक्तिलाई समय सापेक्ष र वैज्ञानिक कृषि प्रविधिको तालिम, सीप वृद्धि, प्रशिक्षण गर्दै कृषि उत्पादनको बजार प्रवर्धन गर्न सकिएमा उपलव्ध जनशक्तिको उचित सदुपयोग गरी यस नगरलाई कृषि तथा पशुजन्य उद्योग क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।

### ३.१.४.कृषि बजार (मण्डी तथा हाट बजार)

महोत्तरी जिल्लाको सदरमुकाको रुपमा रहेको जलेश्वर नगरपालिकाका अधिकांश नगरवासीहरू कृषि मै निर्भर छन् । साथै जिल्लाका अन्य गाविसहरू अझै ग्रामीण अवस्थामै रहेको र कृषि तथा पशुजन्य उत्पादननै आर्थिक स्रोतको रुपमा रहेको छ । नगरक्षेत्रको हालको शहरीकरणको अवस्था तथा सडक यातायातको सुलभ

पहुँचका कारण यो नगर र यसका वरपरका ग्रामीण भेगका वासिन्दाहरूको लागि कृषि उत्पादनको खरिद र विक्री गर्ने वजार केन्द्रको रुपमा विकासित हुँदै गईरहेको छ । नगरपालिका भित्र हाल वडा नं २ स्थित नगरपालिका कार्यलयसँगै बरुण सरको छेउमा हप्ताको २ दिन (सोमबार तथा शुक्रबार) हाट बजार लाग्ने गर्दछ । त्यसैगरी पशु हाट बजार पनि हप्ताको २ दिन लाग्ने गरेको छ । यस अर्थमा न.पा वरपरका गाँउका वासिन्दाहरूका लागि कृषि उत्पादनको खरिद र बिक्री गर्ने बजारको रुपमा विकास हुँदै गएको छ । भारत र नेपालकै ठूला शहरहरूबाट विभिन्न खालका उपभोग्य सामानहरूको आयात तथा निर्यात गर्ने बजारको रुपमा पनि यस क्षेत्र विकासित हुर्दै गई रहेको छ । जसको उदाहारण स्वरुप न.पा बजार क्षेत्रमा रहेको निर्माण सामाग्री, इलेक्ट्रोनिक तथा फेन्सी सामानका पसलहरूले पनि दर्शाउँछ । कृषि तथा पशुहाटहरूको नियमित सञ्चालन र अन्य पूर्वाधारहरूको विकासको कारण यस नगरपालिकालाई भविष्यमा कृषि तथा पशुजन्य प्रशोधन उद्योगको रुपमा विकास हुनसक्ने गरी कृषि बजारिकरण गर्न सकिने ठूलो सम्भावना रहेको यस अध्ययनले दर्शाउँछ ।

### ३.१.५.सडक यातायात

कुनै पनि क्षेत्रको विकासका निमित्त भौतिक पूर्वाधारहरूको पहुँच त्यस क्षेत्रसम्म पुग्न अति जरुरी हुन्छ । यस अर्थमा महोत्तरी जिल्लाको सदरमुकामका रुपमा रहेको जलेश्वर न.पा लाई कृषि तथा पशुजन्य उद्योग र व्यापार केन्द्रको रुपमा विकास गर्नका लागि नगर क्षेत्र र यस वरपरका गाविसहरूसम्म सडक यातायातको पहुँच हुन जरुरी छ । यस क्षेत्रमा हुने कृषि उत्पादनलाई स्थानीय वजार, नजिकका प्रमुख शहरहरू तथा राजधानी सम्म पहुँच पुऱ्याउन पूर्व पश्चिम राजमार्ग जोड्ने जलेश्वर-जनकपुर-ढल्केवार सहायक मार्ग तथा जलेश्वर-वर्दिवास सडकले प्रमुख भूमिका निर्वाह गरेको छ । जलेश्वरबाट विभिन्न शहरहरू (काठमाण्डौ, विरगंज, भिट्टामोड, जनकपुरसम्म) तथा अन्य गा.वि.स.हरू (नैनही, सुगा, प्रकौली, पिगौना, मटीहानी) मा दैनिक बस सेवा सञ्चालन हुने गरेको छ।

यस अर्थमा नगरपालिका वरपरका गा.वि.सका कृषि तथा पशुजन्य उत्पादनको विक्री केन्द्र र ती क्षेत्रका वासिन्दाहरूका लागि दैनिक उपभोग्य सामानको खरिद तथा अन्य सेवामूलक क्षेत्रको रुपमा पनि जलेश्वर नगरपालिका विकास भई रहेको देखिन्छ । यसका साथै काठमाडौं, जनकपुर, विरगंज जस्ता ठूला शहरहरूसम्म नियमित वस सेवा सञ्चालन हुँदा नगर तथा वरपर क्षेत्रका उत्पादनहरू अन्य क्षेत्रमा सहजै पुऱ्याउन सकिने र नगर क्षेत्रमा आवश्यक वस्तुहरू (जस्तैः निर्माण सामाग्री, इलेक्ट्रोनिक्स सामान आदि) सजिलै आयात हुने गरेको देखिन्छ । जलेश्वर भारत सिमानासँग नजिक भएको कारण भारतसँग पनि व्यापार व्यवसाय विस्तार गर्न सकिने सम्भावना रहेको छ । आगामी दिनमा हुने सिमावर्ति क्षेत्रको विकासको क्रममा भिट्टामोडसम्म सडक विस्तार तथा निकट भविष्यमा बर्दिवाससम्म Broad Gauge Railway सञ्चालन, निर्माण कार्यको अन्तिम चरणमा पुगेको वर्दिवास-काठमाडौं सडक, प्रस्तावित निजगढ-काठमाडौं द्रुत मार्ग ( Frast Track) तथा निजगढ अन्तराष्ट्रिय विमानस्थलका कारण निकट भविष्यमा जलेश्वर नगरपालिका भारतका साथै नेपालका ठूला शहरहरूसँग सडक यातायातको माध्यमबाट सजिलै सम्पर्क हुने देखिन्छ । यस अर्थमा पनि यो नगर कृषिजन्य उद्योग तथा व्यापार केन्द्रको रुपमा विकास हुन सक्ने प्रवल सम्भावना रहेको छ ।

### ३.१.६.विद्युत

महोत्तरी जिल्लाको सदरमुकामको रुपमा यस नगर रहेको हुँदा यहाँ विद्युत सुविधा राम्रो रहेको पाईन्छ । वर्तमान अवस्थामा समग्र मुलुक भरि नै विद्युत सेवा चरम समस्या ग्रस्त छ र यस अर्थमा जलेश्वर नगर मात्र अपवाद हैन तथापी नगर क्षेत्र भएको कारण विद्युतका आधारभूत पूर्वाधार निर्माण भई सकेको हुँदा र सिमावर्ती शहरको कारणले गर्दा कुनै पनि वखत यो सेवामा सुधार हुन सक्ने हुँदा तुलनात्मक न्यूनतम लगानीमा मात्र पनि यस नगरमा विभिन्न प्रयोजनहरूको लागि विद्युत सेवा सजिलै विस्तार गर्न सकिन्छ ।

### ३.१.७.प्रशासनिक सुविधाहरू

सदरमुकामको हिसावले यस क्षेत्रका वासिन्दाहरूको लागि सरकारी सेवा तथा वसोवासका लागि आवश्यक आधारभूत पूर्वाधार तथा सेवा सुविधाहरू प्रदान गर्न सडक, खानेपानी, विद्युत, दूरसञ्चार, सिंचाई, शिक्षण संस्था, स्वास्थ्य संस्था, जिल्ला प्रशासन, अदालत, शान्ति सुरक्षा, कृषि, उद्योग, पशु, भूमिसुधार, भन्सार, वित्तीय संस्थाहरू जस्ता थुप्रै निकायहरू यस नगरमा स्थापना भएका छन् । नगर विकासका आधारभूत तथा अपरिहार्य यस्ता अवसरहरूले यस नगरको समृद्ध विकासमा ठोस योगदान दिन सहयोगी हुनेछ ।

### ३.१.८.बैंक तथा वित्तीय संस्थाहरू

जलेश्वर नगरपालिका नगरपालिका क्षेत्रमा सरकारी तथा निजी सहकारी वित्तिय संस्थाहरूको स्थापना भई सञ्चालनमा रहेका छन् । ती मध्ये अधिकांश वित्तीय संस्थाहरूले नगरक्षेत्र तथा वरपरका गाविसका वासिन्दाहरूलाई सहुलियत दरमा ऋण उपलब्ध गराउँदै आएको देखिन्छ । हालका केही वर्षहरूमा निजी क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरूले नगर क्षेत्रमा लगानी गर्दै आइरहेका छन् । कृषि तथा पशुजन्य उद्योग र व्यापार व्यवस्थापन र प्रवर्धनका लागि आवश्यक आर्थिक पूर्वाधार विकास भई सकेको र उद्योग तथा व्यापार व्यवसाय विस्तार गर्नको लागि लगानी गर्न यस नगरमा बैंक तथा वित्तीय संस्थाहरूको संख्यामा उल्लेखनीय वृद्धि भएको अवस्थामा यस नगरलाई भविष्यमा कृषि तथा पशुजन्य उद्योग प्रशोधन तथा बजार व्यवस्थापन केन्द्रको रुपमा विकास गर्न थप वल पुग्नेछ ।

### ३.१.९.सिमावर्ति क्षेत्र

यो नगरवाट भिट्टामोड भई यो नगरवाट भारतीय सिमावर्ति राज्य विहारको विभिन्न शहरहरूमा आवत जावत गर्न सजिलो मात्र नभई विहार प्रान्तले हालसालै गरेका विकासका उपलव्धीले सिमावर्ति ईलाकाहरूमा थुप्रै विकासका परिवर्तनहरू आइरहेका छन । यसरी सिमावर्ति क्षेत्रमा निकट भविष्यमा निर्माण हुने विकासका पूर्वाधारहरू यस नगरको विकासको लागि पनि महत्वपूर्ण अवसरहरू हुनेछन् ।

### ३.१.१०.कृषि तथा पशुजन्य उद्योगमा आधारित व्यापार व्यवसाय

यस नगर तथा यसका आसपासका गा.वि.स.हरूमा कृषिजन्य सामाग्रीहरू (अन्न, तरकारी, फलफूल, पशुपन्छी तथा माछा आदि) राम्ररी नै उत्पादन भई रहेको छ । तर कृषि सामाग्रीहरूको वेच विखनवाट हुने गरेको आम्दानी भन्दा कयौं गुणा बढी आम्दानी त्यस्ता सामाग्रीहरूको प्रशोधन वापत प्राप्त गर्न सकिने तथ्य सर्वविदितै छ । तर यस नगरमा कृषि प्रशोधन गर्ने विभिन्न प्रकारका उद्योगहरूको नहुँदा यस्ता कृषिजन्य उत्पादित सामाग्रीहरू नजिककै अन्य ठूला शहर तथा सिमावर्ति शहरहरूमा समेत निर्यात भई त्यस क्षेत्रका व्यापारिक समुदायहरूवाट अधिकतम लाभ लिने कार्य भई रहेको छ ।

जलेश्वर नगरपालिकामा कृषिजन्य उद्योग तथा व्यापारको लागि आधारभूत पूर्वाधार तथा सेवा सुविधाहरू हाल उपलब्ध भएको र यस्ता पूर्वाधार तथा सेवा सुविधाहरूको विस्तार गर्न खासै समस्या नभएको हुँदा तुलनात्मक रुपले कम लगानीमा आर्थिक समृद्धको हिसावले यस नगरलाई अन्य क्षेत्रको भन्दा कृषि उद्योगको क्षेत्रमा विकास गर्न सकिने प्रवल सम्भावना रहेको छ । यसरी यस नगरलाई कृषि उद्योगको रुपमा विकास गर्ने हो भने यस नगरका आसपासका गा.वि.स.हरूमा व्यवसायिक कृषि उत्पादन मार्फत हालको उत्पादन भन्दा कयौं गुणा वढी कृषि सामाग्रीहरूको उत्पादन हुनगई कृषि उद्योगको लागि आवश्यक कच्चा पदार्थमा समेत अत्यधिक वृद्धि गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।

### ३.१.११ वस्ती विकास

जिल्ला सदरमुकाम तथा नगरपालिका समेत रहेको हुँदा मानव वसोवासको लागि आवश्यक भौतिक, सामाजिक पूर्वाधार तथा सेवा सुविधा र आर्थिक गतिविधि सञ्चालनको लागि यस नगरमा थुप्रै अवसरहरू उपलब्ध छन् । यसका अलावा नगर क्षेत्रमा अझ पनि करिव थुप्रै वसोवास योग्य खाली जमीन रहेका छन् । आर्थिक विकासले गति लिन थालेमा यस्ता जमीनमा मानव वसोवासको लागि आवश्यक थुप्रै गतिविधिहरू

सञ्चालन गर्न सकिन्छ ।

### ३.१.१२ धार्मिक पर्यटन

जानकी मन्दिर, राममन्दिर, विवहा मण्डप, धनुषाधाम तथा विभिन्न ऐतिहासिक एवं पौराणिक मठ मन्दिरहरूका कारण हिन्दु धर्मालम्वीहरू जनकपुर लगायत यस आसपासका धार्मिक क्षेत्रहरूमा दिनहुँ हजारौं धार्मिक पर्यटकहरू आउने गर्दछन् । जनकपुरको जति धार्मिक महत्व रहेको छ, जलेश्वर क्षेत्र पनि धार्मिक दृष्टिकोणले महत्वपूर्ण रहेको छ । यस क्षेत्रको धार्मिक महत्व बारे पुराणमा नै उल्लेखित भएको र संसारमै जल भित्र रहने एक मात्र महादेव मन्दिर जलेश्वर महादेव लगायत यस आसपासमा रहेका मटिहानी, सोनामाई स्थान, टुटेश्वर, पन्चचुरा माई स्थान, परौल स्थान, सुन्दरपुर जस्ता धार्मिक तथा सांस्कृतिक महत्वका स्थानहरू यस नगरभित्र पर्दछन् भने मिथिला परिक्रमाको लागि यस नगरका धार्मिक स्थलहरू उतिकै महत्व रहेको छ । जनकपुरसँग जलेश्वरको निकटताको कारण जनकपुरमा आउने पर्यटकहरू मध्ये केही प्रतिशत मात्र आन्तरिक तथा बाहृय पर्यटक यस नगरमा भिऱ्याउन सकेमा पनि धार्मिक क्षेत्रको विकासले यस क्षेत्रको आर्थिक विकासमा थप वल मिल्ने प्रवल सम्भावना रहेको छ ।

जलेश्वर नगरमा धार्मिक पर्यटन उद्योगको प्रचूर सम्भावना बोकेको तथ्य निम्न आधारहरूवाट पनि स्पष्ट हुन्छ ।

१ धार्मिक, ऐतिहासिक, साँस्कृतिक र पुरातात्विक स्थल र क्षेत्रहरू

२. साँस्कृतिक गतिविधि र मिथिला कला

३. वन्यजन्तु र जैविक विविधता

४. स्थानीय वासिन्दाको रहनसहन जीवनशैली

५. कृषि पर्यटन

## ३.२ नगर विकासका प्रमुख चुनौति तथा समस्याहरू

कृषि तथा पशुजन्य उद्योगको तथा व्यापारको दृष्टिकोणले राम्रो सम्भावना युक्त नगर भए तापनि यस क्षेत्रको आर्थिक उन्नतिमा गर्न नगरबासीहरू माफ निम्नलिखित समस्या रहेको देखिन्छ :

### ३.२.१.कृषि उत्पादन

जलेश्वर नगर तथा यसका आसपासका गा.वि.स.हरूको अर्थ व्यवस्थामा कृषिको प्रमुख भूमिका र स्थान रही आएको सर्वविदितै छ । कृषिजन्य उत्पादनको लागि यो नगर तथा यसका आसपासका क्षेत्रमा थुप्रै अवसरहरू रहेको र यस क्षेत्रका वहुसङ्ख्यक वासिन्दाहरूको पारिवारिक आय, रोजगारी, उत्पादन आदि पनि कृषिमा नै निर्भर रहे तापनि वैज्ञानिक प्रविधिको प्रयोग नहुँदा कृषिजन्य उत्पादनमा बृद्धि नहुनु र उत्पादित वस्तुको व्यवसायीकरण गरी आर्थिक विकास गर्न नसक्दा यसबाट खासै उपलव्धि हासिल गर्न सकिएको देखिदैन र यसो हुनुमा निम्न समस्याहरू रहेको पाईन्छ :

**जनसंख्याको चाप**

जनसंख्याको वृद्धि र वैकल्पिक आय आर्जनका उपायहरूका अभावका कारण कृषि क्षेत्रमा आवद्ध हुने जनसंख्याको चाप दिनानुदिन वढ्दो छ । यसैगरी पारिवारिक अंशवण्डाको कारण एकातर्फ खेती योग्य जमीन क्रमशः टुक्रिदै जानु र अर्को तर्फ टुक्रिएको जग्गामा आधुनिक प्रविधि प्रयोग गर्ने सम्भावना न्यून हुने हुँदा व्यवसायिक कृषि उत्पादनको लागि समस्या रहेको छ । जसले गर्दा कृषि उत्पादनको लागि सानो टुक्रा

जमीनमा आवश्यकता भन्दा अधिक श्रमशक्ति प्रयोग हुनजानुका साथै उत्पादन घट्न गएको छ भने अदृष्य वेरोजगारहरूको सङ्ख्या क्रमिक रुपले वढ्दो छ ।

**परम्परागत प्रविधिको प्रयोग**

उत्पादन वृद्धि नहुनाका धेरै कारणहरूमध्ये परम्परागत प्रविधिको प्रयोग पनि एक हो । गरिवीका कारण पनि कृषक परिवारले नयाँ प्रविधिको प्रयोग गर्न सकिएको छैन । थोरै क्षेत्रफल खेतमा धेरै श्रम, कम उत्पादन, कम आय र कम वचतका कारण तिनीहरू आधुनिक प्रविधिको प्रयोग गर्न असमर्थ रहेका छन् ।

**सिंचाइको अपर्याप्तता**

यहाँको खेतीपाती अझै पनि आकाशे पानीमा निर्भर रहेको कारण कृषि उत्पादन आशातित रुपमा वढ्न सकिराखेको देखिदैन । खेती गरिएको सवै जग्गामा सिंचाइको सुविधा उपलब्ध हुन सकेको छैन र अधिकांश भू-भागमा गरिने खेती मनसुनमा नै निर्भर रहनु पर्ने वाध्यता रहेको छ । आधुनिक तरिकाले खेती गर्न उन्नत बीउ विजनको प्रयोग गर्नु पर्दछ भने किटनाशक औषधी बेलाबेलामा छर्कनु पर्ने हुन्छ र रासायनिक मल आवश्यक मात्रामा प्रयोग गर्नुपर्ने हुन्छ तर यति गर्दागर्दै पनि पानीको व्यवस्था गर्न सकिएन भने यी सवैमा गरिएको लगानी खेर जाने सम्भावना हुन्छ । यसका लागि नगरमा सिंचाईका थुप्रै अवसरहरू उपलव्ध हुँदा पनि वित्तीय श्रोतको अभावमा यस्ता अवसरहरूको सदुपयोग गर्न सकिरहेको छैन ।

**३.२.५.कृषि ऋण**

विभिन्न वित्तीय संस्थाहरू मार्फत कृषिजन्य ऋण उपलब्ध हुन सकिने भएतापनि त्यस्ता ऋण सहज प्रकारले उपलब्ध भएको देखिदैन । अनिवार्य रुपले धितो राख्नु पर्ने, चर्को व्याजदर आदिका कारण यस्ता ऋणसहज र सुलभ नहुनु कृषकहरूका लागि एक समस्याको रुपमा रहेको छ । वैज्ञानिक कृषि प्रणाली तथा कृषिजन्य उत्पादनका ज्ञानको अभाव तथा समय समयमा आउने प्राकृतिक प्रकोप (जस्तैःबाडिबाट कृषि क्षेत्रमा हुने नोक्सान) का कारण वर्षेनी कृषि उव्जनीमा ठूलो नोक्सानी हुने गरेको छ । यसरी कृषिजन्य उत्पादनमा समय समयमा हुने गरेका विभिन्न खाले समस्याहरूले कतिपय अवस्थामा कृषकहरूद्धारा लिईएका ऋण तिर्न नसकिएका थुप्रै उदाहरणहरू समेत छन र कृषिजन्य उत्पादनको विमा नहुँदा कृषकहरू अति मारमा परेको अवस्था समेत अध्ययनका क्रममा देखिएको छ । तसर्थ सहज तथा सुलभ ऋण र कृषिजन्य उत्पादनको विमा कृषि उत्पादनको लागि अर्को एक समस्या तथा चुनौति वनेको छ ।

**३.२.६.चरम गरिवी**

कृषि क्षेत्रमा उत्पादन वृद्धि गर्ने लक्ष्य भए तापनि गरिवीका कारण कृषकहरूले आवश्यक मात्रामा लगानी गर्न नसक्दा उत्पादन वृद्धि गर्न सकिराखेको देखिदैन । अत्यधिक जनसंख्या गरिवीको दुषचक्रमा फँसिराखेको कारण आन्तरिक लगानीबाटमात्रै कृषि क्षेत्रमा विकास गर्न सकिने अवस्था छैन र यसकालागि वाह्य लगानी (यस नगर वाहेकका मुलुकको अन्य क्षेत्रको) अति आवश्यक छ । तर त्यस्तो लगानी तत्कालै यस क्षेत्रमा भित्रिने सम्भावना पनि कम देखिन्छ ।

**३.२.७.कृषि पूर्वाधारको कमी**

कृषि पूर्वाधार अन्तर्गत यातायात, वजार, भण्डारण आदिलाई लिन सकिन्छ । जलेश्वरमा आवश्यक मात्रामा कृषि उत्पादनको लागि भण्डारण गर्न सकिने कोल्ड स्टोरेजको अभाव महसुस गरिएको छ भने उत्पादित कृषि उपजको बेच विखनको लागि आवश्यक वजार पनि समस्याकै रुपमा विद्यमान रहदै आएको छ । दलालले सस्तो मूल्यमा उत्पादित सामानलाई खरिद गरेर लैजाने भएकोले गरीव किसानहरूले आफ्नो परिश्रमको उचित एवम् न्यायोचित प्रतिफल प्राप्त गर्न सकेको देखिदैन् । यसको साथै गरीव किसानहरूमा शिक्षा, चेतना, सूचना आदिको अभाव एवम् कमीका कारण आफ्नो उत्पादनलाई राम्ररी छनौट गरी उचित मूल्य

निर्धारण गरी कहाँ महगो छ अर्थात् कहाँवाट वढी पैसा प्राप्त हुन्छ त्यहाँ लगेर बेच्न सक्ने क्षमताको विकास भएको देखिदैन । गरिव किसानहरू एक आपसमा एक जुट वा ढिक्का हुन नसक्दा पनि श्रमको न्यायोचित प्रतिफल प्राप्त गर्न असमर्थ रहेको देखिन्छ ।

### ३.२.८.उद्योग

उद्योगका लागि आवश्यक आधारभूत पूर्वाधार तथा अन्य सुविधा उपलव्ध भई कृषिजन्य उद्योग सञ्चालनका लागि थुप्रै सम्भावनाहरू भए तापनि यस नगरमा निकै कम संख्यामा साना तथा मझौला उद्योगहरू स्थापना भएको पाइन्छ र यस नगरको अग्रणी क्षेत्रको रुपमा निर्धारण गरिएका कृषि उद्योग स्थापना गर्न विभिन्न समस्याहरू विद्यमान रहेका छन् । उद्योग स्थापना गर्न आवश्यक पूँजी, उद्योगको रजिट्रेशन र नवीकरणमा झन्झट, कच्चा पर्दथको अभाव, त्यसैगरी भौतिक पूर्वाधार (सडक, विद्युत, सञ्चार, पानी) लगायत दक्ष प्राविधिक एवम् तालिम प्राप्त जनशक्तिको कमी तथा वजारीकरण जस्ता समस्याहरू आउने गरेका छन् । त्यसैगरी उद्योगपतिहरूलाई केन्द्र लगायत स्थानीय निकायहरूवाट लगाइने कर, अन्तशुल्क, भन्सार लगायतका प्रशासनिक झमेला, सिमापारीबाट मालसामानहरू विना भन्सार अनियन्त्रित रुपमा भित्रिनु, औद्योगिक प्रतिष्ठानहरूमा हुने गरेका राजनीतिकरण, विग्रदो/खस्कदो शान्ति सुरक्षा तथा श्रमिकहरूको आन्दोलन जस्ता कारणहरूले लगानी कर्ताहरू मुलुक भर नै यस क्षेत्रमा लगानी गर्ने असुरक्षित महसुस गर्न थालेका छन् । नगर क्षेत्र र उद्योगको आधारभूत पूर्वाधार उपलव्ध हुँदा समेत यस नगरमा उद्योगको विकास नहुन नसक्नुका साथै थप नयाँ उद्योग स्थापना नहुनुको लागि देखिएका समस्याहरू मध्ये केही समस्याहरू तल विवेचना गरिएको छ ।

#### प्रशासनिक एवम् नीतिगत समस्या

केन्द्रीय सरकारले तर्जुमा एवम् लागु गर्ने नीति कुनै स्थान विशेषको वा नगरपालिकाको लागि मात्र हुने नभई समग्र मुलुकको लागि हुने भएकोले यस शीर्षक अन्तर्गतका माथि उल्लेखित समस्याहरू जस्तै कर, भन्सार, अन्तशुल्क, रजिष्ट्रेशन, नवीकरण आदि पक्षमा मिनाह, छुट जस्ता सुविधाहरू स्थानीय तहमा चाहेर मात्र पनि दिन सकिने स्थिति छैन तर यसका प्रक्रियागत पक्षमा भने सुधार अवश्य गर्न सकिन्छ । यस्तै सिमापारीवाट भन्सार नतिरी निर्वाध रुपमा नगर क्षेत्रमा भित्रिने सामानहरूको सन्दर्भमा यदि भन्सार कार्यालयसँग आवश्यक जनशक्तिको व्यवस्था भई कर्मचारीहरूलाई पुरस्कार, प्रोत्साहन तथा सजायको व्यवस्था हुँदो हो त यस्ता अवैध सामानहरू नियन्त्रण गर्न सकिने गुञ्जायस पनि प्रशस्त छ ।

#### विग्रंदो शान्ति सुरक्षा

दश वर्षे लामो आन्तरिक जनयुद्धले देशको सवै क्षेत्रहरू, विशेषगरी उद्योग, व्यापार, पर्यटन क्षेत्र नराम्ररी धराशायी हुन पुगेको अवस्थामा जलेश्वर नगर क्षेत्रमा भएका उद्योगहरूमात्र अपवादको रुपमा रहने कुरै आउँदैन । द्वन्द्व पश्चात शान्ति सम्झौता भई सकेपछि र संविधान सभाको निर्वाचन, नयाँ सरकारको गठन र त्यसपछिका वर्षहरूमा तराई क्षेत्रमा भएका राजनीतिक अशान्तिले शान्तिको आशा गरी बसेका सवै वर्गको इच्छामा तुषारापात हुन पुगेको छ । यस्तो स्थितिमा भई रहेको उद्योगमा थप लगानी गर्न तथा नयाँ उद्योग स्थापना गर्न लगानी कर्ताहरूले जोखिम उठाउने त कुरै छाडौं भएका उद्योगहरू पनि सुचारु रुपमा सञ्चालन गर्न नसकेको अवस्था सिर्जना हुन पुगेको छ ।

#### भौतिक पूर्वाधार

सडक, बाटोघाटो, विद्युत, सञ्चार, पानी जस्ता औद्योगिक विकासका अति आवश्यक पूर्वाधारहरू मध्ये विद्युत सेवा प्रमुख समस्याको रुपमा रहेको छ । वढ्दो विद्युत कटौती (लोड सेडिङ्ग) का कारण दैनिक जनजीवनमा प्रतिकूल असर पारेको बारे कोही अनभिज्ञ छैन तर औद्योगिक क्षेत्रमा समेत यसको नराम्रो असर पर्ने भएकोले आर्थिक विकास गरी जीवन स्तर उकास्ने र गरिवी घटाउने कार्य जस्तो पुनितः कार्यहरूमा समेत उद्योगको

विकास नभई नकारात्मक असर पारिरहेको सर्वविदित छ । ठूला ठूला उद्योगहरूले त आफ्नै खर्चमा वैकल्पिक विद्युत अर्थात् जेनेरेटरको माध्यमबाट पनि आफ्नो समस्या समाधान गर्न सवल र सक्षम होलान् । तर कम पूँजीवाट सञ्चालनमा आईरहेका साना तथा मझौला खालका उद्योमीहरूले न त जेनेरेटर किन्न सक्दछन न त विद्युतको सुविधा प्राप्त रहेका अन्य क्षेत्रमा आफ्नो उद्योगलाई स्थानान्तरण गर्न सकिन्छ । तसर्थ, यस्ता उद्यमीवर्गहरूको लागि पूर्वाधार सुविधा अति जरुरी र महत्वपूर्ण रहन्छन ।

यसका अतिरिक्त, जलेश्वर नगरपालिका वरपरका गाविस तथा अन्य ठूला शहरहरूसम्म सडक यातायातको व्यवस्था भए तापनि नगरक्षेत्रमा सडकको अवस्था त्यति राम्रो देखिदैन । जलेश्वर देखि जनकपुरसम्म पुग्ने १७ कि.मि र जलेश्वर देखि वर्दिवास पुग्ने मुख्य सडकहरूको अवस्था ज्यादै दयनिय रहेको छ । जसको कारण नियमित यातायातमा समस्या देखिन्छ, साथै उपभोग्य सामाग्रीहरूको ढुवानीमा पनि समस्या र जोखिम हुने गरेको छ । यसका साथै नगरपालिकाबाट वरपरका गाविसहरूमा जोड्ने सडकहरूको अवस्था पनि दयनीय रहेको छ । वरपरका अन्य गाविसहरूमा अझै पनि कच्ची सडकहरूमात्र रहेको छ । यसै कारण कृषि तथा पशुजन्य उत्पादनको पहुँच बजार सम्म अझै सुलभ रुपमा पुग्ने नसकेको अवस्था छ । यहाँ स्थापना गरिने कृषि उद्योगको लागि आवश्यक कृषि उत्पादन यसका आसपासका गा.वि.स.हरूवाट ल्याउन पर्ने र जलेश्वर नगरपालिका महोत्तरी जिल्लाको अन्तिम पुच्छारमा परेको हुँदा यस्ता गाविसहरूसँग जोडने सडकको विस्तार तथा विकास हुन नसकेमा यसका वरपरका स्थानमा उत्पादन भएका कृषि सामाग्रीहरू अन्यत्रै निर्यात भई यहाँ स्थापना हुने उद्योगहरूको लागि कच्चा सामाग्रीको अभाव हुनगई यस क्षेत्रको कृषि तथा पशुजन्य उद्योग तथा व्यापारको लागि ठूलो चुनौति हुने सम्भावना पनि रहेको देखिन्छ ।

### औद्योगिक पूर्वाधार

भौतिक पूर्वाधारहरूको अलावा औद्योगिक पूर्वाधारहरूमा कच्चा पदार्थको उपलब्धता, पूँजी, वजार, गुणस्तर मापदण्ड, ब्राण्ड लगाउने, तालिम, सूचना प्रवाह गर्ने आदि पक्षलाई पनि यस पूर्वाधारमा समेटने प्रयास गरिएको छ । बैंकहरू मार्फत उद्योग विकासको लागि सहज किसिमले औद्योगिक ऋण प्रवाह भई रहेको स्थिति देखिंदैन र कच्चा पदार्थ आयात गरी सञ्चालन गर्नुपर्ने उद्योगहरूले कच्चा पदार्थको समस्या भोगिरहेका छन् भने औद्यागिक उत्पादनहरूको ब्राण्डिङ्ग गर्न नसक्नु र गुणस्तर निर्धारण गर्न नसक्नु पनि एक अर्को समस्या रहेको छ । उत्पादित वस्तु विक्रीको लागि वजार प्राप्त गर्ने कार्यमा पनि हाल समस्याको रुपमा देखिएको छ र वजारको अभावमा कुनै पनि उद्योग दिगो हिसावले चल्न सक्दनैन् । वजार विस्तार गर्ने कार्यमा वजार सम्वन्धी सूचनाको निरन्तर प्रवाहले महत्वपूर्ण भूमिका खेल्ने भए तापनि यस किसिमको सूचना प्रवाह यहाँ नरहेको पाईन्छ । यसरी नै परम्परागत उद्योगहरूको पहिचान गरी परिभाषित एवं वर्गीकरण गरी संरक्षण र सम्वर्द्धनको लागि कुनै कार्य नभएको स्थिति छ । यी समस्याहरू मध्ये केही समस्याहरू स्थानीय स्तरमा समाधान गर्न सकिन्छ भने कतिपय समस्याहरू केन्द्रीय स्तरवाट मात्र समाधान गर्न सकिने खालका छन् ।

### अव्यवस्थित शहरीकरण

अनियन्त्रित शहरीकरण, पूर्वाधारमा वढ्दो जनसंख्याको चाप, आकासिंदो जग्गाको मूल्य आदि नेपालका शहरहरूको सामूहिक वा साझा विशेषताहरू हुन् भन्नुमा अत्युक्ति नहोला । औद्योगिक विकासको लागि थुप्रै जग्गा चाहिने र दिनानुदिन महँगो हुँदै गई राखेको जग्गाको मूल्यले सम्भाव्य लगानी कर्ताहरूलाई यस नगरमा उद्योग स्थापना गर्न प्रोत्साहन प्रदान नगरेको देखिन्छ । वास्तवमा जग्गाको मूल्य पनि अन्य सामानको मूल्य जस्तै माग र आपूर्तिमा निर्भर रहने भएकोले मागको तुलनामा आपूर्ति कम भएपछि स्वतः त्यसको भाउ वढ्नु स्वभाविक हो । तर यस किसिमको वढ्दो जग्गाको मूल्यलाई कसरी नियन्त्रण गर्न सकिन्छ त्यो नै समस्या भएको छ । योजनावद्ध ढंगवाट शहरीकरण गर्ने हो भने उद्योगको लागि छुट्टयाइने औद्योगिक क्षेत्रमा सहज र तुलनात्मक हिसावले सस्तो जग्गा उपलब्ध गराउन सकिने सम्भावना रहन्छ ।

शहरीकरण प्रक्रियासँगै नगर क्षेत्र भित्रको जग्गा जमीनको मूल्य आकासिँदै जाने असम्भव विषय होईन र यस अर्थमा नगर क्षेत्रको भूभाग आर्थिक दृष्टिकोणले कृषिजन्य उत्पादन भन्दा कृषिजन्य प्रशोधन औद्योगिक

क्रियाकलापहरूको लागि उपयुक्त एवं सान्दर्भिक हुन्छ । यसरी यस नगरलाई कृषिजन्य उद्योगको स्थापना मार्फत आर्थिक हिसावले सवल वनाउन शान्ति सुरक्षा, विद्युत, उद्योगमैत्री पूर्वाधार तथा लगानीको वातावरण, सीपमूलक जनशक्ति जस्ता सवालहरूको भूमिका अहम् रहेका छन् । यस सवाललाई सकारात्मक दृष्टिकोणले कसरी सम्बोधन तथा समाधान गरी वाह्य लगानी आकर्षित गर्ने भन्ने प्रश्न स्थानीयवासीहरूको लागि गम्भीर चुनौति रहने छ ।

**श्रमिकहरूको राजनीतिकरण**

मजदूरहरूमा आएका चेतनाको विकासले गर्दा आफ्नो पेशागत हक हितको लागि संघ संगठन खोल्ने परिपाटी अत्यधिक वढेको छ र यस्ता संगठनहरूले श्रमिकहरूको हक हित तथा सुरक्षाको नाममा विभिन्न खाले दवाव सिर्जना गर्दा दुवै पक्षलाई हानी र नोक्सानी भईरहेको छ ।

**जनसंख्या/जनशक्ति पलायन**

जनसंख्याको तथ्याङ्क अनुसार कूल जनसंख्याको ५५.९६ प्रतिशत जनसंख्या सक्रिय जनशक्तिको रुपमा रहेको जलेश्वर नगरपालिकामा कृषि क्षेत्रमा पर्याप्त जनशक्तिको सम्भावना रहेको देखिन्छ । यद्यपि यर्थाथमा हेर्ने हो भने कृषि उत्पादनको विक्री वितरणका लागि भौतिक पूर्वाधारको विकासको कमी, वैज्ञानिक कृषि प्रणालीको प्रयोगमा कमीका साथै उचित बजार व्यवस्थान र हालका केही वर्षहरूमा तराई क्षेत्रमा फैलिएको हिंसा तथा द्वन्द्वका कारण नगरक्षेत्रका यस्ता उल्लेखनीय जनशक्ति प्रति वर्ष भारतका विभिन्न राज्यहरूमा कृषि मजदुरका रुपमा पलायन हुने गरेको अध्ययनले दर्शाउँछ । हालका केही वर्षहरूमा भारतमा मात्र नभई धेरै जनसंख्या खाडी मुलुकहरूमा रोजगारीका लागि जाने गरेको देखिन्छ । यसैकारण भविष्यमा नगरपालिकालाई कृषि तथा पशुजन्य उद्योग केन्द्रको रुपमा विकास गर्नका निमित्त पर्याप्त दक्ष जनशक्तिको कमी हुनसक्ने सम्भावनालाई पनि नकार्न सकिदैन । यस अर्थमा शान्ति सुरक्षाको प्रत्याभूति हालको अवस्थामा नगर विकासको लागि अत्यावश्यक छ । साथै नगरक्षेत्र तथा वरपरका गाविसहरूमा रहेका जनशक्तिलाई वैज्ञानिक कृषि प्रणालीको ज्ञान र उचित वजार व्यवस्थापनको सुविधाका साथै आयआर्जनका अवसरहरू दिएर छिमेकी मुलुक र अन्य खाडीलगायतका मुलुकमा पलायन हुनवाट रोक्न सक्नु हालको अवस्थामा ठूलो चुनौतिको रुपमा रहेको छ ।

## ३.२.९ धार्मिक पर्यटन

दिनहुँ हजारै धार्मिक पर्यटकहरू जलेश्वर भिट्टामोड हुँदै जनकपुर लगायतका विभिन्न क्षेत्रहरूमा आउने गरेको साथै थुप्रै नेपालीहरू विभिन्न प्रयोजनका लागि जलेश्वर क्षेत्र हुँदै मित्र राष्ट्र भारत जाने गरेका छन् । जलेश्वर नगरमा पनि ऐतिहासिक तथा पौराणिक धार्मिक स्थल रहे तापनि यसका समग्र विकास तथा प्रचार प्रसारको अभावले गर्दा यसै क्षेत्र भएर जाने अधिकांश पर्यटकहरूलाई पनि यस क्षेत्रको धार्मिक महत्व वारे खासै जानकारी नभएको अवस्था छ । यहाँको धार्मिक र ऐतिहासिक सम्पदाहरूको संरक्षण तथा विकास नहुनु, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा जलेश्वरनाथ महादेवको महत्व र पहिचानको प्रचार प्रसार गर्न नसक्नु लगायतका समस्याहरूले गर्दा यस क्षेत्रको धार्मिक पर्यटन क्षेत्र ओभ्फेलमा परेको छ ती समस्या मध्ये केहीलाई तल विवेचना गरिएको छ ।

**शान्ति सुरक्षा**

दश वर्ष लामो द्वन्द्व पछि शान्ति प्रक्रियामा देशले पाइला टेक्न थाले पनि मुलुकको राजनीतिक अस्थिरता, विग्रदो शान्ति सुरक्षा आदि कारणले गर्दा देशको पर्यटन व्यवसायमा दूरगामी नकारात्मक असर पारेको छ । कुनै पनि देशको पर्यटन विकासमा शान्ति सुरक्षाले महत्वपूर्ण भूमिका खेल्ने विषयमा कसैको दुई मत नहोला । द्वन्द्व कालमा पर्यटकहरूको आगमन नभएपछि होटल व्यवसायीहरूले व्यहोर्नु परेका आर्थिक नोक्सानी सवैको सामु छर्लङ्ग छ । विदेशीहरू माझ सानो अस्थिरताको समाचारको सम्प्रेणले पनि भूईँचालो ल्याइ दिन्छ र पोखरीमा ढुङ्गा फ्याँक्दा लहर वढ्दै गए जस्तो सवैमा डर त्रास फैलिन पुग्दछ र

त्यस्तो देशमा कोही पनि पर्यटक आफ्नो जीउ ज्यानलाई खतरामा पारेर घुम्न आँउदैनन् । तसर्थ पर्यटनको विकासको लागी शान्ति र सुरक्षा एक अपरिहार्य विषयवस्तु रहेको छ र शान्ति र सुरक्षा कायम गर्नु कुनै पनि देशको प्रमुख दायित्व हुन आउँछ ।

### धार्मिक सम्पदाहरूको संरक्षण एवम् सम्वर्द्धन

भौतिक पूर्वाधार सुधार एवम् विस्तारको साथ साथै धार्मिक क्षेत्र तथा स्थलहरूको संरक्षण एवम् सम्वर्द्धन नभएमा पर्यटकहरूलाई अवलोकन गराउने क्षेत्र वा स्थल नै हुँदैनन् । हाल ऐतिहासिक एवम् पुरातात्विक महत्व बोकेका स्थल एवम् क्षेत्रहरूको उचित मर्मत सम्भार गरी संरक्षण एवम् सम्वर्द्धन गर्ने कार्य पछाडि परेको देखिन्छ । यस्का अलावा यस क्षेत्रका आसपासमा हुने विभिन्न प्रकारका अस्वस्थ क्रियाकलापहरूले (अव्यवस्थित भवन निर्माण, व्यापारिक गतिविधि, सरसफाई, अतिक्रमण आदि) पर्यटन विकासमा ठूलो प्रभाव पार्दछ । यस्ता स्थल एवम् क्षेत्रहरू पहिचान गरी त्यस्ता क्षेत्र तथा आसपासको क्षेत्रको विकास निर्माण, संरक्षण जस्ता आवश्यक कार्यहरू समयमा नै गर्न नसक्दा यस्ता कतिपय सम्पदाहरूको वर्तमान भौतिक अवस्था दयनीय रहेका छन् भने आसपासका क्षेत्रहरू दिनानुदिन अस्वस्थकर हुँदै गई राखेको देखिन्छ ।

### पूर्वाधार

शान्ति सुरक्षाका अलावा पर्यटन विकासको लागि सडक, सरसफाई, स्तरीय होटल, लज तथा रेष्टुरेन्ट, धर्मशाला, पर्यटक सूचना केन्द्र, यातायातका साधन, भरपर्दो ट्राभल एजेन्सी आदि जस्ता पर्यटन क्षेत्रसँग सम्वन्धित पूर्वाधारहरू अति नै महत्वपूर्ण रहेको हुन्छ । यस अर्थमा यसँग सम्वन्धित पूर्वाधारहरू यस नगरमा उत्साहजनक रुपमा रहेको पाइदैन । महत्वपूर्ण धार्मिक स्थलहरू जाने वाटोहरू, खुला तथा अप्रयाप्त ढल, जथाभावी फोहोर फयांक्ने प्रवृत्ति, स्तरीय होटलहरूको नहुनु तथा पर्यटन सूचना सम्वन्धी कार्यगर्ने सरकारी तथा निजी क्षेत्रका संघसंस्थाहरूको कमीका कारण सम्भ्रान्त पर्यटकहरूलाई यस नगरमा आकर्षण गर्न नसकिएको महसुस गर्न सकिन्छ ।

### वजार प्रवर्द्धनको कमी

कार्य क्षेत्रमा नपरेर हो वा अन्य कारणले हो आर्थिक विकासको पक्ष नगरपालिकाको प्राथमिकितामा परेको पाइदैन । नगरवासीहरूलाई आर्थिक रुपमा क्रियाशील गराउन नसकिएसम्म माग वा आवश्यकता अनुसारका शहरी सेवा सुविधाहरू व्यवस्थापन गर्न कर, सेवा शुल्क, सुधार दस्तुर, उपभोग शुल्क आदि जस्ता आर्थिक स्रोत सङ्कलनका उपायहरू अवलम्वन गर्न सम्भव हुँदैन । यस नगरमा विद्यमान धार्मिक सम्पदाहरूको विकास मार्फत यस क्षेत्रको आर्थिक विकासमा ठूलो फड्को मार्न सकिने सम्भावना हुँदा हुँदै पनि छिमेकी देश भारत र विदेशमा यस क्षेत्रको प्रचार प्रसार तथा यसको चौतर्फी विकासमा खासै चासो राख्ने गरेको पाइएको छैन । अहिलेको समय भनेको विज्ञापनको समय भएकोले जलेश्वरको धार्मिक पर्यटन प्रवर्द्धन गर्न स्थानीय तथा केन्द्रीय तहमा वजार प्रवर्द्धनको कार्यमा तिव्रता ल्याउनु जरुरी छ ।

### दक्ष जनशक्तिको कमी

पथ प्रदर्शक लगायत पर्यटन व्यवसायसँग सम्वन्धित तालिम प्राप्त दक्ष जनशक्तिको यहाँ कमी वा अभाव महसुस गरिएको छ ।

### ग्रामीण पर्यटन र मिथिला सँस्कृतिक तथा कला

धार्मिक पर्यटनको साथै ग्रामीण पर्यटनको सम्भावना पनि यस क्षेत्रमा विद्यमान रहेको र यसको लागि मिथिला सँस्कृति र मिथिला कलाले धेरै योगदान गर्न सक्ने भए तापनि यता तर्फ सम्वन्धित सरोकार पक्षहरूको त्यति ध्यान गएको देखिदैन ।

## निर्मित वातावरण

वढ्दो जनसंख्याका कारण उत्पन्न अनियन्त्रित शहरीकरणलाई क्रमिक रुपले योजनाको माध्यमवाट व्यवस्थित रुपमा विकास गर्दै जान नसक्दा नगरमा भवनहरू र मानव बसोबासको लागि आवश्यक सुविधाहरू पनि जथाभावी निर्माण भई रहेको छ । यी निर्मित वातावरणले यस नगरको सौन्दर्यतामा दिनानुदिन हास भई रहेको पाइन्छ । यस्का अतिरिक्त जनसंख्याको चापले गर्दा हुनजाने फोहोर, वायु, जल, ध्वनी, ट्राफिक जस्ता प्रदूषण आदिका कारणले पनि यस क्षेत्रको सौन्दर्यतामा प्रभाव पारेको पाइन्छ ।

### संस्थागत सहयोग

पर्यटन उद्योग प्रवर्द्धनसँग सम्वन्धित सरकारी, गैरसरकारी आदि निकायहरूवीच पनि आवश्यक सहयोग एवम् सहकार्यको कमी एक समस्याको रुपमा अनुभव गरिएको छ ।

## ३.२.१०.भौतिक विकास तथा भौतिक पूर्वाधार समस्याहरू

### सडक

नगरका सवै वडामा बाटो पुगे तापनि नगरभित्र हालसम्म कूल २१.५ कि.मी मात्र वाटो पिच भएको छ । उक्त पिच पनि मर्मत सम्भार गर्नुपर्ने अवस्थामा रहेको छ । ती बाहेक नगरभित्र प्राय जस्तो कच्ची तथा धुले सडकहरू रहेका छन् । गर्मी याममा धेरै धुलो उड्ने र वर्षायाममा सडकको खाल्डा खुल्डिहरूमा पानी जम्ने हुनाले हिड्डुल गर्न समस्या हुने गरेको छ भने यातायातको साधन चल्दा पनि धुलो उड्ने समस्या रहेको छ। नगरमा हाल आएर वरपरका कृषियोग्य भूमिमा वस्ती विस्तार हुने क्रम बढ्दै गइरहेको छ । वस्ती विस्तारको क्रम र भौतिक पूर्वाधारको विकासको क्रम वीच तालमेल नमिलेको कारण व्यवस्थित वस्ती विकास हुन सकिरहेको छैन । विस्तार भएका वस्तीहरूमा आवतजावतका लागि नयाँ बाटोहरू खोल्नु पर्ने देखिन्छ । त्यसैगरी भएका सडकहरू अतिक्रमण हुनु, वाटोमा निर्माण समाग्री थुपार्नु, भवन निर्माण मापदण्ड अनुसार घर नबनाउनु लगाएतका कारणले वस्तीहरू व्यवस्थित रुपले विकास भई रहेका छैनन् ।

शहरीकरण प्रक्रियालाई निर्देशित गर्न नसक्दा नगरका वाहिरी भागहरू जहाँ कृषि क्रियाकलापहरू भईरहेका छन र तुलनात्मक रुपमा भूमिको मूल्यपनि केही हदसम्म सस्तो छ यस्ता भूमिहरूमा हाल आएर वस्ती विस्तार हुने क्रम बढ्दै गई रहेको छ । यसरी विस्तार भई रहेका वस्तीहरूमा आवश्यक आधारभूत पूर्वाधार तथा सेवा सुविधाहरूको विस्तार गर्न नगरपालिकालाई निकै चुनौति रहने देखिन्छ । विस्तार भएका वस्तीहरूमा आवतजावतका लागि थप नयाँ सडकहरू खोल्नुपर्ने देखिन्छ भने, भएका सडकहरू अतिक्रमण हुनु, वाटोमा निर्माण समाग्री थुपार्नु लगाएतका कारणले समेत सवारी साधन तथा पैदलयात्रीहरूलाई विभिन्न खालका समस्या हुने गरेको छ ।

### ढल

ढल निकास नगरको मुख्य समस्याको रुपमा रहेको छ । कूल ६८ कि.मि सडक खण्डमा जम्मा २ कि.मी सडकमा मात्र ढल जडान भएको छ र उक्त ढलमा पनि ८०० मी. मात्र पक्की ढलान भएको तथा बाँकी कच्चि तथा खुल्ला अवस्थामा रहेको छ । खुल्ला ढलको कारण नगरवासीहरूले ढलमै फोहर फाल्ने गरेको देखिन्छ । ढलको नियमित सरसफाइको कमीले ढलमा फोहर जम्न गई नगरक्षेत्रमा लामखुट्टेको समस्या हुने गरेको देखिन्छ । त्यसैगरी ढलमा जम्ने फोहरका कारण वर्षायाममा पानी निकास नहुनु र डोल क्षेत्रमा अत्यधिक पानी जम्न जाँदा नगरक्षेत्र डुवान हुने भएकोले ढल निकास नै नगरको सवैभन्दा ठूलो समस्याको रुपमा रहेको छ ।

**खानेपानी**

नगरमा खानेपानीको पाईप लाईन ८.५ प्रतिशत घरधुरीले मात्र जडान गरेका छन् । अझ पनि ९२.५ प्रतिशतको घरमा खानेपानीको पाईप लाईन जडान हुन सकेको छैन । यसरी एकातिर माग अनुसारको खानेपानी आपूर्ति गर्न नसकेको अवस्थामा धैरै घरपरिवारले खानेपानीको श्रोतको रुपमा टयूवबेल प्रयोग गरेको पाईन्छ । खानेपानीको मागलाई पूर्ति गर्न खानेपानी संस्थाले पानीको श्रोत वढाउनु पर्ने देखिन्छ तर उक्त कामका लागि उक्त निकायसँग वजेटको अभाव रहेको देखिन्छ ।

यस अर्थमा हालको जनसंख्यालाई नै पर्याप्त मात्रामा खानेपानी आपूर्ति हुन नसकेको अवस्थामा भविष्यमा हुनसक्ने जनसंख्या बृद्धिदर तथा कृषि तथा पशुजन्य उद्योगका लागि थप खानेपानीको माग पूर्ति गर्नु ठूलो चुनौतिको रुपमा रहने छ ।

**विद्युत**

हाल नगरपालिका क्षेत्रमा विद्युत सेवाका पूर्वाधारहरूको व्यवस्था भएता पनि नगरभित्रका सम्पूर्ण वडाहरूमा विद्युत सेवा पुग्न सकेको छैन । साथै नगरक्षेत्र भित्र विद्युत चुहावटको पनि समस्या देखिएको छ । हालको अवस्थामा समेत माग र आपूर्तिको समन्वयता हुन नसकेको सन्दर्भमा भविष्यमा नगरपालिकामा कृषि तथा पशुजन्य उद्योग र व्यापारको पूर्वाधार विकासका लागि र जनसंख्या वृद्धिको कारण विद्युत सेवाको माग अत्यन्त बढ्ने निश्चित प्राय छ । तर हालका पूर्वाधार र आपूर्ति व्यवस्थापनले भविष्यको मागलाई कुनै हिसावले पूर्ति गर्न सक्ने देखिदैन ।

### ३.२.१०.सामाजिक क्षेत्रमा देखिएका समस्या

**शिक्षा**

यस नगरमा शैक्षिक संस्थाहरूको संख्या कमी रहेको देखिन्छ र भएका सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधारहरू पनि जीर्ण अवस्थामा रहेका छन् । विद्यालयहरूमा कक्षा कोठा, प्रयोगशाला, कम्प्यूटर कक्षा, पुस्तकालय आदिको अभाव रहेको छ । सरकारी विद्यालयहरूमा नियमित कक्षा सञ्चालन नहुनु र गुणस्तरीय शिक्षाको कमीले गर्दा विद्यार्थीहरूको विद्यालय परित्याग दर बढ्दो अवस्थामा रहेको देखिन्छ । त्यसका साथै, विद्यालयहरूमा छात्र छात्राहरूका लागि पर्याप्त सङ्ख्यामा शौचालयको अभावको कारण विद्यालयहरूमा विद्यार्थीहरू ((विशेष गरी छात्राहरू) को विद्यालय परित्याग दर पनि उच्च रहेको छ । गुणस्तरीय शिक्षाको माध्यमवाट आर्थिक उन्नति गर्नको लागि निजी क्षेत्रको लगानी आकर्षित गर्न अति जरुरी छ ।

आर्थिक अवस्थाको कारण आधारभूत शिक्षामा सवैको सरल पहुँच नहुनुका साथै प्रारम्भिक बालबिकासको कक्षाहरू सही रुपमा सञ्चालन हुन सकिरहेका छैनन् । जसका कारण सामुदायिक विद्यालयहरूमा विद्यालय परित्याग दर वढी छ र विद्यालय परित्याग दरलाई कम गर्नु एक चुनौतिपूर्ण कार्य रहेको छ ।

अभिभावक तथा बालबालिकाहरूमा शिक्षाको कमी रहेको देखिन्छ । कतिपय अभिभावकहरू आर्थिक अभावका कारण बालबालिकाहरूलाई बालश्रमिकको रुपमा काम गराउन वाध्य छन् । त्यसैगरी विद्यालयका शिक्षक शिक्षिकाहरूलाई तालिम तथा विद्यालयहरूमा पाठ्य सामाग्रीको पनि अभाव रहेको छ । विद्यालयहरूमा अपाङ्गमैत्री पूर्वाधार नहुँदा ती वर्गका विद्यार्थीहरूलाई समस्या हुनेगरेको छ भने आर्थिक अभावको कारण अन्य शैक्षिक केन्द्रहरू जस्तैःमदरशा आदि पनि प्रभावकारी रुपमा सञ्चालन हुन सकेका छैनन् ।

साक्षारता वृद्धि गर्न निरन्तर साक्षारता कार्यक्रमको अभाव लगायत गृहिणी शिक्षालाई नीतिगत

व्यवस्थापन गर्न नसक्नु तथा पूर्व प्राथमिक लगायत विद्यालय तहमा तालिम प्राप्त शिक्षक एवं शैक्षिक सामाग्रीको व्यवस्था नरहेको र शिक्षकहरूको पेशागत विकास एवं पुरस्कार तथा दण्ड जस्ता व्यवस्थाको अभाव रहेको छ । साक्षरता कार्यक्रमहरू नियमित रुपमा सञ्चालन नभएका कारण पनि नगर क्षेत्रभित्र साक्षरता अभिवृद्धि गर्नु ठूलो समस्या रहेको छ । साथै प्राविधिक शिक्षालयहरूको पनि नगरमा कमी रहेको देखिन्छ ।

आधारभूत शिक्षामा निजी क्षेत्र त्यतिको आकर्षित नहुने र सरकारी स्तरवाट समेत यस क्षेत्रमा खासै लगानी नभई रहेको अवस्थामा सवै वर्ग समुदायका वालवालिकाहरूको लागि आधारभूत शिक्षा प्रदान गर्नु नगरपालिकाको लागि अर्को एक चुनौति रहने छ ।

**स्वास्थ्य**

आधारभूत स्वास्थ्य सेवा सम्वन्धी package program को विकासमा कमी रहनुका साथै आवश्यकता अनुसार स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकी लगायत औषधी पसलहरू नरहेको अवस्था छ । जनसंख्याको अनुपातमा स्वास्थ्य संस्था पर्याप्त नहुनुका साथै मातृशिशु क्लिनिक, बालवालिका तथा वृद्धवृद्धाहरूको स्वास्थ उपचारको लागि आवश्यकता अनुसारको स्वास्थ्य केन्द्रहरू स्थापना हुन सकेका छैनन् भने भएका स्वास्थ्य संस्थाहरूमा पनि पर्याप्त रुपमा पूर्वाधारहरू विकास नभएको अवस्था छ ।

त्यसैगरी जिल्ला अस्पतालमा उचित व्यवस्थापनको अभाव हुनुका साथै दरवन्दी अनुसारका विषयगत दक्ष चिकित्सकहरूको सेवा तथा अप्रेशन थियटर, प्रसुति सेवा आदि पूर्वाधारहरूको अभाव रहेको छ । स्वास्थ्य सम्वन्धी नियमित राष्ट्रिय स्तरका कार्यक्रमहरू पनि नगरपालिकामा प्रभावकारी रुपले सञ्चालन हुन सकेको छैन । त्यसैगरी सरकारले दिने निशुल्क स्वास्थ्य परिक्षण सेवा तथा उपलव्ध गर्ने औषधिहरूका बारेमा सर्वसाधारणलाई जानकारी नभएको देखिन्छ । नगरवासीहरूमा स्वास्थ्य तथा सरसफाईको सम्वन्धी चेतनाको कमी रहेको छ । आकस्मिक सेवा लगायत वडागत रुपमा मातृशिशु क्लिनिक र नगरमा प्रसुति सेवा अस्पतालको व्यवस्था नभएको कारण महिलाहरू धेरै समस्यामा हुने गरेको छ । यसका अतिरिक्त भारतसँगको खुल्ला सिमानाका कारण लागु औषधिको निर्वाध ओसारपसार हुनुले लागु औषधि प्रयोगकर्ताको सङ्ख्या पनि दिनानुदिन बढ्दै गएको अवस्था छ । लागु औषधिको दुर्व्यसन, स्वास्थ्य सम्वन्धी उचित शिक्षा तथा जनचेतनाका अभावको कारण नगरपालिका क्षेत्रमा HIV जस्ता रोगहरू बढ्ने खतरा पनि समस्याको रहेको छ ।

नगरक्षेत्रमा स्वास्थ्य उपचारका लागि हालसम्म पनि उल्लेख्य जनसंख्या परम्परागत उपचार (धामी, झांक्री आदि) मा विश्वास गर्ने गरेको देखिन्छ र आर्थिक रुपमा कमजोर वर्गहरूलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नु यस नगरको लागि अर्को एक गम्भीर चुनौति रहेको छ ।

**लक्षित वर्ग**

विशेष दलित, आदिवासी जनजाति, मुस्लिम समुदाय पिछडिएका वर्ग (मुसहर, डोम आदि) लगायत आर्थिक रुपमा पछाडि परेका वर्गहरूको वस्तीहरूमा भौतिक पूर्वाधारको (सडक, ढल, खानेपानी, शौचालय तथा सामाजिक पूर्वाधार तथा सेवा सुविधाहरूको) अभाव रहेको छ । यी समुदायहरूको वस्तीमा सामुदायक भवन नहुदाँ यस्ता वर्गहरूको लागि कुनै पनि सामाजिक कार्य गर्न परेमा स्थान विशेषको अभाव रहने गरेको छ ।

गरिवीको कारण यस्ता वर्गहरूमा आधारभूत आवश्यकताका अलावा शिक्षा तथा स्वास्थ्य जस्ता क्षेत्रमा पनि त्यतिकै समस्या रहेको देखिन्छ भने जनचेतनाको अभावको कारण सरकारी निकायहरूले दिने विभिन्न किसिमका सेवा सुविधाको वारेमा समेत जानकारी नहुँदा राज्यवाट प्राप्त हुने विभिन्न खालका सेवा सुविधाहरूवाट समेत वञ्चित भएको पाईन्छ । सामाजिक विषङ्गतिहरू जस्तैः छुवाछुत, दाईजो प्रथा

र जुवा, तास, मदिरा सेवन जस्ता कुलतका समस्या पनि यस्ता समुदायमा अत्यधिक मात्रामा रहेका छन् । विपन्न वर्गका परिवारका सदस्यहरूलाई आधारभूत शिक्षा तथा स्वास्थ्य सेवामा सरल पहुँच पुग्न सकेको छैन । विशेष गरी महिलाहरूको साक्षरता वृद्धि गर्न नियमित गृहणी शिक्षा सञ्चालन तथा महिला सशक्तिकरण कार्यक्रमको अभाव रहेको छ भने महिलाहरू प्रायः घरायसी कामका व्यस्त हुने गरेकाले उनीहरूको आर्थिक उपार्जन गर्ने विकल्पहरूको अवसर न्यून रहेको छ ।

गरिव तथा विपन्न परिवारका वालवालिका तथा अभिभावकहरूमा शिक्षा सम्वन्धी चेतनाको कमीले गर्दा ती समूहका वालवालिकाहरू विद्यालय जानबाट वन्चित मात्र नभई तिनिहरूको विद्यालय परित्याग दर पनि उच्च रहेको छ । सडक बालबालिका तथा बालश्रमिकको अधिकारको सुनिश्चितता उचित रुपमा हुन नसक्नुका साथै वालवालिकाहरू दुर्व्यसनमा फस्नु पनि (मदिरा सेवन तथा जुवातास) जटिल समस्याको रुपमा देखिएको छ ।

अपाङ्गता भएका व्यक्तिहरूमा मानवीय आधारभूत सेवा सुविधाहरू सरल रुपमा पुग्न सकिरहेको छैन । नगर क्षेत्रमा अध्ययन गर्ने अपाङ्ग तथा असहायहरूको लागि छात्रावासको अभाव छ भने सार्वजनिक भवनहरू अपाङ्ग मैत्री निर्माण भएको अवस्था छैन । युवा वर्गहरूको वृत्ति विकास लगायत आर्थिक विकासकोलागि नगरमा अवसरहरूको कमी तथा सामाजिक विषङ्गतिका कारण युवाहरू लागु औषधि दुर्व्यसन, मदिरा सेवन तथा जुवातास जस्ता नकारात्मक गतिविधिहरू तर्फ आकर्षित भई रहदा एक जटिल समस्या उत्पन्न भईरहेको छ ।

परम्परागत सीप (जस्तैः ढकी वुन्ने, डालो नाङ्ग्लो, कपडा सिलाउने आदि) भए तापनि यस्ता उत्पादनलाई आधुनिकीकरण गर्न नस्कनु, व्यवसायीकरण तथा बजारीकरणमा अनुभव नहुनु तथा अन्य सीपको अभावका जस्ता कारण यस्ता वर्गहरूले भएका सीपवाट पनि आय आर्यज गर्न सकिरहेका छैनन् । यसरी आर्थिक अवस्था कमजोरका कारण विकास निर्माणको काममा यस्ता वर्गहरूको सहभागिता ज्यादै न्यून हुने गरेको छ । त्यसैगरी वालवलिका, महिला, एकल महिला, अपांगत भएका वर्ग, जेष्ठ नागरीकहरूले सरकारले दिने सेवा सुविधा सम्वन्धमा समयमा जानकारी नहुनु पनि यी वर्गका समस्याको रुपमा रहेको छ ।

यसैगरी जेष्ठ नागरिक, असक्त असहायहरुको हक अधिकार तथा तिनीहरूको जिविकोपार्जनको खासै व्यवस्था हुन सकेको पाइदैन भने समाजमा जातीय छुवाछुत (विभेद) को कानुनतः अन्त भएतापनि व्यवहारमा सो लागु भएको अवस्था भने छैन ।

नगरभित्र वासोवास गर्ने दलित, आदिवासी जनजाति, मुस्लिम समुदाय, पिछडा वर्ग लगायत महिला, अपाङ्गत भएका व्यक्ति, वालवालिका, जेष्ठ नागरीकहरूसँग समूहगत छलफल, वडा भेला तथा नगरभेलाको माध्यमवाट यस्ता वर्गका माथि उल्लेखित समस्याहरू पहिचान गर्ने कार्य गरिएको थियो ।

### ३.२.११ वातावरणीय समस्या

जलेश्वर नगरपालिकामा वर्षातको समयमा रातो नदीमा बाढी आइ हुने नदी कटानले गर्दा नगर तथा आसपासका क्षेत्रहरू डुवानमा पर्ने समस्या, फोहोरमैलाको उचित व्यवस्थापन नभएको, जथाभावी फोहोर फ्याकिने, प्लाष्टिकको अत्यधिक प्रयोग, खुला शौचालय, चर्पीको निकासाका लागि नगरमा ढलको व्यवस्था नहुनु, नगर क्षेत्रभित्र वायु, जल तथा ध्वनी प्रदूषण जस्ता वातावरणीय समस्याहरू रहेका छन् । यी वातावरणीय पक्षमा हेर्दा यस नगरको प्रमुख समस्यामा फोहोर व्यवस्थापन तथा दोश्रो समस्याको रुपमा जल प्रदूषणलाई लिन सकिन्छ ।

## फोहोर व्यवस्थापन

नगरपालिकामा उत्पादन हुने फोहोरको श्रोत मुख्यतया घरधुरी, बजार, अस्पताल, उद्योग लगायतका मानव वसोवासको लागि आवश्यक सुविधा प्रदान गर्ने विभिन्न क्षेत्रहरू छन् । नगरपालिका भित्र दैनिक ३ मे. टन फोहर उत्पादित हुन्छ भने यी सवै फोहोर विर्सजन हुने गरेको छैन । सङ्कलन भएको फोहर विसर्जन तथा व्यवस्थापन गर्ने निश्चत ठाँउको अभावका कारण सङ्कलित फोहर यहाँका सडकका खाल्डा खुल्डी पुर्नकालागि तथा नगर क्षेत्रभन्दा बाहिर खाली जग्गामा फ्याकिने गरिन्छ । नगरमा उत्पादन हुने सवै खालका फोहर व्यवस्थापन गर्न यस नगरपालिकाकोलागि एक चुनौतिपूर्ण कार्य रहेको छ । फोहरहरूलाई वर्गिकरण गरी कम्पोष्ट मल उत्पादन तथा पुन प्रयोग जस्ता क्रियाकलापहरू सञ्चालन गरी अत्यधिक फोहर श्रोतमै व्यवस्थापन गर्न सकिन्छ भने ल्याण्डफिल साइटको अभावका कारण फोहर व्यवस्थापन नगरपालिकाको लागि एक चुनौतिको विषय वन्न गएको छ र वढ्दो शहरीकरण प्रक्रियाले यस्लाई थप चुनौति प्रदान गर्ने देखिन्छ ।

## जल, ध्वनी तथा वायू प्रदुषण

फोहोर जथाभावी स्वम् अनियन्त्रित हिसावले नदीनालामा फ्याँक्ने, वर्षातको पानी वग्ने ढलमा चर्पीको निकास जोडने, नदी खोला आदि जल पिण्डको किनारमा दिशा पिसाव आदि गर्नाले यहाँका धेरै नदी, पोखरी लगायत अन्य जलाशयहरू दिनानुदिन प्रदुषण हुँदै गइरहेको छ । यस्ता फोहोरमैलाले जमीनमुनीको पानी अर्थात भूमिगत जलस्रोतलाई समेत प्रदूषित गरीएको आशङ्का गरीएको छ । तराई क्षेत्रहरूमा भूमिगत जलस्रोत नै खानेपानीको मुख्य स्रोत हुने भएकोले उपयुक्त फोहरमैलाको व्यवस्थापनको अभावमा नदी खोलाको मात्र पानी दूषित हुन नपुगी जमीनमुनीको पानी समेत विस्तार विस्तारै प्रदूषित हुन थालिएको स्थानीय वासिन्दाको वुझाइ छ ।

सवारी साधनको बढ्दो प्रयोग, जनचेतनाको कमी, जग्गा तथा घरहरूको जथाभावी उपयोग, अनियन्त्रित तथा अव्यवस्थित शहरीकरण आदि जस्ता कारणले ध्वनि प्रदूषणको समस्या पनि विस्तारै वढ्दो छ । पुराना सवारी साधनको प्रयोग, वस्ती क्षेत्र भित्र तथा आसपासमा सञ्चालनमा आएका काठ चिरान मिल, धान, च्यूरा तथा मसला कुटानी तथा पिसानी, कल कारखानाले नगर क्षेत्रमा ध्वनि र वायू प्रदूषणको समस्या देखिएको हो । अव्यवस्थित तवरले सञ्चालनमा आएका वधशाला, मरेका जीव जन्तुहरू सडक तथा खुल्ला स्थानमा त्यतिकै फाल्ने, खुल्ला दिशा पिसाव, सडक तथा वस्ती नजिकका खुल्ला स्थानमा फोहर विसर्जन गर्नाले यसका दुर्गन्ध हावामा मिसिन गई यस क्षेत्रको वातावरण दुषित हुने तथा यस आसपासका क्षेत्रहरूमा दुर्गन्ध फैलिने गरेको छ ।

हुन त वायु प्रदुषण सम्वन्धी कुनै अध्ययन हाल सम्म गरिएको व्यहोरा जानकारीमा नआएको हुनाले वायु प्रदूषणको यकिन स्थित ठोकुवाका साथ यसै भन्न सकिने स्थिति भने छैन । प्लाष्टिकजन्य उत्पादनको वद्दो प्रयोग लगायत रासायनीक मलहरूको अत्यधिक प्रयोगको कारण नगर क्षेत्रको माटोको उर्वरा शक्ति पनि घट्दो क्रममा रहेको छ ।

त्यसैगरी नगरको जोखिम पक्षमा बाढी, आगलागी, डुवान तथा हुरीवतास आदि रहेका छन । विशेष गरी वर्षायाममा ढल निकास बन्द भई नगरबासीहरूले डुवानको समस्या भोग्दै आई रहेका छन् भने गर्मीयाममा हुरी वतास तथा आगलागिको समस्या हुने गरेको छ । यस्ता प्राकृतिक प्रकोपहरूवाट कसरी बाच्न र वचाउन सकिन्छ भने नगरवासीहरूमा जानकारी नहुनु एक समस्याको रुपमा रहेको छ ।

### ३.२.१२ वित्तीय समस्या

नगरपालिकामा आन्तरिक र वाह्य गरी दुई प्रकारले आम्दानी हुने गरेको छ र विगतको तथ्याङ्क हेर्दा आन्तरिक श्रोत भन्दा वाह्य श्रोतको रकम वढ्दै गइरहेको देखिन्छ । नगरपालिकाले न्यूनतम शर्त तथा

कार्यसम्पादन मापन अन्तर्गतका कार्यहरूमा सन्तोषजनक कार्य गर्न नसक्दा स्थानीय विकास शुल्क लगायत नेपाल सरकारवाट प्राप्त गर्न सकिने अन्य अनुदानमा समेत असर गरिरहेको छ । त्यसैगरी ठेक्कापट्टाको बक्यौता, व्यवसाय कर, पेशा कर, उद्योग कर, सवारी कर लगायतका अन्य आन्तरिक करहरू समय भित्र उठाउन सकिरहेको छैन । नगरपालिकाको वार्षिक वजेटमा प्रशासनिक खर्च लगायत नगर सरसफाईमा खर्च वढी भएको देखिन्छ भने नगरपालिकाले सम्पतिहरूको सही व्यवस्थापन गर्न पनि नसकेको पाईन्छ ।

## आय

यस नगरपालिकामा आन्तरिक तथा वाह्य श्रोत गरी दुई श्रोत मार्फत आय हुने गर्दछ जसको विवेचना तल गरिएको छ ।

## आन्तरिक आय

नगरपालिकाले नगरवासीहरूलाई दिने गरिएका विभिन्न खाले सेवा, सुविधा तथा सिफारिस वापत उठाउने गरेका विभिन्न कर, शुल्क, दस्तुर आदिवाट प्राप्त हुने रकम यस शीर्षक अन्तर्गत पर्दछन ।

नगरपालिकाको विगत ४ वर्ष (२०६३ देखि २०६७) सम्मको आन्तरिक आयको स्थिति हेर्दा सरदर वार्षिक रु २,७७१,७९१ सम्म आय हुने गरेको छ जसमा सम्पति करको योगदान सरदर रु ३७६,८४२ रहेको छ (तालिका नं.१) र यो प्रशासनिक खर्चको आवश्यक रकम भन्दा आधाले कम छ ।

**तालिका नं.१ : आन्तरिक आयमा सम्पति कर**

| शिर्षक | २०६३/६४ | २०६४/६५ | २०६५/६६ | २०६६/६७ |
|---|---|---|---|---|
| आन्तरिक आय | ३,२१७,४४७ | २,७५६,४०३ | २,७८३,४५३ | २,३२९,८६२ |
| सम्पति कर | ३३३,४५९ | २९१,७८६ | ५१२,२१५ | ३६९,९१० |

श्रोतः स्थानीय निकाय वित्तीय आयोग, २०६८

यसरी उठने आन्तरिक आयलाई नगर विकासमा प्रति व्यक्ति वा प्रति घरको वित्तीय सहभागिता (योगदान) को दृष्टिकोणले हेर्ने हो भने नगर विकासको लागि यहाँका प्रति व्यक्ति वर्षमा सरदर रु ११२ वा प्रति घरले सरदर रु ६२० मात्र योगदान गरिरहेको अवस्था छ (तालिका २ ) ।

**तालिका २ : विकास निर्माणमा नगरवासीहरूको वित्तीय सहभागिता**

| जनशंख्या(अनुमानित) | घरधुरी (अनुमानित) | स्थानीय कर | प्रति व्यक्ति कर | प्रति घरधुरी कर |
|---|---|---|---|---|
| २४,५८२ | ४,४६९ | २,७७१,७९१ | ११२ | ६२० |

आन्तरिक आय अन्तर्गतका घर जग्गा कर, व्यवसाय कर, पेशा कर, उद्योग कर, सवारी कर, बक्यौता रकम निरन्तर रुपमा उठाउन समस्या रहेको छ भने विकास निर्माणमा नगरवासीहरूलाई विश्वासमा लिई आन्तरिक आयको दायरा वृद्धि गर्न नसकिएको अवस्था छ ।

## वाह्य श्रोत

नगरपालिकाको विकास निर्माणमा स्थानिय विकास शुल्क तथा प्रशासनिक अनुदान जस्ता वाह्य श्रोतले

ठूलो भूमिका खेलेको छ र यो नगरपालिकाको लागि एक प्रमुख श्रोतको रुपमा रहेको छ । यसका अतिरिक्त नेपाल सरकारका विभिन्न निकायहरू जगेडा कोष, सडक बोर्ड, कृषि सडक, एल.जी.सि.डी.पी. कार्यक्रम जस्ता विभिन्न प्रकारका अनुदानहरू र समय समयमा प्राप्त हुने वैदेशिक सहायता नै नगरपालिकाको विकास निर्माणका प्रमुख श्रोत हुन । विगत दुई वर्षको तथ्याङ्कलाई हेर्ने हो भने स्थानीय विकास शूल्क प्रति वर्ष करिव रु ७,२००,०००।- र अनुदान रकम सरदर रु ३१,१२६,१८६।-गरी नगरको वाह्य श्रोतवाट मात्र सरदर करिव रु ३८,३२६,१८६।- प्राप्त भएको देखिन्छ ।

**तालिका नं. ३ : नगरपालिकाको कूल आय**

| शीर्षक | आर्थिक वर्ष | |
|---|---|---|
| | २०६५/६६ | २०६६/६७ |
| स्थानीय आय | २,७८३,४५३।- | २,३२९,८६२।- |
| स्थानीय विकास शुल्क | ७,२००,०००।- | ७२०,०००।- |
| विविध आय | २,३०७,०४२।- | ३,७६२,६७०।- |
| अनुदान | ३७,८७९,९९७।- | २४,३७२,३७४।- |
| ऋण | ० | ० |
| मौज्दात | ५,२५५,४६९।- | १६,३७९,६०४।- |
| कूल आय | ५५,४२५,९६१।- | ४७,५६४,५१०।- |

श्रोतः स्थानीय निकाय वित्तीय आयोग, २०६८

स्थानीय विकास मन्त्रालयले तोकिएको न्यूनतम शर्त तथा कार्य सम्पादन मापन (MCPM) अन्तर्गतका कार्यहरू नगरपालिकाबाट सन्तुष्ट रुपमा गर्न नसक्दा यसरी प्राप्त हुने वाह्य श्रोतमा असर पर्ने गरेको छ । नगरपालिकाले वाह्य श्रोत जुटाउन सर्वप्रथम त न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको पक्षमा गर्नुपर्ने कार्यहरूमा आवश्यक प्रगति गरी सक्दो वढी अङ्क ल्याउन जरुरी छ । यसका अतिरिक्त जनसहभागिताको पक्षमा नगरवासीहरूलाई बढी जागरुक बनाई बढी जनसहभागिता जुटाउन सकिएमा सहभागितामूलक कार्यक्रमको लागि वाह्य श्रोतवाट प्राप्त हुने रकममा वृद्धि गर्न सकिन्छ । नगरवासहिहरूबाट आर्थिक श्रोतको रुपमा जनसहभागिता उठाउने कार्य भने अतिनै चुनौतिपूर्ण रहेको छ ।

**खर्च**

स्थानीय आयको तुलनामा नगरपालिकाको चालु खर्च निकै वढ्दो छ र खासै भन्ने हो भने केन्द्रबाट अनुदान प्राप्त नहुने हो भने नगरवासिहरूबाट प्राप्त हुने कर तथा शुल्कले नगरपालिकाको प्रशासनिक खर्च समेत धान्न सकिदैन । विगत चार आर्थिक वर्षको स्थानीय आय तथा चालु खर्चको लेखाजोखा गर्ने हो भने स्थानीय आयको तुलनामा चालु खर्च करिव २०० % देखि ५०० % सम्मले बढि रहेको पाईन्छ ।

**तालिका नं. ४ :स्थानीय आयमा चालु खर्च**

| शीर्षक | २०६३/६४ | २०६४/६५ | २०६५/६६ | २०६६/६७ |
|---|---|---|---|---|
| स्थानीय आय | ३,२१७,४४७/- | २,७५६,४०३/- | २,७८३,४५३/- | २,३२९,८६२/- |
| चालु खर्च | ६,३८६,३३५/- | ७,५२३,३१५/- | ११,२८२,०१२/- | ९,६३३,५८९/- |

श्रोतः स्थानीय निकाय वित्तीय आयोग, २०६८

विशेष गरी केन्द्रीय सरकारको तलव वृद्धिकाका कारण प्रशासनिक खर्चमा निकै नै वृद्धि हुन पुगेको छ। नगरपालिकामा हुने गरेको विकास निर्माणको कार्यको तुलनामा कर्मचारीहरूको सङ्ख्या वृद्धि भएको देखिन्छ। यसरी अनावश्यक कर्मचारीहरूको कटौती गरी आवश्यकता अनुसारका कर्मचारीहरू मात्र राख्दै प्रशासनिक खर्च लगायतका अन्य चालु खर्च नियन्त्रण गर्ने कार्य नगरपालिकाको लागि एक चुनौतिपूर्ण हुनेछ। तथापी नगरपालिकाले आफनो प्रयासमा नगरवासिहरूको समस्या सम्वोधन गर्न वाह्य श्रोतकै खोजी गरी भए पनि सार्वजनिक निर्माणका कार्यहरू गरिरहेको देखिन्छ। विगत दुई आर्थिक वर्षमा यस नगरपालिकाले सामाजिक विकास कार्यक्रम, साधारण पूँजि (सवारी साधन, मेशिनरी) खरिद र सार्वजनिक निर्माण तथा पूँजिगत खर्च गरी करिव रु दुई करोड तीस लाख देखि दुई करोड पचहत्तर लाख खर्च गरेको छ भने सार्वजनिक निर्माणमा मात्र करिव रु दुई करोड देखि दुई करोड पचास लाखसम्म खर्च गरेको देखिन्छ।

**तालिका नं ५ : चालु तथा विकास खर्च**

| शीर्षक | आर्थिक वर्ष | |
|---|---|---|
| | २०६५/६६ | २०६६/६७ |
| चालु खर्च | ११,२८२,०१२/- | ९,६३३,५८९/- |
| ऋण भुक्तानी | ० | ० |
| सामाजिक विकास कार्यक्रम | २,०८८,७३८/- | ३,४७०,०४०/- |
| साधारण पूँजि (सवारी साधन, मेशिनरी) | ३५,९३०/- | १८,९२२/- |
| सार्वजनिक निर्माण तथा पूँजिगत खर्च | २५,६३९,६७८/- | १९,५७७,०१४/- |
| कूल खर्च | ३९,०४६,३५८/- | ३२,६९९,५६५/- |

श्रोतः स्थानीय निकाय वित्तीय आयोग, २०६८

नगरपालिकाको सक्रियतामा विगतको दुई आर्थिक वर्षको दौरानमा नगर विकासको पक्षमा हुने गरेको लगानी प्रति वर्ष प्रति व्यक्ति सरदर रु ९१७ र प्रति घर रु ५,०५८ रहेको छ। यसैबाट अनुमान गर्न सकिन्छ जलेश्वर नगरमा भौतिक विकासको पक्षमा किन प्रगति हुन सकेन र जसको ज्वलन्त उदाहरण नगरपालिका क्षेत्रमा रहेका भौतिक पूर्वाधारको वर्तमान अवस्थाले पनि प्रष्ट हुन्छ।

**तालिका नं. ६ : विकास निर्माणमा नगरपालिकाद्धारा गरिएको प्रतिव्यक्ति वा घरको लगानी**

| शीर्षक | रकम |
|---|---|
| पूँजिगत लगानी | २२,६०८,३४६/- |
| प्रति व्यक्ति लगानी | ९१९/- |
| प्रति घर लगानी लगानी | ५,०५८/- |

तसर्थ माथि उल्लेखित खर्चले नगरवासीहरूको आधारभूत भौतिक पूर्वाधारको सानो अंशलाई समेत सम्वोधन गर्न सकेको छैन भने नगरवासिहरूवाट विकास निर्माणमा सहभागिता जनाउन चाहे त्यो आन्तरिक आय होस वा जनसहभागिता सोमा वृद्धि गरी नगरवासीहरूको आधारभूत आवश्यकता अनुसारको कार्यमा खर्च जुटाउन एक चुनौतिपूर्ण विषय रहने छ।

### ३.२.१३ संस्थागत विकास

सिफारिस, प्रशासनीक सेवा सुविधा तथा नगरवासीहरूको लागि अति आवश्यक आधारभूत सेवा सुविधाहरू प्रदान गर्ने उद्धेश्य वमोजिमका कार्यहरू सञ्चालन गर्न आवश्यक कर्मचारीहरू मात्र व्यवस्था गरिएकोमा हाल वृद्धि भएका नगरपालिकाको कार्यक्षेत्र, विकास निर्माणमा नगरवासीहरूको अपेक्षा अनुरुप विगतका कार्यशैलीहरूलाई परिवर्तन गर्दै सम्पूर्ण कार्यभार चुस्त, दुरुष्त तथा प्रभावकारी तवरवाट विगतमा भर्ना भएकै अधिकांश कर्मचारीहरूवाटै सम्पन्न गराउन नगरपालिकाको लागि प्रमुख चुनौति रहेको छ ।

कार्यालय भवन लगायत शाखा, उपशाखा र वडा कार्यालय व्यवस्थित नभएको, योग्य एवं दक्ष कर्मचारीहरूको अभाव तथा भएका जनशक्तिहरूको क्षमतामा पनि कमी, नगरपालिकाका कर्मचारीहरू नगरको विकास प्रति प्रतिवद्ध एवं जागरुक नदेखिएको जस्ता अहम सवाल जनमानसमा रहेका छन् । यसका अलावा नगरपालिकाको विकास व्यवस्थापनको लागि आवश्यक उपकरण तथा सामाग्रीहरूको पनि अत्यधिक कमी देखिन्छ ।

## ३.३ विगतका प्रयास र उपलब्धिहरू

### ३.३.१ एकिकृत कार्यमूलक योजना

यस नगरको भौतिक विकास पक्षलाई निर्देशित गर्ने उद्धेश्यले शहरी तथा आवास विकास विभागको आर्थिक तथा प्राविधिक सहयोगमा सहभागितामूलक योजना पद्दतिद्धारा यस नगरपालिकाको एकीकृत कार्यमूलक योजना तर्जुमा गर्ने कार्य भएको थियो । उक्त योजनामा नगरको भौतिक विकास तथा भौतिक पूर्वाधार विकास योजनामा केन्द्रित भई यस नगरको व्यवस्थित शहरीकरणलाई निर्देशित गर्न भावी शहरी विस्तार नीति, भूउपयोग नीति, र भूउपयोग नीतिमा रही भवन निर्माण तथा योजना मापदण्ड तथा पूर्वाधार लगानी नीति समेत समेटिएको छ । यसका अतिरिक्त यस नगरमा निर्माण गर्न पर्ने प्रमुख सडक, ढल, खानेपानी, विद्युत विस्तार जस्ता नगर स्तरीय तथा वडा स्तरीय पूर्वाधार विकास योजना समेत प्रस्तावना गरिएको छ । पूर्वाधार विकास योजनाको कार्यान्वयनको लागि नगरपालिकाको आर्थिक श्रोतको आधारमा पाँच वर्षको प्राथमिकता निर्धारण गरी यसलाई कार्यान्वयन गर्न वहुक्षेत्रगत लगानी योजना समेत तर्जुमा गरिएको थियो । यस योजनाको कार्यान्वयन प्रक्रियालाई कानुनी मान्यता प्रदान गर्न नगरपालिका वोर्डबाट सर्वसम्मत निर्णय गरी परिषदवाट अनुमोदन समेत भएको पाइन्छ ।

### ३.३.१ संस्थागत विकास योजना

नगरपालिका कार्यालय, कर्मचारी, सरोकारवालाहरूको क्षमता विकास गरी नगरको विकासमा प्रभावकारी एवं गुणस्तरीय सेवा सुविधा प्रदान गर्न यस नगरपालिकाको संस्थागत विकास योजना तयार भएको छ । यस योजना अन्तर्गत नगरपालिकामा आवश्यक उपकरण, सामाग्री, नगरपालिका कर्मचारीहरू लगायत सरोकारवालाहरूको लागि विभिन्न विषयमा तालिम, अभिमुखीकरण, अध्ययन भ्रमण, अनुभव आदान प्रदान जस्ता आवश्यक कार्यक्रमहरू समावेश भएका छन् । तर नगरपालिकाको आर्थिक अवस्था कमजोरका कारण यो योजना समेत कार्यान्वयन हुन सकिरहेको छैन ।

# खण्ड ४ नगर विकासको अग्रणी क्षेत्र

नगरको आर्थिक विकासको पक्षमा नगरका राजनैतिक दलका प्रतिनिधिहरू, विज्ञहरू, नागरीक समाज, निजी क्षेत्र, समाज सेवी, महिला, युवा, दलित, आदिवासी जनजाति, अपांगता भएका, पिछडावर्ग, सिमान्तकृत समुदाय, पत्रकार जस्ता नगरका सरोकारवालाहरूको प्रतिनिधिहरूसँग दुई दिन सम्म व्यापक छलफल गरिएको थियो । यसरी छलफल गर्ने क्रममा नगरको वस्तुस्थिति, नगर तथा यसका आसपासका क्षेत्रहरूमा आर्थिक विकासका लागि उपलव्ध अवसर, सम्भावना र यस्ता अवसरहरूलाई मूर्त रुप दिने क्रममा आउनसक्ने सम्भावित समस्या, मुद्दा तथा चुनौतीहरूको प्रस्तुति तथा उक्त प्रस्तुति उपर व्यापक छलफल गरिएको थियो । यस छलफलमा विज्ञहरूद्धारा सम्भावित आर्थिक विकासका क्षेत्रमा कार्यपत्र प्रस्तुति, आर्थिक विकासमा राजनैतिक दलका दलीय धारणा प्रस्तुत गरी सहभागीहरूलाई सम्भावित आर्थिक विकासको पक्षवारे विस्तृत जानकारी गराईएको थियो ।

यसरी नगरको सम्भावित आर्थिक विकासका अग्रणी क्षेत्रहरूमा उपलव्ध तथ्याङ्क प्रस्तुति, विज्ञहरूको प्रस्तुति तथा सुभाव र सरोकारवाला प्रतिनिधिहरू बीच समूहकार्य, सहभागितामूलक छलफल तथा वहस गर्दै प्रमुख तथा सहायक गरी निम्न लिखित दुई क्षेत्रलाई अग्रणी क्षेत्रको रुपमा प्राथमिकता दिदै सोही अनुसारका नीति, रणनीति, कार्यक्रम तथा योजना तर्जुमा तथा कार्यान्वयन गर्दै अगाडि वढ्ने सर्वसम्मत निर्णय गरिएको छ ।

- कृषि उद्योग (प्रमुख)
- धार्मिक पर्यटन (सहायक)

कृषि उद्योग

परम्परागत कृषि उत्पादन प्रविधि, आकासेपानी तथा अदक्ष जनशक्तिको आधारमा नगर क्षेत्र तथा यसका आसपासका गा.वि.स. क्षेत्रमा जे जति कृषिजन्य उत्पादन हुन्छन् जलेश्वरमा प्रशोधन उद्योगहरूको अभावका कारण त्यस्ता उत्पादनहरू अन्य प्रमुख शहर तथा सिमावर्ती शहरहरूमा निर्यात हुने गरेको पाइन्छ । तसर्थ कृषि उव्जनीको अवसरहरू तथा सम्भावनाहरूलाई विकास गर्दै व्यवसायीकरण गर्न सकेमा यस क्षेत्रको कृषि उत्पादन कयौं गुणा वृद्धि हुन जानेछ । औद्योगिक विकासका आधारभूत पूर्वाधार उपलव्ध यस जलेश्वर नगर त्यस्ता वृद्धि हुने कृषिजन्य उत्पादनहरूको प्रशोधन केन्द्र हुनगई यो नगर कृषिजन्य उद्योगको रुपमा विकास हुने सम्भावनामा गहन छलफल भएको थियो । यस क्षेत्रमा देखिएका समस्या माथि खण्ड तिनमा उल्लेख गरिसकेको छ उक्त समस्याको समाधानको लागि नगर क्षेत्र भित्र धेरै सम्भावनाहरूको वारेमा पनि चर्चा गरिएको छ । परम्परागत कृषिलाई व्यवसायीकरण गरी उत्पादन वृद्धि गर्नुका साथै उक्त उत्पादित वस्तुहरूलाई प्रशोधित गरी बजारीकरणको लागि कृषि प्रशोधन केन्द्रको स्थापना गर्ने अति आवश्यक रहेको देखिन्छ र यसै क्रियाकलाप जलेश्वर नगरको उपयुक्त आर्थिक विकासको गन्तव्य हुन सक्ने सम्भावनालाई मध्यनजर गरी **"कृषि उद्योग"** यस नगरको प्रमुख अग्रणी क्षेत्रको रुपमा आएको छ ।

यसैगरी यस नगरको व्यापार व्यवसायको इतिहास, यसको वर्तमान अवस्था, विस्तार गर्न सकिने सम्भावना, चुनौति, छिमेकी राष्ट्र भारतको विहार प्रान्तको वर्तमान विकासको गति र त्यसले सिमावर्ति क्षेत्रमा ल्याउने प्रभावका कारण यस नगरको व्यपारिक क्रियाकलापलाई पनि थप सहयोग पुग्ने देखिन्छ ।

त्यस्तै राजधानी जोडने बनेपा-वर्दिवास सडक, निजगढ अन्तराष्ट्रिय विमानस्थल तथा राजधानीदेखि अन्तराष्ट्रिय विमानस्थलसम्म पुग्ने द्रुतमार्ग (**fast-Track Road**) को निर्माणसँगै भारतका विभिन्न शहरहरूवाट राजधानी काठमाडौं वा राजधानी काठमाडौंबाट भारतका विभिन्न शहरहरूमा आवत-जावत गर्न वा सामाग्रीहरू आयात-निर्यात गर्न यस नगरको नाकाको प्रयोगमा वृद्धि हुनेछ । यसरी हुने विकासले

यस क्षेत्रको कृषि उत्पादन तथा प्रशोधित सामाग्रीहरूको व्यवसायीकरण गर्न समेत ठूलो मद्दत मिल्नेछ ।

**धार्मिक पर्यटन**

कृषि उद्योगको साथै नगरको अर्को सम्भावना भनेको **"धार्मिक पर्यटन"** हो जसलाई सहायक अग्रणी क्षेत्रको रुपमा लिइएको छ । जनकपुर र यस आसपासका धार्मिक क्षेत्रहरूमा दिनहुँ हजारौं पर्यटकहरू आउने गर्दछन् । जनकपुरसँग जलेश्वरको निकटताको कारण जनकपुर क्षेत्रमा आउने पर्यटक मध्ये केही प्रतिशत पर्यटकलाई मात्र पनि जलेश्वर भित्र्याउन सकिएको खण्डमा धार्मिक पर्यटन मार्फत पनि यस नगरको आर्थिक विकासमा सघाउ पुऱ्याउन सकिन्छ ।

जलेश्वर क्षेत्रको धार्मिक महत्व तथा जलेश्वर महादेवको मन्दिरको बारेमा पुराणमा नै उल्लेखित भएको छ भने आसपासको धार्मिक क्षेत्रहरूको पनि आफ्नै महत्व रहेको छ । संसारमा रहेका एक मात्र जल भित्र रहने महादेवको मन्दिर जलेश्वर महादेव, मटिहानी, सोनामाई स्थान, टुटेश्वर, पन्चचुरा माई स्थान, परौलस्थान, सुन्दरपुर जस्ता धार्मिक तथा सांस्कृतिक महत्वका स्थानहरू यस नगर तथा यस निकट अवस्थित छन भने मिथिला परिक्रमाको पनि यहाँ उतिकै महत्व रहेको हुँदा यस क्षेत्रलाई धार्मिक पर्यटन क्षेत्रको रुपमा विकास गर्न सकिने ठूलो सम्भावना रहेको छ । यस क्षेत्रमा रहेका धार्मिक स्थलहरूको संरक्षण तथा विकास र प्रचार प्रसार गरी जनकपुर तथा आसपासका धार्मिक क्षेत्रमा आउने आन्तरिक तथा बाह्य पर्यटक यस क्षेत्रमा भित्र्याउन सकेमा यस क्षेत्रको आर्थिक विकासमा केही टेवा पुग्नेछ ।

माथि उल्लेखित सम्भावनाहरूलाई मध्ये नजर गर्दै सम्भावित विषयवस्तुमा सहभागीहरूले जानकारी प्राप्त पश्चात समूह कार्य, समूह कार्यको प्रस्तुति, छलफल, परिमार्जन, गर्दै सहभागी सवै दल, वर्ग तथा समुदायका प्रतिनिधिहरू मार्फत आर्थिक विकासको प्रमुख अग्रणी क्षेत्र **"कृषि उद्योग"** र सहायकको रुपमा **"धार्मिक पर्यटन"** भन्ने सर्वसम्मत निर्णय भएको छ र यसै अग्रणी क्षेत्र **"कृषि उद्योग" र "धार्मिक पर्यटन"** मार्फत समृद्ध नगर निर्माण गर्ने भन्ने सर्वसम्मत दीर्घकालीन सोच निर्धारण गरिएको हो ।

अग्रणी क्षेत्र निर्धारणका चरणवद्ध प्रक्रिया तथा यसका पुष्टयाईहरू आवधिक योजना तर्जुमा गर्ने क्रममा दीर्घकालीन सोच निर्धारण गर्ने उद्देश्य वमोजिम सञ्चालन भएका दोश्रो नगर भेलाको दीर्घकालीन सोच निर्धारण कार्यशाला प्रक्रियागत प्रतिवेदन, २०६८ (workshop proceeding report) मा विस्तृत रुपमा दिइएको छ ।

# खण्ड ५ क्षेत्रगत विकास योजना

विषयगत योजनाहरू तर्जुमा गर्ने सन्दर्भमा उपलव्ध क्षेत्रगत तथ्याङ्क तथा सूचनाहरूको विश्लेषण, अग्रणी क्षेत्र, दीर्घकालीन सोच, नगरमा भोग्नुपर्ने क्षेत्रगत समस्या तथा मुद्दाको विश्लेषण सहित नगरका सरोकार समूहहरूको सहभागितामूलक छलफलवाट पहिचान भएका कार्यक्रम तथा योजनाहरूको अध्ययन विश्लेषण गर्दै उपलव्ध आर्थिक श्रोतको आधारमा अति आवश्यक योजनाहरू यस प्रथम आवधिक योजनामा समावेश गरिएका छन् । तसर्थ आगामी दिनहरूमा वढ्न सक्ने जनसंख्या तथा नगरवासीहरूको आधारभूत आवश्यकतालाई सम्वोधन गर्ने प्रयास अनुरुप प्रस्तावित विषयगत योजनाहरू निम्न छन् :-

## ५.१ भौतिक विकास तथा भौतिक पूर्वाधार विकास योजना

यस नगरमा भई रहेको विकास निर्माण, नगरवासीहरूद्वारा तय गरिएको अग्रणी क्षेत्र सहितको दीर्घकालीन सोच प्राप्तितर्फ उन्मुख हुने क्रममा यस नगरको भूभागमा हुने विभिन्न खालका विकास निर्माण सम्वन्धी क्रियाकलापहरू, भविष्यमा सञ्चालन हुने वनेपा-वर्दिवास सडक खण्ड तथा निर्माण हुने अन्तराष्ट्रिय विमान स्थल तथा द्रुत मार्गले गर्दा यस नगरमा आर्थिक अवसरका सम्भावनाहरूमा वृद्धि हुन जाने छ । यसरी नगरमा आर्थिक गतिविधिहरू सञ्चालनमा आउने प्रक्रिया आरम्भ हुने लक्षण देखिन थालेपछि नगरका विद्यमान जनसंख्या यस नगरप्रति नै आकर्षित हुनेछन् भने यस आसपास लगायत अन्य क्षेत्रको जनसंख्याहरू समेत यस नगरप्रति आकर्षित भई यहाँको जनसंख्या वृद्धि हुन जानेछ । यसरी वृद्धि हुन जान सकिने जनसंख्यालाई मध्य नजर गरी समयमै विचार गर्न नसकिएको खण्डमा अव्यवस्थित शहरीकरणको शिकार यस नगर पनि हुनेछ ।

हुन त राष्ट्रिय जनगणना २०११ विस्तृत विवरण आउन वाँकि नै छ तथापि यस नगरको विगतको जनसंख्यालाई आधार मानी अगामी २० वर्षमा वृद्धि हुन सकिने जनसंख्याको प्रक्षेपण गरिएको छ । जस अनुसार सन २०५८ मा जलेश्वर नगरपालिकाको जनसंख्या २२,०४६ रहेको थियो भने यो जनसंख्या सन २०११ मा २४,५८२ रहेको र हालको जनगणना अनुसार यस नगरको जनसंख्या अनौपचारिक रुपमा २५,००० पुगेको देखिन्छ । विगतको जनसंख्याको वृद्धि तथा वर्तमान परिवेशमा यस क्षेत्रको जनसंख्या वृद्धि दर वार्षिक २.५ प्रतिशतको अनुमान गर्दा अगामी २० वर्षको यस नगरको जनसंख्या ४०,२८० पुग्ने अनुमान गरिएको छ ।

**तालिका नं. ७ : जनसंख्या प्रक्षेपण**

| क्र.सं. | जनगणना बर्ष | जनसंख्या | जनसंख्या वृद्धिदर |
|---|---|---|---|
| १ | 2068 | 24582 | 22046 |
| २ | 2078 | 31,467 | 2=2 |
| ३ | 2088 | 40,280 | 2=21 |

विकासमा हुने विकेन्द्रीकरण, सिमाना शहरको विकास तथा यस नगरले परिकल्पना गरेको दीर्घकालीन सोच प्राप्ति तर्फ उन्मुख हुँदा हुनजाने औद्योगिक गतिविधी, वैदेशिक रोजगारीमा जाने युवाहरूको मार्फत नगरमा भित्रिने रेमिट्यान्स आदिले गर्दा नगर स्थित जग्गामा वस्ती विकास तथा मानव वसोवासको लागि अस्पताल, शिक्षण संस्था, होटल, रेष्टुरेन्ट, मनोरञ्जन स्थल लगायतका थुप्रै आवश्यक सेवा सुविधाहरूको निर्माण हुन्छ । यस्ता गतिविधिहरूले भविष्यमा नगरको जग्गामा वढी चाप हुन्छ । यदी यस्ता चापलाई समयमै ध्यानमा राखी भौतिक विकास सम्वन्धी नीतिहरू तर्जुमा नगर्ने हो भने यो नगरको वाहिरी भाग पनि अहिलेको भित्री भाग जस्तै अव्यवस्थित (सांघुरा सडक, पूर्वाधार निर्माण तथा विस्तारमा असहज, खुल्ला क्षेत्रको अभाव आदि) तवरले विकास हुन जानेछ ।

तसर्थ नगरवासीहरूद्वारा तय गरिएको अग्रणी क्षेत्र सहितको दीर्घकालीन सोच, नगरमा भई रहेको विकास निर्माणका विविध पक्षहरू, आगामि २०-२५ वर्षसम्मको आवधिमा हुन सक्ने जनसंख्या वृद्धि तथा विकासको क्रमको साथ, केही पूर्वानुमानको आधारमा भविष्यमा हुन जाने शहरीकरण प्रक्रियालाई निर्देशित गरी विद्यमान नगरवासी तथा भविष्यमा वृद्धि हुन सक्ने थप जनसंख्याको आवश्यकता समेत पूर्ति गरी व्यवस्थित तवरले वस्तीहरूको विकास गराउने उद्देश्य वमोजिम यस नगरको भौतिक विकास तथा भौतिक पूर्वाधार विकास योजना तर्जुमा गरिएको छ । यस भौतिक विकास योजनाले जलेश्वर नगरको शहरी विकास प्रक्रियालाई योजनावद्ध तवरले विकास गर्दै लैजान आवश्यक दिशा निर्देश गर्नेछ र तर्कबद्ध पद्दतिमा आधारित भौतिक विकास तथा भौतिक पूर्वाधार विकास योजना तल विवेचना गरिएको छ ।

**लक्ष्य**

१. जलेश्वर नगर व्यवस्थित शहरको रुपमा विकसित भएको हुनेछ ।

**उद्देश्य**

१. शहरीकरण प्रक्रियालाइ मार्ग निर्देशन गर्दै व्यवस्थित एवं योजनावद्ध बस्तीहरुको विकास गर्ने ।

**नतिजा**

१ शहरी विकास प्रक्रिया निर्देशित भएको हुनेछ ।.

२. शहरी विस्तार क्षेत्रको आधारमा भौतिक पूर्वाधारहरूको निर्माण भएको हुनेछ ।

३. भूमिको सर्वोचित ढंगले प्रयोग भएको हुनेछ ।

४. योजनाबद्ध वस्तीहरूको निर्माण भएको हुनेछ ।

५. सार्वजनिक तथा निजी घरहरूको नक्सा पास र निर्माण परिमाणात्मक तथा गुणात्मक हिसावले बृद्धि भएको हुनेछ ।

**कार्यक्रम**

- शहरी विस्तार क्षेत्रको निधारण गर्ने ।
- भू-उपयोग योजना तर्जुमा गर्ने ।
- भवन निर्माण मापदण्ड तर्जुमा गरी लागु गर्ने ।
- भू तथा भवन उपयोग नियमावली तर्जुमा गरी लागु गर्ने ।
- जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने ।

यससँग सम्वन्धित योजना तथा कार्यक्रमहरू विस्तृत रुपमा वहुक्षेत्रगत लगानी योजनामा दिईएको छ भने प्रमुख कार्यक्रमहरूको व्याख्या तल दिईएको छ ।

**क ) शहरी विस्तार क्षेत्र**

नगरपालिकामा वद्दो शहरीकरण, मापदण्ड विपरित भवन निर्माण र भौतिक पूर्वाधार नपुगेको क्षेत्रमा समेत वस्ती विस्तार भई रहेको सन्दर्भमा भविष्यमा विकासका अवसरहरूका साथै रोजगारी लगायतका कारणले हुनसक्ने जनसंख्या वृद्धि र त्यसले ल्याउने शहरीकरणको चापलाई मध्यनजर गरी व्यवस्थित वस्ती विस्तारका

लागि शहरी विस्तार क्षेत्रको प्रस्तावना गरिएको छ । जलेश्वर नगरपालिकाका केही वडाहरूमा शहरीकरणले तिब्र गति लिएको देखिन्छ । विशेष गरी सडक तथा अन्य पूर्वाधारको उपस्थिति तथा स्तरले बस्ती विस्तारमा ठूलो भूमिका खेलेको पाइन्छ । निजी बस्ती विकासका कार्यक्रमहरूले पनि सोही सिद्धान्तलाई अपनाई घडेरी विकास कार्य अगाडि बढाइरहेको पाइन्छ । यसै वास्तविकतालाई अगाडि सार्दै वस्ती कै आसपासमा सवैखाले पूर्वाधार सुविधा भई अझ पनि केही वस्ती विकास हुनको लागि खाली जग्गा उपलव्ध रहेको हुँदा त्यस्ता क्षेत्रमा शहरी विस्तारको लागि न्यून अवसर रहेको क्षेत्रको रुपमा लिइएको छ । सडक, विद्युत तथा वस्ती सँगै नजिक भएर पनि हाल कृषि प्रयोजनमा भई रहेको तर घडेरी विकासको लागि जग्गा खरिद भई रहेको र घरहरूको निर्माण भई रहेको क्षेत्रमा शहरी विस्तार क्षेत्र प्रथमको रुपमा प्रस्ताव गरिएको छ ।

आर्थिक विकास तथा शहरिकरण प्रक्रियालाई निर्देशित गर्न भौतिक योजना अन्तर्गत प्रस्ताव गरिएका प्रमुख सडकहरूको केही क्षेत्र तथा अन्य रणनीतिक योजनाहरूका आसपासका खाली क्षेत्र र यसैगरी तत्कालै पूर्वाधारको पहुँच नपुगेको, जग्गाको विक्री वितरण पनि कम तर हालको लागि कृषि प्रयोजनमा आएका क्षेत्रलाई भावी शहरी विस्तार क्षेत्रको रुपमा प्रस्तावना गरिएको छ । (प्रस्तावित क्षेत्र सहितको नक्सा भौतिक विकास योजनाको नक्सामा प्रस्तुति गरिएको छ । पेज नं. ४३)

## ख) भू-उपयोग योजना

भौतिक पूर्वाधारहरू योजनावद्ध एवम् सकेसम्म मितब्ययी ढंगले खर्च गरी लगानीको प्रभाकारिता बढाउन र शहरी विकास प्रक्रियालाई अझ व्यवस्थित रुपमा अगाडि वढाउँदै लैजाने उद्देश्य अनुरुप भू-उपयोग क्षेत्र निर्धारण गरिएको छ । भू-स्वामित्व व्यक्ति विशेष तथा विभिन्न संघ संस्थाको नाममा रहेतापनि नगर क्षेत्रमा रहेका भूमिमा के कस्ता भौतिक संरचना निर्माण गर्न दिने र त्यस्ता भौतिक संरचना तथा भूमिमा के कस्ता क्रियाकलापहरू सञ्चालन गर्न दिने भन्ने कानुनी अधिकार स्थानीय निकायमा रहेको हुन्छ । तसर्थ व्यक्तिगत सम्पतिको स्वामित्व माथिको अधिकारलाई दखल अन्दाज नहुने गरी भूमिमाथि हुने प्रयोजनलाई नियन्त्रण तथा निर्देशन गरी शहरी विकासलाई व्यवस्थित गर्न यो योजना प्रस्ताव गरीएको छ । भू-उपयोग योजना कार्यान्वयन गर्ने क्रममा व्यक्तिगत स्वामित्वमा रहेका कतिपय भूमिमा सार्वजनिक हितका क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने भएमा उचित मुआव्जा तथा कानुनी प्रक्रिया अपनाएर स्थानीय निकायले त्यस्ता भूमि अधिग्रहण गर्न सकिन्छ । विद्यमान अवस्थामा सञ्चालित क्रियाकलापहरूलाई मध्य नजर गरी यो भू-उपयोग क्षेत्र निर्धारण गरिएको छ ।यस योजना अन्तर्गत निर्धारण गरिएका भू-उपयोग क्षेत्रहरू निम्न अनुसारका छन । प्रस्तावित क्षेत्र सहितको नक्सा भू-उपयोग योजना नक्सामा प्रस्तुति गरिएको छ । पेज नं. ४४)

### आवासीय तथा व्यापारिक क्षेत्र

नगरको भित्री भू-भाग विशेष गरी बजार क्षेत्र, मुख्य सडक तथा सहायक सडकहरूसँग जोडिएका घरहरू मुख्यतया आवासीय तथा व्यापारिक प्रयोजनमा रहेका हुँदा सोही अनुसार यस्ता क्षेत्रलाई आवासीय तथा व्यापारिक क्षेत्रको रुपमा प्रस्तावना गरिएको छ । यस क्षेत्रमा भईरहेका कृयाकलापहरूलाई असर नपर्ने कृयाकलापहरू मात्र सञ्चालन गर्ने गरी भवन निर्माण तथा भवन तथा भू-उपयोग नियमावली तर्जुमा गरी लागु गर्नु र गराउनु पर्ने हुन्छ ।

### व्यापारिक क्षेत्र

शहरीकरणको चाप सँगसँगै नयाँ व्यापारिक क्रियाकलापहरूको सञ्चालन तथा ठूला व्यापारिक केन्द्ररुको स्थापना शहरी क्षेत्रमा क्रमशः वढ्दै जाने र यस्ता क्रियाकलाप सञ्चालनको लागि विशेष प्रकारका सुविधाहरू आवश्यक पर्ने (जस्तैः चौडा सडक, ठूलो सङ्ख्यामा सवारी पार्किङ् आदि) छ । यस्ता क्रियाकलापहरू जस्तो सुकै स्थानमा पनि सञ्चालन गर्न दिएमा सञ्चालन गरिने क्षेत्रहरूमा यसको नकारात्मक असर पर्ने हुन्छ र

यसका ज्वलन्त उदाहरणहरू नेपालका ठूला शहरहरूले भोगिरहेको छ । यसै पक्षलाई मध्य नजर गरी यस्ता क्रियाकलापहरूलाई निर्दिष्ट गर्न प्रस्तावित कृषिजन्य उद्योगको तथा प्रस्तावित वसपार्कको आसपासकाका सम्भावित स्थानहरूमा व्यापारिक क्षेत्रको विकास गर्न प्रस्तावना गरिएको छ ।

यस क्षेत्रमा भई रहेका क्रियाकलापहरूलाई असर नपार्ने क्रियाकलापहरू मात्र सञ्चालन गर्ने गरी भवन निर्माण स्वीकृत दिने प्रावधान तर्जुमा गर्नु जरुरी छ । हालको अवस्थामा वडा नं. ५ को जि.वि.स चोक देखि दुर्गा चोक हुँदै नगरपालिका चोक वरपरका क्षेत्रमा मुख्यतया व्यापारिक प्रयोजनका लागि प्रयोग भएका छन् । प्रस्तावना भौतिक विकास योजनाको अनुसार नगरपालिका चोक देखि बर्दिवास जाने सडक खण्डको अन्कर गा.वि.स छुने सडकको दाँया वाँयाको र जि.वि.स चोकदेखि भिट्टामोड जोडने सडक खण्डको वरपरको आवासिय तथा व्यापारिक क्षेत्र प्रस्तावना गरिएको छ ।

**आवासिय क्षेत्र “क”**

नगरको भित्री क्षेत्रमा ३-४ तल्लाका आवासीय प्रयोजनका घरहरूको वाहुल्यता रहेको र विद्यमान भौतिक पूर्वाधार विषेश गरी सडकको चौडाई अनुसार अग्ला भवनहरू निर्माणले यस क्षेत्रको वातावरणमा नकारात्मक असर पर्न सकिने हुँदा यस क्षेत्रमा अधिकतम ४ तल्ला सम्मका घरहरू निर्माण गर्न सकिने गरी यस क्षेत्रलाई आवासीय क्षेत्र “क” निर्धारण गरीएको छ । यस क्षेत्रमा आवासीय क्रियाकलापहरू र त्यस्ता क्षेत्रमा बसोबास गर्ने नगरवासीहरूको जीवनशैलीमा सरल पार्ने क्रियाकलापहरूलाई सञ्चालन गर्न अनुमति दिने र नकारात्मक प्रभाव पार्ने खालका क्रियाकलापहरूलाई वन्देज गर्ने गरी भवन निर्माण तथा क्रियाकलापहरू सञ्चालन गर्न सकिने प्रावधान सहितको नियामावली तर्जुमा गरी लागु गर्न जरुरी छ । हाल आवासीय क्षेत्र क को रुपमा वडा नं. ५ को बुद्धिजिवी चोकदेखि दुर्गा चोक हुँदै नगरपालिका चोक र वडा नं. ७ का केही क्षेत्रहरू यस अन्तर्गत प्रस्ताव गरिएको छन् । प्रस्तावित भौतिक विकास योजनामा वडा नं. २ ,६ र ४ मा यस क्षेत्र विस्तार गर्ने प्रस्ताव गरिएको छ ।

**आवासीय क्षेत्र “ख”**

शहरी विस्तार क्षेत्र जुन क्षेत्रमा नयाँ आवासीय क्रियाकलापहरूको विस्तार हुने सम्भावना भएका क्षेत्रहरू छन् त्यस्ता क्षेत्रलाई आवासीय क्षेत्र “ख” निर्धारण गरिएको छ र यस क्षेत्रमा जग्गा एकीकरण माध्यमवाट व्यवस्थित वस्तीको समेत विकास गर्ने प्रस्तावना गरिएको हुँदा यस्ता क्षेत्रमा सडकको चौडाई तथा जग्गाको क्षेत्रफल हेरी FAR को आधारमा पाँच तल्ला भन्दा अग्ला घरहरू समेत निर्माण गर्न दिन सकिने छ । विशेष गरी प्रस्तावित चक्रपथ तथा प्रस्तावित तटवन्ध सडकको आसपासका भू-भागलाई आवासीय क्षेत्र “ख” को रुपमा प्रस्ताव गरिएको छ । यस क्षेत्रमा आवासीय क्रियाकलापहरू र त्यस्ता क्षेत्रमा बसोबास गर्ने नगरवासीहरूको जीवनशैलीलाई सरल पार्ने क्रियाकलापहरूलाई सञ्चालन गर्न अनुमति दिने र नकारात्मक प्रभाव पार्ने खालका क्रियाकलापहरूलाई वन्देज गर्ने गरी भवन निर्माण तथा क्रियाकलापहरू सञ्चालन गर्न सकिने प्रावधान सहितको नियामावली तर्जुमा गरी लागु गर्न जरुरी छ ।

आर्थिक विकासको गति तथा दीर्घकालीन सोचको प्राप्ति तर्फ उन्मुख हुने क्रममा भविष्यमा वृद्धि हुने जनसंख्या तथा त्यस्ता जनसख्याको लागि आवश्यक सुविधा सहितलाई मध्यनजर गरी नगरका केही उपयुक्त स्थानमा मानव वसोवासको लागि आधुनिक, सुविधा सम्पन्न एवं व्यवस्थित नमुना नगरहरूको निर्माणको लागि प्रस्तावना गरिएको छ । यस्ता क्षेत्रहरूमा वहु तल्ले संयुक्त आवास (एपार्टमेन्ट), मानव वसोवासको लागि आवश्यक व्यापारिक, शैक्षिक, स्वास्थ, लगायत मनोरञ्जनात्म सुविधाहरू सहितको एकीकृत वस्तीहरू विकास गर्न सकिन्छ । यस्ता क्षेत्रमा आवासीय क्रियाकलापहरू वाहेक आधुनिक सुविधायुक्त व्यापारिक क्रियाकलापहरू, रोजगारीमूलक क्रियाकलापहरू, मानव वसोवासको लागि आवश्यक अन्य सुविधाहरू समेत सञ्चालन गर्न सकिने गरी अनुमति दिन सकिने प्रावधान सहितको नियामावली तर्जुमा गरी लागु गर्नु जरुरी

छ ।

प्रस्तावित भौतिक विकास योजना जग्गा एकीकरण अवधारण अनुसार प्रकौलि व्यारिकदेखि पश्चिम वडा नं. ९ रमैल क्षेत्र वडा नं. ११ खैरा चोकदेखि पूर्व दक्षिणमा सुगा चोक सम्मको जग्गा तथा हाल वडा नं. १मा रहेको प्रस्तावित मणिपाल कलेजको खाली जग्गामा व्यवस्थित वस्ती विकास गर्ने प्रस्तावना गरिएको छ ।

**संस्थागत क्षेत्र**

विद्यमान अवस्थामा वहुसङ्ख्यक सरकारी तथा गैरसरकारी कार्यालयहरू स्थापना भएका क्षेत्रमा अझ पनि भविष्यमा वृद्धि हुन सकिने यस्ता कार्यालयहरूका लागि आवश्यक भूमिको व्यवस्था गर्न सकिने तथा यस क्षेत्रमा सार्वजनिक खुला क्षेत्रहरू समेत रहेको हुँदा यसै क्षेत्रमा संस्थागत गतिविधिहरू विस्तार गर्नेगरी संस्थागत क्षेत्र निर्धारण गरिएको छ । यस क्षेत्रमा हुने कृयाकलापलाई नकारात्मक प्रभाव नपर्ने खालका जुनसुकै कृयाकलापहरू यस क्षेत्रमा सञ्चालन गर्न दिने प्रावधान सहितको नियमावली तर्जुमा गरी लागु गर्न जरुरी छ ।

हालको अवस्थामा वडा नं. ५ को प्लानिङ्ग क्षेत्रमा सरकारी तथा अन्य संघ सस्थाहरू रहेका छन् साथै वडा नं. २ को नगरपालिका चोक वरपरि पनि नगरपालिका लगायत अन्य केहि सरकारी निकाय तथा अन्य संघ सस्थाहरू रहेका हुँदा यस्ता क्षेत्रलाई नै संस्थागत क्षेत्रको रुपमा विकास गर्ने प्रस्तावना गरिएको छ ।

**औद्योगिक क्षेत्र**

कृषि तथा पशुमा आधारित उद्योग यस क्षेत्रको आर्थिक विकासको लागि अति महत्वपूर्ण पक्ष रहेको हुँदा यस्ता कृयाकलापहरू निर्देशित गर्न नगरको केही क्षेत्रलाई समेटी उक्त क्षेत्रमा कृषि तथा पशुजन्य औद्योगिक क्षेत्र निर्धारण गरिएको छ (नक्सा भू-उपयोग योजना) । उक्त क्षेत्रमा कृषि प्रशोधन उद्योग (Agro processing Industry) सञ्चालन तथा कृषि सेवा केन्द्र (Agro Base Service Center) को स्थापना गर्नको लागि प्रस्ताव गरी ठूला तथा मझौला खालका प्रदूषण मुक्त उद्योगहरू र तिनका लागि आवश्यक कार्यालयहरू र मजदुरहरूको लागि आवास तथा अन्य गतिविधिहरू सञ्चालन गर्न सकिन्छ । तसर्थ यस क्षेत्रमा हुने कियाकलापहरूलाई नकारात्मक प्रभाव नपार्ने खालका जुनसुकै कृयाकलापहरू यस क्षेत्रमा सञ्चालन गर्न दिने प्रावधान सहितको नियामावली तर्जुमा गरी लागु गर्न जरुरी छ ।

वडा नं. १० देखिउत्तर र वडा नं. ८ पूर्वमा मदाइ गा.वि.सँग जोडिएको नगरपालिका क्षेत्र र वडा नं. १० देखि पूर्वमा पिगौना र सिमरदहि गाविस नजिकैको नगरपालिका क्षेत्रमा कृषि तथा पशुजन्य उद्योग क्षेत्र प्रस्तावना गरिएको छ ।

**कृषि क्षेत्र**

विद्यमान अवस्थामा कृषि कृयाकलापको प्रयोगमा आइरहेको भूमिलाई यस क्षेत्रको रुपमा निर्धारण गरिएको छ । विशेष गरी रातो नदीको वहाव क्षेत्र र यसले असर पार्ने क्षेत्र, डोल क्षेत्रलाई कृषि क्षेत्रको रुपमा प्रस्ताव गरिएको छ । यस क्षेत्रमा कृषि प्रयोजनको लागि आवश्यक कृयाकलापहरू बाहेक अन्य कृयाकलापहरूको सञ्चालनमा निरुत्साहन गर्न सकिने प्रावधान सहितको नियमावली तर्जुमा गरी लागु गर्न जरुरी छ ।

हालको अवस्थामा वडा नं. १,२,६,४,५,११,१२,१३ का वस्ती क्षेत्र वाहेकका अन्य क्षेत्रहरू कृषि योग्य जमीनको रुपमा उपयोगमा रहेको छ । प्रस्तावित भू उपयोग योजना अन्तर्गत बस्ती विकास क्षेत्र र प्रस्तावित शहरी विस्तार क्षेत्र वाहेकका क्षेत्रलाई तत्कालको लागि कृषि क्षेत्र र समय सापक्ष यस्ता क्षेत्रहरूको प्रयोजनमा परिवर्तन गर्ने गरी प्रस्तावना गरिएको छ ।

### सार्वजनिक हरित र खुला क्षेत्र

रातो नदीको दायाँ बायाँको जमीन वस्ती विस्तारको लागि असुरक्षित रहेको र यस नदीबाट वडा नं. १, २, ६, ४ को कृषि क्षेत्र तथा वस्तीहरू डुवानमा पर्ने समस्या रहेको हुँदा यस नदीमा तटवन्ध बनाइ रातो नदीको वरपरको क्षेत्रमा निर्माण कार्य नगराई सो क्षेत्रलाई हरियाली क्षेत्रको रुपमा विकास गर्ने गरी क्षेत्र निर्धारण गरिएको छ ।

### ग) भू-उपयोग नियमावली तथा भवन निर्माण मापदण्ड

भू-उपयोग योजनाको तर्जुमाले मात्र नगर सुन्दर एवं व्यवस्थित हुन सक्दैन र यसको कार्यान्वयनको लागि भू-उपयोग क्षेत्र अनुसारका जग्गा तथा त्यस्ता क्षेत्रमा निर्माण हुने भवनहरूमा के कस्ता गतिविधिहरू सञ्चालन गर्न दिने, के कस्ता गतिविधिहरूमा वन्देज लगाउने जस्ता नियमावली समेत तर्जुमा गरी लागु गर्नुपर्ने हुन्छ । उदाहरणको लागि वालवालिका पढाईहुने प्राथमिक विद्यालय सँगै कलकारखाना, ग्यारेज, वहुउद्देश्य भवन, सिनेमा हल आदि निर्माण तथा सञ्चालन गर्न दिने की नदिने भन्ने महत्वपूर्ण विषय हो र यस्ता नियमावली वनाई कार्यान्वयन नगर्ने हो भन्ने भू-उपयोग योजनाको मात्र खासै उपलब्धि हुदैन । तसर्थ यस भौतिक योजनामा विस्तृत भू-उपयोग योजना तर्जुमा गरी भू-उपयोग क्षेत्र अनुसारको भू तथा भवन उपयोग नियमावली तर्जुमा गर्न सान्दर्भिक देखित्यस्ता नियमावली तर्जुमा गरी कार्यान्वयन गर्न यस आवधिक योजनामा प्रस्ताव गरिएको छ ।

यसैगरी यस नगरको वर्तमान मापदण्डले अगामी दिनहरूमा विस्तार हुने सवै खाले क्रियाकलापहरूलाई समेटन सकिन्दैन । विशेष गरी ४-५ तल्ला सम्मको भवन निर्माणलाई मध्य नजर गरी कार्यान्वयनमा आएका वर्तमान मापदण्ड समय सापक्ष सुधार गर्दै जानुपर्ने हुन्छ । आर्थिक विकासको गति सँगै नगरको समृद्धता प्राप्त गर्दै जाने क्रममा वहुतल्ले सयुक्त आवास (Apartment), आधुनिक व्यवसायिक भवन, अस्पताल, उद्योग, संस्थागत भवन तथा मनोरञ्जनात्मक गतिविधिहरूका लागि आवश्यक संरचनाहरूको विकास हुनेमा दुईमत नहोला । यसको लागि वहुतल्ले एवं वहुउद्देश्य भवनहरू (संयुक्त आवास, व्यापारिक वा मिश्रित भवन आदि) भूकम्पिय दृष्टिकोणले सुरक्षित भवनको निर्माण त्यस्ता भवनहरूमा सवारी साधनहरूको विश्राम स्थल, लिफ्ट, अग्नी नियन्त्रण, आपतकालीन द्वार जस्ता सुविधाहरू तथा सुरक्षाको प्रत्याभूति दिनुपर्ने हुन्छ र यही परिप्रेक्षलाई मध्यनजर गरी यस नगरको वर्तमान भवन निर्माण मापदण्डको अध्ययन विश्लेषण गर्दै मापदण्ड अद्यावधिक गर्न यस आवधिक योजनामा प्रस्ताव गरिएको छ ।

### घ) जग्गा विकास कार्यक्रम

आर्थिक श्रोतको अभावका कारण नगरपालिकाले आवश्यकता अनुसारका पूर्वाधारहरूको विकास गर्न नसक्दा वस्तीहरू अनियन्त्रित तवरले विकास भई रहेको पाइएको छ र यस्ता वस्तीहरूका कारण पूर्वाधारको लगानीमा थप वृद्धि गर्नुपर्ने हुन्न जान्छ । यसरी नगरपालिकालाई एकातिर पूर्वाधारको लगानी जुटाउन गाह्रो छ भने अर्को तर्फ असुविधायुक्त तथा अव्यवस्थित वस्तीहरू वढ्ने क्रममा वृद्धि भई रहेको छ । यसै पक्षलाई मध्यनजर गरी नगरपालिकाको अतिनै न्यून लगानीमा आवश्यकता अनुसारका योजनावद्ध एवं सुविधा सम्पन्न वस्ती निर्माण गर्न सकिने विभिन्न खालका जग्गा विकास विधिहरू मुलुकको विभिन्न शहरहरूमा कार्यान्वयन आएको अवस्थामा नगरपालिकाको विभिन्न स्थानहरूमा पनि यस्ता विधि मार्फत व्यवस्थित वस्तीहरू निर्माण गर्न सकिने देखि निम्न प्रकारका जग्गा विकास कार्यक्रम सञ्चालन गर्न प्रस्तावना गरिएको छ ।

### निर्देशित जग्गा विकास कार्यक्रम

वाटोको असुविधा भई विकसित नभएका वस्तीसँगैका क्षेत्र तथा भावी शहरी विस्तार क्षेत्रमा नयाँ वाटो खोल्न,

चौडा तथा सुधार गर्नको लागि यो कार्यक्रम सञ्चालन गरिन्छ । यो कार्यक्रमले व्यवस्थित वस्ती विकासमा टेवा भने पुऱ्याउँदैन तर वस्ती विस्तारलाई निर्देशित गर्ने कार्य भने गरिन्छ । यसै उद्देश्य वमोजिम यस नगरपालिकाको वडा नं. २ ,४ ६ र ९ का विभिन्न स्थानहरूमा भई रहेको बस्ती विकास क्षेत्रहरूमा आवश्यकता अनुसारका सडक विस्तार गर्न निर्देशित जग्गा विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने देखि यस योजनामा सोही अनुसारका कार्यक्रम प्रस्तावना गरिएको छ ।

**जग्गा एकीकरण कार्यक्रम**

नगरपालिकाको न्यून लगानीमा सुविधा सम्पन्न एवं व्यवस्थित वस्ती विकास गर्न जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्न सकिन्छ । काठमाडौं उपत्यका लगायत देशभर अनुभव गरिएका जग्गा एकीकरण कार्यक्रमलाई यस नगरको विभिन्न स्थानमा सञ्चालन गर्न सकिने देखियो कार्यक्रम सञ्चालन गर्न प्रस्ताव गरिएको छ ।

यसका अलावा कृषीजन्य उद्योग मार्फत आर्थिक समृद्ध प्राप्त गर्न सुख्खा वन्दरगाह र भविष्यमा फोहर व्यवस्थापनको लागि ल्याण्ड फिल साइटको महत्वपूर्ण भूमिका रहने हुँदा यस्ता अति महत्वपूर्ण योजनाहरूलाई अहिले देखि नै भूमि सुरक्षित गर्न समेत आवश्यक भएको हुँदा यस्ता महत्वपूर्ण योजनाहरूलाइ पनि यस योजनामा समावेश गरिएको छ ।

**सुख्खा बन्दरगाह**

प्रस्ताव गरिएका कृषि तथा पशुजन्य उद्योगलाई वास्तविकतामा परिवर्तन गरी समृद्ध नगर निर्माणमा योगदान गर्न निजी क्षेत्रलाई आकर्षित गर्न अति जरुरी छ । जसका लागि पूर्वाधारको रुपमा रहेको चौडा सडक, नियमित विद्युतको व्यवस्था, ठूला सवारी साधनहरूको लागि यथेष्ट विश्राम स्थल तथा कच्चा पदार्थ तथा उत्पादित वस्तुहरू सरल तथा सहजताको साथ आयात निर्यात गर्न भन्सार तथा गोदाम सहितको सुविधायुक्त क्षेत्रको निर्माण हुन अति जरुरी छ । छिमेकी मुलुक भारतको विहार प्रान्तको वर्तमान विकासको गति तथा भारत सरकारले सिमावर्ती क्षेत्रमा निर्माण गर्न लागेका सडक तथा रेल्वेको विकासले गर्दा यस नगरको सामिप्यमा रहेको सिमावर्ती शहर भिट्टामोड सम्म पनि भविष्यमा सडक तथा रेल्वे यातायातको विस्तार हुने सम्भावनालाई मध्ये नजर गरी यस नगरपालिकाको वडा नं १३ मा नैनहि गा.वि.स.सँग जोडिएको नगरपालिकाको मलिवाडा क्षेत्रमा सुख्खा बन्दरगाहको निर्माण गर्ने प्रस्ताव गरिएको छ । प्रस्तावित क्षेत्र सहितको नक्सा भौतिक विकास योजना नक्सामा प्रस्तुति गरिएको छ । पेज नं. ४३)

**ल्याण्डफिल साइट**

नगर क्षेत्रभित्र हाल फोहर व्यवस्थापन प्रमुख समस्याको रुपमा रहेको र वढ्दो शहरीकरणसँगै यो समस्याले अझ वढी समस्या ग्रस्त गर्ने पक्षमा कुनै शङ्का गर्ने ठाँउ छैन । नगरपालिकाले हालको अवस्थामा खाल्डा खुल्डी खाली जमीन तथा डोल क्षेत्रहरूमा फोहर विसर्जन गर्ने गरिएका कार्य स्थायी समाधान होईन र यसको लागि निकट भविष्यमै फोहर प्रशोधन केन्द्र (Landfill site) को निर्माण गर्न आवश्यक भूमिको व्यवस्था गर्न नगरपालिका चनाखो नहुने हो भने भविष्यमा फोहरले नगरवासीहरूलाई निकै पिरोलिने छ । यसै परिप्रेक्षलाई मध्यनजर गरी यस योजनामा फोहोरको उचित व्यवस्थापनका लागि वडा नं. १ मा रातो नदीको किनारमा बेला जाने बाटो नजिक १४ कट्ठा जग्गामा ल्याण्डफिल साइट निर्माणको लागि प्रस्तावना गरिएको छ । प्रस्तावित क्षेत्र सहितको नक्सा भौतिक विकास योजना नक्सामा प्रस्तुति गरिएको छ । पेज नं. ४३)

## ५.२ भौतिक पूर्वाधार

नेपालको अन्न भण्डारको रुपमा रहेको तराई क्षेत्रमा अवस्थित महोत्तरी जिल्लाका विभिन्न क्षेत्रहरू खाद्यान्न नगदेबाली, फलफूल, तरकारीका साथै पशुजन्य उत्पादनको रुपमा रहेको छन् । जिल्लाको सदरमुकाम जलेश्वर र वरपरका गाविसका बासिन्दाहरूको मुख्य आयस्रोत कृषि तथा कृषिजन्य उत्पादन नै रहेको अध्ययनले देखाउँछ । तर कृषि तथा पशुपालनको वैज्ञानिकीकरण, उचित प्राविधिको ज्ञान, दक्ष जनशक्तिको अभाव, सडक तथा अन्य भौतिक पूर्वाधारहरूको अभाव र उचित वजारव्यवस्थापनको कमीका कारण यस क्षेत्रका कृषि तथा पशुजन्य उद्योग र व्यापारको सम्भावनालाई मूर्तरुप दिन सकिएको छैन र सोही कारण उल्लेखनीय संख्यामा कृषि जनशक्ति छिमेकी भारत तथा खाडी मुलुकहरूमा वैदेशिक रोजगारीका लागि वर्षेनी विदेशिने गर्दछन् । रोजगारी कै कारण भविष्यमा विदेश पलाएन हुन सक्ने जनशक्तिलाई स्वदेशमै रोजगार उपलब्ध गराउन यस क्षेत्रका जनशक्तिलाई आर्थिक विकासका गतिविधिहरूमा अधिक सहभागी गराउन कृषि तथा पशुजन्य उद्योग र व्यापारमा फडको मार्न अति जरुरी छ र यसको लागि आवश्यक भौतिक पूर्वाधारहरूको विकास समेत जोड दिनु अति आवश्यक छ ।

भौतिक पूर्वाधारको सुविधा जस्तैः सडक, ढल, विधुत, सञ्चार, खानेपानी, सडक यातायात आदिको विकास एवं विस्तार विना आर्थिक एवं सामाजिक लगायत अन्य कुनैपनि क्षेत्रको विकास कठिन मात्र होइन प्राय असम्भव नै हुन्छ । तसर्थ, उपलब्ध सिमित साधन तथा स्रोतहरूको लगानी अन्य क्षेत्रमा जस्तै आधारभूत पूर्वाधार सेवा तथा सुविधाको निर्माण एवं विस्तारमा पनि खर्चगर्दै जाने संस्कृतिको विकास हुनु अत्यावश्यक छ । तुलनात्मक हिसावले अन्य क्षेत्रहरूमा हुने लगानी भन्दा सडक, ढल, विद्युत, खानेपानी आदिमा हुने लगानीको राशी नगरपालिकाहरूको आय श्रोतले धान्न नसक्ने स्थिति भएको हुँदा यसको लागि केन्द्रीय निकाय वा दातृ निकायहरूसँग लगानीको लागि गुहार्नु स्वाभाविक छ । धेरै नगरपालिकाहरूमा आर्थिक विकासको गति ढिला हुनुमा धेरै हदसम्म पूर्वाधार सेवा सुविधा जिम्मेवार रहेको छ भन्नुमा अत्युक्ति नहोला । यस नगरको भौतिक पूर्वाधार विकास योजना अन्तरगत प्रस्तावित प्रमुख योजनाहरू तर्कपद्ध पद्दतिमा तल विवेचना गरिएको छ ।

## ५.३ तर्कबद्ध पद्दतिमा भौतिक पूर्वाधार विकास योजना

### विषयगत उद्देश्य

नगर क्षेत्रभित्र भौतिक पूर्वाधारको विकास तथा विस्तार गरी सार्वजनिक सेवामा नगरबासीको पहुँच बढेको हुनेछ ।

### नीति

१. शहरी विस्तार योजना, भू-उपयोग योजना, जग्गा विकास कार्यक्रम एवम् शहरी सेवा तथा पूर्वाधारहरूको निर्माण तथा सुधार योजनाहरू तर्जुमा गरी कार्यान्वयन तथा अनुगमन गरिने छ ।

२. भवन निर्माण तथा भू-उपयोग विनियमावली निर्माण गरी कार्यान्वयन गरिने छ ।

३. नगर विकासका लागि रणनीतिक महत्व राख्ने बाहिरी सडक, बाईपास सडक, कृषि सडक, पर्यटकीय मार्ग, आदि सडक सञ्जाल निर्माणमा जोड दिईने छ ।

४. खानेपानी बिस्तार तथा वितरणको लागि एकीकृत खानेपानी आयोजना कार्यान्वयनलाई उच्च प्राथमिकता दिईने छ ।

**रणनीति**

- पूर्वाधारहरूको दीर्घकालीन गुरु योजना तयारी र निर्माण सँगसँगै गर्ने ।
- जनसहभागिता, सहकारी तथा निजि क्षेत्रलाई सक्रिय गराई पूर्वाधारहरूको आपूर्ति गर्ने ।
- आवास क्षेत्र, औद्यागिक क्षेत्र र सेवा केन्द्रलाई जोड्ने गरी सडक निर्माण गर्ने ।
- लागत सहभागिताका आधारमा भित्री सहरका सडक स्तरोन्नति गर्ने ।
- स्थानीय जनतालाई लाभ पुग्ने वातावरण मैत्री अवधारणामा पूर्वाधारहरूको निर्माण गर्ने ।
- सेवा सुविधाका आधारमा भौतिक पूर्वाधारहरूको निर्माण गर्ने ।
- वैकल्पिक लगानी विधिहरू अपनाई पुर्वाधारहरू यथासक्य वढी निर्माण तथा सुधार गर्दै जाने ।

- आवास बिकास योजनाहरू दीर्घकालीन गुरु योजनामा प्रतिपादन गरिएका सडक, ढल र नालाहरूको रेखाङ्कनको आधारमा गर्ने ।
- आवास बिकास योजनाहरूमा सार्बजनिक हरित क्षेत्रहरू समावेश हुने ।
- भौतिक बिकास योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गर्दा जनसहभागितमा जोड दिने ।
- निजी क्षेत्रले व्यवस्थित जग्गा विकास योजना स्वीकृति लिई कार्यान्वयन गरेमा नगरपालिकाबाट अनुदान उपलब्ध गराउने ।
- आवास बिकास योजनाहरूमा लक्षित समुदायको पहुँचलाई स्थान दिने ।
- बातावरणीय सन्तुलन कायम हुने प्रकारले भौतिक संरचनाहरू निर्माण गर्ने ।
- दीर्घकालीन कार्यक्रमको तयारी र लगानी सम्बन्धमा अनुगमनका ('सुख्खा बन्दरगाह' र ''कृषि तथा पशुजन्य औद्योगिक क्षेत्र'') लागि एक कार्यदल गठन गर्ने ।

**सूचकहरू**

१. नगरका बाहिरी बस्तीहरू समेतमा विभिन्न तहका सडक तथा ढलहरूको निर्माणद्वारा आवागमनमा सहजता पुगेको हुनेछ ।

२. एकीकृत खानेपानी आयोजना सम्पन्न भई नगरबासीहरूका लागि खानेपानी उपलब्ध भएको हुनेछ ।

**नतिजा- सडक तथा सडक यातायात**

१. व्यवस्थित सडक सञ्जालको गुरु योजना तयार भएको हुनेछ ।

२. नगर क्षेत्रभित्र विभिन्न स्तरका सडक निर्माण तथा विस्तार भइ सडक यातायात सुगम भएको हुनेछ ।

३. नगर क्षेत्रभित्रको आवागमन र यातायात प्रणालीमा सुधार भएको हुनेछ ।

४. नगर क्षेत्र भित्रका सडकहरूमा ढलको समुचित विकास भएको हुनेछ ।

**कार्यक्रम**

यससँग सम्वन्धीत योजना तथा कार्यक्रमहरू विस्तृत रुपमा वहुक्षेत्रगत लगानी योजनामा दिईएको छ ।

**नतिजा- ढल निकास**

१. व्यवस्थित ढल प्रणालीको गुरु योजना तयार भएको हुनेछ ।

२. गुरु योजना अनुसार ढल निर्माण भएको हुनेछ ।

३. नयाँ क्षेत्रमा ढल निकास निर्माण हुनेछ र विद्यमान ढल निकास अवस्थामा सुधार हुनेछ ।

४. नालाहरू स्वच्छ तथा सफा भई स्वस्थ क्षेत्रमा सुधार भएको हुनेछ ।

**कार्यक्रम**

यससँग सम्वन्धित योजना तथा कार्यक्रमहरू विस्तृत रुपमा वहुक्षेत्रगत लगानी योजनामा दिईएको छ ।

**नतिजा- खानेपानी**

१. खानेपानी आपूर्तिमा परिमाणात्मक वृद्धि भई आपूर्ति व्यवस्थामा सुधार आउने छ ।

२. अधिकतम नगरवासिहरूमा पानीको पहुँच पुगेको हुनेछ ।

३. चुहावट कम भइ पानीको आपूर्ति बढेको हुनेछ ।

**कार्यक्रम**

यससँग सम्वन्धित योजना तथा कार्यक्रमहरू विस्तृत रुपमा वहुक्षेत्रगत लगानी योजनामा दिईएको छ ।

**नतिजा- विद्युत वितरण**

१. बिद्युत वितरण प्रणाली सुधार भई नगरको सम्पूर्ण क्षेत्रमा बिजुलीको सुविधा पुगेको हुनेछ ।

२. बिद्युत आपूर्तिमा नियमितता भएको हुनेछ ।

३. बिद्युत चुहावट नियन्त्रण भएको हुनेछ ।

४. बिद्युत पोल तथा तार ब्यवस्थित भएको हुनेछ ।

५. महत्वपूर्ण स्थानहरूमा सडक वत्तिको व्यवस्था भएको हुनेछ ।

**कार्यक्रम**

यससँग सम्वन्धित योजना तथा कार्यक्रमहरू विस्तृत रुपमा वहुक्षेत्रगत लगानी योजनामा दिईएको छ ।

**नतिजा- टेलिफोन**

१.नगरको सम्पूर्ण क्षेत्रमा टेलिफोन जडानको सुविधा पुगेको हुनेछ ।

२.दूरसञ्चार सेवाको विविधता र सेवामा सुधार भएको हुनेछ ।

३. लक्षित तथा गरिवी समुदायमा सार्वजनिक टेलिफोनको सुविधा प्राप्त भएको हुनेछ ।

**कार्यक्रम**

यससँग सम्बन्धित योजना तथा कार्यक्रमहरू विस्तृत रुपमा वहुक्षेत्रगत लगानी योजनामा दिईएको छ ।

# खण्ड ६ सामाजिक विकास योजना

जलेश्वर नगरपालिकाको समग्र विकासको लागि भौतिक विकास योजनाको साथसाथै सामाजिक विकास योजनाको तर्जुमा एवम् यसको प्रभावकारी कार्यान्वयन गर्न नितान्त आवश्यक हुन्छ । यस्ता योजनाले नगरवासीहरूको सामाजिक पक्षमा गुणात्मक सुधार गर्नुको साथै नागरीकहरूको आधारभूत आवश्यक्ता पुरागर्न मद्दत गर्दछ । जलेश्वर नगरपालिकाको सामाजिक विकास योजना अन्तर्गत शिक्षा, स्वास्थ्य र लक्षित वर्ग(महिला, वालवालिका, जेष्ठ नागरीक, दलित, आदिवासी जनजाति, मुस्लिम वर्ग आदि) सँग सम्वन्धित समस्याहरूको पहिचान गरी यी समस्याहरूलाई सम्वोधन गर्न सामाजिक विकास योजना तर्जुमा गरिएको छ।

## शिक्षा

स्थानीय वासिन्दामा साक्षर सङ्ख्या वृद्धि गर्न औपचारिक, अनौपचारिक तथा प्रौढ शिक्षा सञ्चालनका कार्यक्रमहरू प्रस्ताव गरिएका छन् । यसका अतिरिक्त, शैक्षिक सस्थाहरूको भौतिक पक्षको सुधार जस्तैः भवन निर्माण, थप कक्षा कोठाको निर्माण तथा मर्मत, विद्यालयहरूमा शौचालय निर्माण तथा फर्निचरको व्यवस्था गर्ने जस्ता कार्यक्रमहरू प्रस्ताव गरिएका छन् । लक्षित वर्गको हकमा यी वर्ग शिक्षामा विशेष छुटको व्यवस्था गर्नुपर्ने खालका कार्यकम पहिचान गरिएका छन् ।

## स्वास्थ

नगरपालिकाले जिल्ला स्वास्थ्य कार्यालय, अञ्चल अस्पताल आदिको सहयोगमा गैससहरूलाई अधिकतम परिचालन गरी वडा वडामा नियमित स्वास्थ्य परीक्षणको व्यवस्था निशुल्क उपलब्ध गराउने र वालवालिकाहरूका लागि नियमित खोपको व्यवस्था गर्ने कार्यक्रम प्रस्ताव गरिएको छ । त्यसैगरी जिल्ला अस्पताललाई आधुनिकीकरण गरी थप सेवा तथा सुविधाको लागि सक्षम वनाउने र ग्रामीण वडाहरूमा स्वास्थ्य केन्द्रको निर्माण गर्ने जस्ता कार्यक्रम रहेको छ ।

## लक्षित वर्ग

महिला, वालवालिका, जेष्ठ नागरीक, दलित, आदिवासी जनजाति, फरक क्षमताका व्यक्ति, मुस्लिम समुदाय, तोश्रोलिंगी आदिको आधारभूत शिक्षा, स्वास्थ्य, आयआर्जन, चेतनामूलक योजना तथा कार्यक्रमहरू यस अन्तर्गत प्रस्ताव गरिएका छन् । यसैगरी  चेलीवेटी वेचविखन, अन्ध विश्वास, छुवाछुत, तिलक प्रथा, मदिरा, जुवा तास जस्ता पक्षमा नियन्त्रण गर्ने र स्वास्थ्य तथा सरसफाई सम्वन्धी चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने समेत प्रस्ताव गरिएका छन् । यी सम्पूर्ण कार्यक्रमहरूमा नगरपालिकाले समन्वयकर्ता एवम् सहजकर्ताको भूमिका निर्वाह गरी यस क्षेत्रमा कार्यरत सम्पूर्ण गैससहरूलाई अधिकतम रुपमा परिचालन गर्ने सोच समेत यस योजनामा प्रस्ताव गरिएको छ ।

## गरिवी न्यूनीकरण

जलेश्वर नगरपालिकाका बासिन्दा, बिशेषगरी दलित, जनजाति, पिछडिएका तथा सिमान्तिकृत वर्गमा व्याप्त गरिवी न्यूनीकरण गर्नको लागि यस आवधिक योजनामा विभिन्न योजना तथा कार्यक्रम प्रस्ताव गरिएका छन् । मुख्यतया नगरमा आर्थिक रुपले पछाडि परेका वर्गहरूको पहिचान गरी उनीहरूले गर्दै आइरहेका पेशाको व्यवसायीकरण गरी वजारीकरणको व्यवस्था गर्ने, योग्यता र क्षमता अनुसार सरकारी तथा निजी क्षेत्रमा यस्ता वर्गको लागि आरक्षण तथा रोजगारीको व्यवस्थाको लागि पहल गर्ने, व्यक्तिको रुची, क्षमता र बजारको आवश्यकता अनुसारको प्राविधिक शिक्षा र रोजगारमूलक, आयमूलक तालिम उपलब्ध गराउने आदि पर्दछन् । गरिवी न्यूनिकरण गर्न नगरमा भएका गरिव पहिचान गरी सामाजिक जीवन स्तर सुधार गर्न लक्षित वर्ग उन्मुख कार्यक्रम यस सामाजिक विकास कार्यक्रममा उल्लेख गरिएका छन् । त्यसैगरी यी वर्गको आर्थिक

स्थीति सुधार गर्न स्थानीय रोजगार कार्यक्रम आर्थिक विकास योजनामा उल्लेख भएका छन् ।

माथि उल्लेखित तथा सामाजिक विकाससँग सम्वन्धित अन्य कार्यक्रम तथा योजनाहरूको सूची तर्कबद्ध पद्दतिमा तल प्रस्तुत गरिएको छ भने विस्तृत योजना तथा कार्यक्रमहरू वहुक्षेत्रगत लगानी योजनामा दिईएको छ ।

## ६.१ तर्कबद्ध पद्दतिमा भौतिक पूर्वाधार विकास योजना

**शिक्षा**

**बिषयगत उद्देश्य**

सवै वर्ग समुदायको आधारभूत तथा गुणात्मक शिक्षा तथा स्वास्थ सुविधा प्राप्त गरी गरिवी न्यूनीकरण गर्दै सन्तुलित समाजको निर्माण भएको गर्ने ।

**नतिजा- शिक्षा**

१. नगरको साक्षरता प्रतिशतमा अभिवृद्धि हुनेछ ।

२. आधारभूत तहमा विद्यालय भर्नादरमा बृद्धि  हुनेछ ।

३. साक्षर प्रौढहरूको संख्यामा अभिवृद्धि हुनेछ ।

४. सामुदायिक बिद्यालयहरूको भौतिक पूर्वाधार निर्माण तथा शैक्षिक वातावरणमा सुधार भएको हुनेछ ।

५. गुणात्मक शिक्षा प्रणालीको विकास भएको हुनेछ ।

**रणनीति**

- शैक्षिक क्षेत्रको विकास गर्न शिक्षा कार्यालय, स्थानीय गै.स.स, अन्तराष्ट्रिय गैससहरूसंग समन्वय गर्दै कार्यक्रम सञ्चालन गर्ने ।
- जि.शि.का सँग समन्वयन गरी नियमित प्रौढ कक्षा सञ्चालन गर्ने ।
- उच्च शिक्षा तथा प्राविधिका शिक्षालय स्थापन गर्ने निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।

**कार्यक्रम**

१.विद्यालयहरूको भौतिक अवस्था सर्वेक्षण तथा निर्माण

२.पूर्व बालशिक्षा कार्यक्रम ।

३. शिक्षा सम्वन्धी चेतनामूलक कार्यक्रम ।

४. साक्षरता कार्यक्रम सञ्चालन गर्ने ।

५. प्राबिधिक तथा स्वास्थ्य अध्ययन संस्था स्थापना र सञ्चालन कार्यक्रम ।

६. उच्च शिक्षा छात्रबृति सहयोग कार्यक्रम (मधेशी, मुश्लीम, पिछडा वर्ग, दलित, जनजाति र आदिवासी समुदायका अति गरिव परिवारका जेहेन्दार बालबालिकाहरू) ।

७. शैक्षिक गुणस्तर सुधार कार्यक्रम ।

८. शिक्षक क्षमता विकास कार्यक्रम

**स्वास्थ्य**

**नतिजा-** नगरवासीहरूको स्वास्थ्य सेवामा पहुँच पुगेको हुनेछ ।

**रणनीति**

- जनस्वास्थ्य कार्यालय, स्थानीय गै.स.स , अन्तराष्ट्रिय गै.स.सहरू संग समन्वय गर्दै नियमित स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने ।
- जिल्ला अस्पताल स्तरोन्नति गर्न सम्वन्धित निकायमा पहल गर्ने ।

**कार्यक्रम**

१.चेतनामूलक कार्यक्रम ।

२. स्वास्थ्य केन्द्रहरूको स्थापना ।

३.प्रसुति अस्पताल स्थापना तथा वडागत मातृशिशु सेवा सञ्चालन ।

४.जिल्ला अस्पताल स्तरोन्नति ।

५.स्वास्थ्य सम्वन्धी कार्यक्रम सञ्चालन ।

**लक्षित वर्ग**

**नतिजा-**

१.नगरमा भएका दलित, आदिवासि जनजाति, सिमान्तकृत वर्ग, अपांगत, तेश्रो लिंगी, पिछडा वर्ग आदिको स्वास्थ्य, शिक्षा क्षेत्रमा सुधार भएको हुनेछ ।

२.सामाजिक उत्थान ,आर्थिक उन्नति भएको हुनेछ ।

३.हरेक निकायमा यी वर्गको समावेशी भएको हुनेछ ।

४.महिला, वालवालिका, जेष्ठ नागरीक, फरक क्षमता भएका व्यक्तिहरूको हक र अधिकार सुनिश्चित भएको हुनेछ ।

५. हरेक तहको योजना तर्जुमा प्रक्रियामा यस्ता वर्ग तथा समुदायहरू सहभागी भएको हुनेछ ।

६. नगरको हरेक सेवा तथा सुविधाको पहुँचमा वृद्धि भएको हुनेछ।

**रणनीति**

- नगरमा रहेका लक्षित वर्ग पहिचान गरी ती वर्गको उत्थानको लागि सरकारी निकाय, गैसस तथा अन्तराष्ट्रिय गै.स.स हरू संग समन्वय गर्दै लक्षित वर्ग उत्थान कार्यक्रम सञ्चालन गर्ने।
- नगरमा रहेको विद्यमान गरिवीहरू हटाउन स्थानीय रोजगारमुखि कार्यक्रम सञ्चालन गर्ने।

**कार्यक्रम**

१.लक्षित वर्गको वस्तीहरूमा भौतिक पूर्वाधार निर्माण गर्ने।

२. लक्षित वर्ग तथा समुदायहरूको पहिचान गरी ति वर्ग तथा समुदायहरू उत्थानको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने।

# खण्ड ७ आर्थिक विकास योजना

आर्थिक विकास विना कुनैपनि क्षेत्रको चौतर्फी विकासको सम्भव नहुने पक्ष यहाँ विवेचना गर्न आवश्यक छैन । विषेश गरी गरिवीको कारण हाम्रो जस्तो मुलुकमा नागरिकहरूवाट चौतर्फी विकासको निम्ति अति कम कर राज्यलाई योगदान गरी रहेको अवस्था छ र यस्तो रकम यो नगरमा त अझ निकै कम रहेको छ । तसर्थ नगर तथा नगरवासीहरूलाई नगर विकासको लागि आर्थिक योगदानमा अग्रसर गराउन सर्व प्रथम नगरको आर्थिक पक्षलाई महत्वताका साथ प्राथमिकतामा राखी कार्यान्वयन गर्न अति जरुरी छ । जलेश्वर नगरको आर्थिक विकासको प्रमुख अग्रणी क्षेत्र भनी सर्वसम्मत रुपमा कृषि उद्योग र धार्मिक पर्यटनलाई लिईएको छ ।

यसरी अग्रणी क्षेत्रको पहिचान गर्नु त्यति सजिलो कार्य होइन अझ त्योभन्दा पनि कठिन कार्य यसलाई सवल र सुढृढ पार्दै यसको भूमिकालाई व्यापक र योगदान मूलक बनाउँदै लैजानु हो । किनभने अग्रणी क्षेत्रको पहिचान गर्दैमा यो स्वतः स्फूर्त रुपमा विकास हुँदै जाने प्रक्रिया होइन त्यसको लागि आवश्यक पूर्वाधारहरूको निर्माण लगानी र नीति नियमको तर्जुमा एवम् कार्यान्वयन उत्तिकै आवश्यक हुन आउँछ । उदाहरणको लागि जलेश्वर नगरको सर्व सम्मत अग्रणी क्षेत्रको विकासबाट आशातित योगदानको अपेक्षा गर्ने हो भने कृषि उद्योगको विकासको लागि ठोस योजना र पूर्वाधार निर्माणको लागि आवश्यक लगानी गर्दै जानु पर्दछ त्यसपश्चात मात्र यसले जलेश्वरको आर्थिक विकासमा प्रत्यक्ष रुपले योगदान गर्न सक्दछ । तसर्थ, अग्रणी क्षेत्र तोक्ने तर लगानी योजनाले कुनै सरोकार नगर्ने हो भने लगानी कार्यक्रम एकातिर अग्रणी क्षेत्र अर्कोतिर हुन पुग्दछ । फेरी यो लगानी कुनै एक वर्षको लागि मात्र नभएर धेरै वर्षसम्म पनि जान सक्दछ जवसम्म अर्थव्यवस्थामा अन्य क्षेत्र पनि सोही अनुपातमा विकास नभएमा अर्को शव्दमा कृषि उद्योगको विकास केही वर्ष पछि एउटा विन्दुमा आएर स्थिर भएमा र अर्को नयाँ आर्थिक क्षेत्रले त्यो भन्दा वढी नगरको विकासमा सम्भावना देखाएमा त्यस्ता नयाँ क्षेत्रलाई अग्रणी क्षेत्रको रुपमा अंगिकार गरी अगाडि बढ्न सकिन्छ र बढ्नु पर्दछ ।

कुनै पनि नगरको आर्थिक विकासमा दिगो हिसावले एउटै अग्रणी क्षेत्रले निरन्तरता नपाउन पनि सक्दछ तसर्थ सर्वसम्मत अग्रणी क्षेत्रको कार्यान्वयन पक्षको निरन्तर अनुगमन र प्रगति समीक्षा गर्दै जानु पर्दछ । अर्थात् लगानी गरिएको अनुपातमा प्रतिफल प्रत्यक्ष वा परोक्ष रुपले तत्काल वा केही वर्षपछि सम्मको लागि भएन भने वा हुने स्थिति नरहेमा त्यस्ता अग्रणी क्षेत्रमा लगानी गरिराख्नुको औचित्य हुदैन । यसै पक्षलाई मध्य नजर गरी नगरको अग्रणी क्षेत्रलाई मूर्तरुप दिन आवश्यक नीति, कार्यक्रम तथा योजनाहरूको पहिचान गरी त्यस्ता योजनाहरू यस आर्थिक विकासमा प्रस्ताव गरिएका छन् । आर्थिक विकास भन्नाले ठूला खालका उद्योग तथा अर्थजन्य क्रियाकलापहरू मात्र भन्ने वुझन हुन्न र नगरमा हुने गरेका र सम्भावना भएका अन्य सानातिना आर्थिक गतिविधीहरू जसमा वहुसङ्ख्यक स्थानीयबासीहरू सहभागी रहेका छन् यस्ता स्थानीय आर्थिक विकास योजना तथा कार्यक्रमहरूलाई समेत यस योजनामा समावेश गरेका छन् ।

## कृषि क्षेत्र

नेपालको अर्थव्यवस्थामा झैं महोत्तरी जिल्ला तथा जलेश्वर नगरपालिकाको अर्थव्यवस्थामा कृषि क्षेत्र आर्थिक मेरुडण्डको रुपमा रही आएको भए तापनि खेतीपाती गर्ने तौर तरिका अझैं पनि परम्परागत किसिमको रहेको, कृषि उत्पादन एवम् उत्पादकत्व वृद्धिको लागि आवश्यक मल, आधुनिक बीउ विजन, सिंचाई, बजार आदिको पर्याप्त व्यवस्था हुन नसकेको कारण कृषि विकास आशातित रुपमा हुन सकिराखेको देखिदैन । ठूलो सङ्ख्यामा कामदारहरू कामको खोजी एवम् राम्रो आम्दानी र उज्वल भविष्यको लागि छिमेकी देश भारत, खाडी राष्ट्र लगायत अन्य देशहरूमा जाने प्रवृत्तिले गर्दा कृषि क्षेत्रमा श्रमशक्तिको पनि समस्या महसुस गर्न थालिएको छ । साथै प्रति परिवार उपलब्ध खेती गर्ने जग्गा अहिले नै सानो भई सकेको हुनाले भविष्यमा अंशवण्डाका कारण परिवारमा भएको जग्गालाई वाँडफाँड गर्दै जाने हो भने कृषिको वृहत्तर रुपमा विकास गर्दै जाने योजना सफल नहुन सक्दछ । कृषि क्षेत्रमा खाद्यान्न उत्पादनमा नै धेरै स्रोत साधन लगानी हुँदै

आएको हुनाले पशुपालन जस्तै माछापालन, फलफूल खेती विशेषगरी तरबुजा उत्पादन, दुग्ध उत्पादन गरी डेरीको विकास आदि गर्न सकिने सम्भावना भएता पनि यस तर्फ उचित ध्यान गई राखेको हालसम्म देखिदैन ।

हुन त नगर क्षेत्रको जमीन कृषि उव्जनीको लागि वित्तीय पक्षवाट त्यति उपयुक्त हुन सक्दैन, शहरीकरणको प्रक्रियासँगै यस्ता जमीनहरूमा पूर्वाधारहरू निर्माण हुने क्रम वढ्दै जान्छ र यस्ता क्षेत्रका जमीन कृषि उव्जनी भन्दा यस्ता त्यस्ता उत्पादनहरूको प्रशोधन गर्ने औद्योगिक क्रियाकलाप तथा मानव वसोवासको लागि आवश्यक क्रियाकलापहरू तर्फ क्रमश: प्रयोजनमा जाने निश्चत छ । तसर्थ नगरको आसपासका गा.वि.स.क्षेत्रहरूमा कृषि उत्पादनलाई वढावा दिने खालको रणनीति अवलम्वन गर्न अति जरुरी छ । यसकाअलावा यस्ता उत्पादनहरूलाई नगरसम्म सरल पहुँच पुऱ्याउँन आवश्यक पूर्वाधारहरूको विकास नगरले गर्न अति जरुरी छ अन्यथा यस्ता उव्जनीहरू अन्य शहरहरूमा सजिलैले निर्यात भई नगरमा स्थापित यस्ता क्रियाकलापसँग सम्वन्धित उद्योगहरूको लीग आवश्यक कच्चा पदार्थको अभाव हुन सक्ने सम्भावना रहन्छ ।

तसर्थ कृषि विकासको लागि आवश्यक देखिएका नीति निम्नानुसार प्रस्तावना गर्ने जमर्को गरिएका छन् भने यससँग सम्वन्धित योजनाको सूची तथा अनुमानित लागत वहुक्षेत्रगत लगानी योजनामा दईएको छ ।

### कृषि उद्योग

महोत्तरी जिल्ला र जलेश्वर नगरपालिका क्षेत्र भित्र उद्योगहरूको संख्या ज्यादै न्यून छ । विषेश गरी राज्यको प्राथमिकतामा नपरेर होलान यस क्षेत्रमा उद्योगहरूको विकास भएको पाइदैन र यसका लागि आवश्यक पूर्वाधारहरू समेत रहेको अवस्था छैन । खुल्ला वजार अर्थतन्त्रमा यस्ता क्रियाहलापहरूमा राज्यको भन्दा नीजि क्षेत्रको भूमिका अति गहन हुन्छ । यस नगर लगायतका आसपासका क्षेत्रहरू उत्पादन हुने कृषि सामाग्रीहरूलाई यस नगरमा कृषि उद्योगको स्थापना गराई अत्यधिक लाभ लिन सक्नुपर्दछ र यसको लागि निम्न नीति प्रस्ताव गरिएका छन् भने यससँग सम्वन्धित योजनाको सूची तथा अनुमानित लागत वहुक्षेत्रगत लगानी योजनामा दिईएको छ ।

### धार्मिक पर्यटन

जलेश्वर नगरपालिकाको चिनारीको रुपमा रहेको जलेश्वर महादेव मन्दिरको धार्मिक तथा ऐतिहासिक महत्व छ । जलेश्वर महादेव मन्दिर लगायत यस आसपासका क्षेत्रमा अवस्थित धार्मिक एवं ऐतिहासिक स्थलहरू प्रचार प्रसारको अभावको कारण ओभ्mेलमा परेका छन् । यस्ता क्षेत्रहरूको महत्वको वारेमा पहिचान सहिच प्रचार प्रसार गर्न सकिएको खण्डमा पर्यटन क्षेत्रले यस नगरको महत्वपूर्ण भूमिका खेल्न सकिने पक्षलाई मध्यनजर गरी धार्मिक पर्यटन यस नगरको आर्थिक विकासको सहायक अग्रणी क्षेत्रको रुपमा पहिचान गरिएको छ । धार्मिक पर्यटनवाट नगरले आर्थिक उन्नति गर्न थुप्रै योजनाहरू पनि पहिचान गरिएका छन् । यसरी पहिचान भएका मुख्य योजनाहरूमा जलेश्वर क्षेत्रको ऐतिहासिक, पुरातात्विक, धार्मिक तथा सांस्कृतिक पक्ष तथा सर्वाङ्गीण मिथिला कला संस्कृतिको संरक्षण, सम्वर्द्धन एवं विकास गरी यस क्षेत्रको प्रचार प्रसार गर्ने रहेको छ । जसका कारण, जनकपुरको धार्मिक पर्यटकीय स्थलहरूको भ्रमणमा आउने पर्यटकहरूलाई जलेश्वरमा आकर्षित गर्न सकिने छ ।

## ३ स्थानीय आर्थिक विकास

आर्थिक विकासको पक्षमा वकालत गर्ने सन्दर्भमा अग्रणी क्षेत्रसँग सम्वन्धित आर्थिक क्रियाकलापहरूलाई मात्र महत्व दिई पुग्दैन । अग्रणी क्षेत्र वाहेक यस क्षेत्रमा सम्भावना भएका स्थानीय आर्थिक विकासका क्रियाकलापहरूलाई पनि त्यतिकै वढावा दिनुपर्ने हुन्छ । अग्रणी क्षेत्र वाहेक यस नगरमा थुप्रै आर्थिक

गतिविधिहरू हुने गरिन्छ र यस्ता गतिविधिहरूलाई पनि आधुनिकीकरण तथा व्यवसायीकरण गर्दै आय आर्जनका अन्य नयाँ क्रियाकलापहरूमा समेत वढी से वढी स्थानीय वासिहरूलाई सहभागी गराउँदै स्थानीयवासीहरूको आर्थिक अवस्था मजवुत गराउने खालका योजनाहरू प्रस्तावना गरिएका छन् । च्याउ खेती, माहुरी पालन, नर्सरी, खाद्यान्य तथा फलफूल सम्वन्धी विभिन्न प्रकारका Dry foods जस्ता व्यवसाय र यस क्षेत्रमा वसोवास गर्ने डोम, मुसहर जाती लगायतका अन्य आदिवासि जनजातिहरूले गर्दै आएका विभिन्न खालका परम्परागत व्यवसायहरूलाई वढावा दिने कार्यक्रम प्रस्तावना गरिएको छ । यस्ता कार्यक्रमहरूवाट अधिक से अधिक लाभ दिलाउन यससँग सम्वन्धित आवश्यक तालिम तथा व्यापार व्यवसाय सञ्चालन गर्न आवश्यक पूँजीको लागि सरल ऋणको पहुँच जस्ता योजना तथा कार्यक्रमहरू पनि प्रस्तावना गरिएका छ ।

यसैगरी विभिन्न खाले घरेलु उपकरणहरू, मोवाईल, साईकल, मोटर साईकल, मिठाई, साडीमा सिद्रा वुन्ने, व्यूटी पार्लर, सिकर्मी, डकर्मी, प्लम्विङ्ग, ईलेक्ट्रिक वायरिङ्ग जस्ता सीपमूलक तालिम दिई स्थानीय स्तरमै वा अन्य जुन सुकै शहरमा स्वरोजगार प्राप्त गरी वा वैदेशिक रोजगार जस्तो कार्यमा सक्षम हुन आवश्यक तालिमहरूको समेत प्रस्तावना गरिएको छ ।

माथि उल्लेखित यससँग सम्वन्धित मुख्य कार्यक्रमे सूची आर्थिक विकाय योजना तर्कबद्ध पद्दतिमा प्रस्तुत गरिएको छ भने अनुमानित लागत सहितको कार्यक्रम तथा योजनाहरुको विवरण वहुक्षेत्रगत लगानी योजनामा दिईएको ।

## ७.१ तर्कबद्ध पद्दतिमा आर्थिक विकास योजना

**लक्ष्यः**

कृषि तथा धार्मिक पर्यटन उद्योगको विस्तार गरी नगरकोवासीहरूलाई आर्थिक रुपले सक्षम वनाउने ।

**उद्देश्य**

जलेश्वरलाई कृषि औद्योगिक एवं धार्मिक पर्यटन केन्द्रको रुपमा विकास गर्ने ।

**नतिजा**

१.कृषि औद्योगिक पूर्वाधारहरू विकास भई औद्योगिक केन्द्रको स्थापना भएको हुनेछ ।

२.व्यापारिक पूर्वाधारको विकास भएको हुनेछ ।

३.जलेश्वरको पर्यटन गतिविधिमा बृद्धि भएको हुनेछ ।

४.स्थानीय स्तर, राष्ट्रिय स्तर एवं वैदेशिक रोजगारमा समेत रोजगारी प्राप्त गर्न सकिने दक्ष जनशक्तिहरूको विकास भई आय आर्जन गर्न सकिनेछ

५.स्थानीय स्तरमा रोजगारी बृद्धि भई आय आर्जन बढेको हुनेछ ।

**कृषि विकासलागि प्रस्तावित नीति तथा रणनीतिहरू निम्न रहेको छन् :**

- खाद्यान्न उत्पादनको साथसाथै उच्च मूल्य प्रतिफल वा आम्दानी हुने जस्तैः नगदेवाली, फलफूल, फलखेती आदि फसलको उत्पादनलाई प्रवर्द्धन एवं अभिप्रेरित गरी पारिवारिक आम्दानीमा वृद्धि गरी गरिवी निवारण गर्ने तथा व्यवसायिक कृषि प्रणालीको लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।

- विद्यमान नदी, पोखरी, तलाउ, जलाशय तथा डोल क्षेत्र (low land) आदिको पूर्ण रुपले प्रयोग गरी व्यावसायिक मत्स्यपालनमा प्रोत्साहन गरी स्थानीय पारिवारिक आयमा वृद्धि गर्ने ।
- आवश्यक मल, जल, बीउ भण्डारण, वजार आदि सुविधाको माध्यमवाट डेरी, पशुपालन, फलफूलको साथै फूलको उत्पादन एवं विकास गर्ने ।
- सिंचाइको पर्याप्त सुविधा उपलव्ध गर्न सतह तथा विशेष गरी कम लगानीका कम जोखिम भएका र स-साना सिंचाई आयोजनामा निजी क्षेत्रसँग साझेदारी वा सामुदायिक सिंचाई आयोजना सञ्चालन गर्ने ।
- पारिवारिक आय वृद्धि एवम् स्थानीय अर्थव्यवस्थाको विकासको लागि स्थानीय तथा अन्तर्राष्ट्रिय वजारको माग अनुसार कृषि क्षेत्रलाई विविधीकरण गर्दै लैजाने ।
- कृषि पूर्वाधार जस्तै शित भण्डार, चिलिङ्ग ,प्लान्ट (चिस्यान केन्द्र), भण्डारण, ग्रामीण कृषि वजार सेवा तथा सुविधाको विस्तार एवम् विकासमा जोड दिने । यस्ता पूर्वाधार विकासमा निजी क्षेत्रको लगानीलाई आकृष्ट गर्ने ।

- अग्रणी क्षेत्र समेत हासिल हुने हिसावले विप्रेशन (रेमिटयान्स) रकमलाई उद्योग जस्तो उत्पादनशील क्षेत्रमा लगानी आकृष्ट गर्न उपयुक्त संयन्त्रको व्यवस्था गर्ने ।
- आर्थिक क्षेत्रको विकास गर्न निजी क्षेत्र प्रात्साहन गर्ने
- कृषि तथा पशुपालन आदिमा आधारित उद्योगहरूलाई प्रवर्द्धन गर्न विशेष जोड दिने ।
- स्थानीय गरिवी निवारण एवम् रोजगारी अभिवृद्धिमा टेवा पुऱ्याउन सकेसम्म श्रममुखी प्रविधि (लेवर इन्टेन्सिभ टेक्नोलोजि) लाई प्रोत्साहन गर्ने ।
- औद्योगिक विकासकोलागि अति आवश्यक पूर्वाधारको रुपमा रहेको विजुलीको आपूर्तिको उचित व्यवस्था गर्ने ।
- शान्ति सुव्यवस्था कायम गर्ने
- स्थानीय यूवाहरूलाई आत्मनिर्भर हुने नीति अवलम्बन गने

**धार्मिक पर्यटकीय विकासकालागि प्रस्तावित नीति तथा रणनीतिहरू निम्न रहेका छन् :**

- प्राथमिकताको आधारमा विद्यमान साँस्कृतिक, ऐतिहासिक, धार्मिक, पुरातात्विक प्राचिन सम्पदा एवम् धरोहरहरूको क्रमिक रुपले संरक्षण, सम्वर्द्धन एवं विकास गर्ने ।
- जलेश्वरको पहिचान एवम् सँस्कृतिको रुपमा रहेको मिथिला वास्तुकला एवम् सँस्कृतिको प्रवर्द्धन, संरक्षण एवम् सम्वर्द्धन गर्ने ।
- पर्यटन विकास एवम् प्रवर्द्धनमा निजी क्षेत्रलाई साझेदारको रुपमा सहभागी गराइ निजी क्षेत्रको लगानी परिचालन गर्ने ।
- पर्यटन विकासको लागि आवश्यक भौतिक पूर्वाधारको विकास (होटेल, रेष्टुरेण्ट, ट्राभल एजेन्सी, पथ प्रदर्शक, प्रचार प्रसार सामग्री लगायत विद्यमान वाटोघाटो, पार्क, पोखरी, पर्यटकीय क्षेत्रहरूको भौतिक सुधार आदि) मा जोड दिने ।
- विदेशवाट आउने पर्यटकहरूलाई वढी आत्मियता प्रदान गर्न र आफ्नै घरको अनुभूति दिलाउन नेपालमा भर्खर शुरु हुदै आएको नेपालीको घरमा राख्ने प्रचलन अर्थात् **"होम स्टे"**को अवधारणालाई अभिप्रेरित गर्ने ।
- पर्यटन उद्योगको विकासमा प्रचार प्रसारले अहम् भूमिका खेल्ने भएकोले प्रचार प्रसार कार्यमा निजी क्षेत्रलाई परिचालन गर्ने ।

**कार्यक्रम**

**क) कृषि**

१) नदी नियन्त्रण
२) सिचांइको व्यवस्था
३) कृषि जन्य उद्योग स्थापना गर्न पहल
४) कृषि जन्य उत्पादनजको वजारीकारण
५) आधुनिक र वैज्ञानिक कृषि प्रणाली अवलम्वन
६) कृषिजन्य उत्पादनको भान्डारणको लागि गोदामा घर निर्माण

**ख धार्मिक पर्यटन**

१) धार्मिक तथा पुरातात्विक स्थलहरूको संरक्षण, सम्वर्धन तथा विकास
२) धार्मिक पर्यटन क्षेत्रको पहिचान तथा प्रचार प्रसार
३) मिथिला कला सांस्कृतिको प्रचार प्रसार
४) नगरमा भएको पोखरी सौन्दर्यकरण

**ग) स्थानीय रोजगारमुखी तालिम**

१. स्थानीय स्तर, राष्ट्रिय स्तर एवं वैदेशिक रोजगार केन्द्रित रोजगारमूलक तालिम

आर्थिक विकाससँग सम्वन्धित विस्तृत योजना तथा कार्यक्रमहरूको सूची वहुक्षेत्रगत लगानी योजनामा समावेश गरिएका छन् ।

# खण्ड ८: वातावरण विकास तथा जोखिम व्यवस्थापन योजना

नगरको वातावरण पक्ष विषेश गरी फोहर व्यवस्थापन तथा सर-सफाईलाई वढी प्राथमिकतामा राखी यससँग सम्वन्धित योजनाहरू प्रस्तावना गरिएको छ । यसका अलावा जल, हावा, धूलो, ध्वनि जस्ता प्रदूषणको सन्दर्भमा ढल निर्माण, पोखरीहरूको वातावरण संरक्षण, कच्ची सडकहरू क्रमशः पक्की गर्ने तथा विभिन्न स्थानमा सवारी साधन पार्किङ्ग तथा भू-उपयोग योजना तथा भू तथा भवन उपयोग नियमावली अनुसार वातावरणीय प्रदुषण जस्ता कार्यहरूलाई निरुत्साहित गर्ने योजनाहरू पनि प्रस्तावना गरिएका छन । यसैगरी प्राकृतिक प्रकोप जसमा भूकम्प, वाढी तथा आगलागी जस्ता विपत व्यवस्थापन एवं जोखिम न्यूकरण योजना समेत प्रस्तावना गरिएको छ ।

## ८.१ तर्कबद्ध पद्दतिमा वातावरण विकास तथा जोखिम व्यवस्थापन योजना

**विषयगत उद्देश्य**

नगरको वातावरणीय अवस्थामा सुधार आएको हुनेछ ।

**नतिजा-**

१. फोहोर सङ्कलनको परिमाणमा वृद्धि भएको हुनेछ ।

२. फोहोरहरू जैविक, अजैविक (3R) गरी छुट्टयाई निस्कासन भएको हुनेछ ।

३. नगरबासीमा सरसफाई सम्वन्धी चेतना वृद्धि भई फोहोरको अन्तिम विसर्जन कार्यमा सुधार भएको हुनेछ ।

४. अन्य खालका प्रदुषणहरू क्रमशः न्यूनीकरण भएको हुनेछ ।

**रणनीति**

- सार्वजनिक नीजि साझेदारीमा फोहर व्यवस्थापन गर्ने ।
- भू-उपयोग क्षेत्र तथा नियमावलीहरूको कार्यान्वयन गर्ने ।
- नगरको विभिन्न स्थानहरूलाई हरियाली क्षेत्र घोषणा गर्ने ।
- सार्वजनिक उद्यान,पार्क आदिको निर्माण,मर्मतमा समुदायको संलग्नता बढाउने ।
- दीर्घकालीन प्रकोप व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्दै जाने ।

**कार्यक्रम**

१ फोहर व्यवस्थापन

२.हरेक वडामा वडा स्तरीय सामुदायिक कम्पोष्ट प्लाण्टहरूको स्थापना ।

३.नियमित सरसफाई कार्यक्रम

४.वायु प्रदूषण न्यूनीकरण

५.ध्वनी प्रदूषण न्यूनीकरण

६.हरियाली प्रवर्द्धन

७.वातावरण तथा सरसफाई सम्वन्धी चेतनामूलक कार्यक्रम

८.जोखिम न्यूनीकरण

यससँग सम्वन्धित विस्तृत कार्यक्रमहरू वहुक्षेत्र लगानी योजनामा दिईएको छ ।

# खण्ड ९ वित्तीय विकास योजना

यस आवधिक योजनामा प्रस्ताव भएका योजना तथा कार्यक्रमहरू नगरपालिकाको विकास वजेट मात्रले सञ्चालन गर्न सम्भव छैन र यो योजना नगरपालिका कार्यालयको मात्र पनि होईन । योजना तर्जुमाको दौरानमा यसको जिम्मेवारी नगरपालिकाले लिए तापनि कार्यान्वयन तहमा नगरका सवै क्षेत्र, वर्ग, समुदायहरू तथा यहाँ कार्यरत सवै सरकारी, अर्ध सरकारी निकाय, संघसंस्थाहरूको महत्वपूर्ण भूमिका रहेका छन् । हुन त नगरपालिकाले विभिन्न प्रकारका कर, शुल्क तथा विकास निर्माणको लागि केन्द्रीय सरकारवाट अनुदान प्राप्त गरिरहेको सन्दर्भमा नगरको विकासको जिम्मा नगरपालिकाको हो भनी नगरवासीहरूले अपेक्षा गर्नु खासै गलत धारणा पनि होईन । तर नगरवासीहरूले नगर विकासको लागि यस नगरमा तिर्ने करको रकम तथा केन्द्रवाट प्राप्त हुने अनुदान रकम नगरपालिकाले पारदर्शिताका साथ नगरवासी माभ्क राख्न सक्नु पर्दछ जुन राख्न सकिरहेको छैन ।

वास्तविता केलाउने हो भने नगरपालिकाको विगत चार वर्षको हिसावले सरदर वार्षिक आन्तरिक आय (विभिन्न कर तथा शुल्क) रु २,७७१,७९१ मात्र छ जुन सरदर रु ११२ प्रतिव्यक्ति प्रतिवर्ष वा रु ६२० प्रति घरधुरी मात्र हुन आउँदछ । नगरवासीहरूको विकास प्रतिको चाहना हेर्ने हो भने यो रकम नगरवासीहरूको आधारभूत आवश्यकता सम्वोधन गर्न त के त्यस्ता आवश्यकता व्यवस्थापन गर्न आवश्यक प्रशासकीय तथा प्राविधिक कार्य समेत गर्न अपुग छ । यदी केन्द्रवाट विभिन्न प्रकारको अनुदान प्राप्त नहुने हो त यसरी वार्षिक रुपमा उठने आन्तरिक आय नगरपालिकाको हाल हुने गरेको सरदर प्रशासनिक खर्च रु ९,६३३,५८९ छ सो धान्न पनि अपुग छ । तर नगर क्षेत्रमा विकास निर्माणमा खर्च गरिएको लगानीको विचार गर्ने हो भने विगत दुई आर्थिक वर्ष (२०६५/६६ र २०६६/६७) मा सरदर प्रति वर्ष रु २२,६०८,३४६ रहेको छ र यसलाई प्रतिव्यक्तिको हिसावले हेर्ने हो भने सरदर रु ९१७ प्रतिव्यक्ति प्रतिवर्ष वा प्रति घरधुरी रु ५,०५८ रहेको छ ।

तसर्थ नगरवासिहरूको आधारभूत आवश्यकता मात्र पनि पूर्ति गर्न यस्तै लगानीले कति वर्ष पर्खने हो ? नगरवासीहरूको हालको प्रति व्यक्ति सरदर आयको हिसावले आन्तरिक आयमा वृद्धि गरी नगरवासीहरूको आधारभूत आवश्यकता पूरा गर्न त्यति व्यवहारिक तथा सम्भव होला जस्तो लाग्दैन । तर यस्ता आधारभूत आवश्यकता पूरा गर्नको लाग आवश्यक व्यवस्थापकीय कार्य गर्न पनि हालको आन्तरिक श्रोत सुधार गर्ने वा थप श्रोतहरूको पहिचान गरी त्यस्ता श्रोतहरू वृद्धि गर्न पर्ने देखियस सम्वन्धी केही योजनाहरू प्रस्ताव गरिएको छ । नगरवासीहरूलाई करको भार मात्र थप गर्नु भन्दा लागत सहभागिता तथा सेवा शुल्कको माध्यमवाट नगरवासीहरूको आधारभूत आवश्यकता पूरा गर्दा वढी न्यायोचित हुने देखि सेवा शुल्कको अवधारणा तथा लागत सहभागिता अनुसार पूर्वाधार निर्माण गर्न सकिने जस्ता योजना समेत प्रस्तावना गरिएको छ । तर्कबद्ध पद्दतिमा वित्तीय विकास योजना तल विवेचना गरिएको छ ।

## ९.१ तर्कबद्ध पद्दतिमा वित्तीय विकास योजना

**लक्ष्यः**

नगरवासीहरूको आधारभूत भौतिक सेवा तथा सुविधाहरू निर्माण गर्ने ।

**उद्देश्य**

जलेश्वर नगरपालिकाको वित्तीय स्थितिमा सुधार गर्ने तथा भौतिक पूर्वाधारको विकासमा वैकल्पिक श्रोत एवं विधिको अधिकतम उपयोग गर्ने

**नतिजा -**

१. नगरपालिकाको आन्तरिक आयमा वृद्धि भएको हुनेछ ।

२. Computerize Accounting System लागु भएको हुनेछ ।

३. खर्च व्यवस्थापन नियन्त्रणमुखी भएको हुनेछ ।

४. आय तथा व्ययहरू पारदर्शी भएको हुनेछ ।

५. नगरवासीहरूको आधारभूत भौतिक पूर्वाधारहरू क्रमशः सम्वोधन भएका हुनेछन् ।

**रणनीति**

- विकास निर्माण कार्यमा लागत सहभागीता वढाउने
- सेवा शुल्कको अवधारणा प्रयोगमा ल्याउने
- सार्वजनिक निजी साझेदारीमा नगरपालिकाको स्रोत र साधनको व्यवस्था गर्ने
- पूर्वाधार निर्माणको आवश्यक लगानी जुटाउन वैकल्पिक उपायहरू अवलम्वन गर्ने ।

**कार्यक्रम**

१. आन्तरिक आयमा सुधार गर्ने ।
२. लागत सहभागिता तथा सेवा सुल्कको अवधारणाको विकास गरी लागु गर्ने ।
३. लेखा तथा राजस्व शाखालाई Computerised गर्ने ।
४. कर्मचारीहरूको दक्षता अभिवृद्धि गर्न सेमिनार, तालिम, कार्यशाला आदि सञ्चालन गर्ने ।
५. Computerized accounting system लाई आवश्यक सामाग्री पूर्ति गर्ने ।
६. Accounting Manaul अविलम्ब तयार गरी कार्यान्वयन गर्ने ।
७. खर्च निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउने ।
८. वार्षिक आय वृद्धिका लागि विशेष योजना वनाई लागु गर्ने ।
९. आन्तरीक खर्च न्यूनिकरण गर्ने
१०. अनावश्यक दरवन्दी कटौती गरी कर्मचारी व्यवस्थापनलाई प्रभावकारी वनाउने ।
११. नगरको सम्पूर्ण सम्पत्तिको अभिलेख निर्माण गरी प्रयोगमा ल्याउने ।
१२. आवाधिक जिन्सी लेखापरीक्षण गर्ने ।
१३. बेरुजु फछ्र्यौट विशेष कार्यक्रम ।

भौतिक पूर्वाधार निर्माणको लागि के कसरी वित्तीय स्रोत जुटाउन सकिने भन्ने वारे केही वैकल्पिक उपायहरू तल विवेचना गरिएको छ ।

**लागत सहभागिता**

केन्द्रीय सरकारले नगरपालिकालाई दिने स्थानीय विकास शुल्क वढी जसो नगरपालिकाको प्रशासनिक खर्च जुटाउन तथा सानातना कार्यहरू गर्नको लागि मात्र प्रयाप्त छन् । तर नगरवासीहरूको आधारभूत पूर्वाधार जस्ता विकास निर्माणको योजना सञ्चालन गर्न जगेडा कोष, कृषि सडक, सडक वोर्ड, स्थानीय शुसासन तथा सामुदायिक विकास कार्यक्रम (एल.जी.सि.डि.पी) मार्फत थुप्रै कार्यक्रमहरू सञ्चालन भई रहेको छ । यस कार्यक्रम अन्तर्गतका योजना सञ्चालन गर्न लाभान्वित उपभोक्ताहरूबाट २० देखि ४० प्रतिशत सम्मको लागत सहभागिता जुटाउन पर्ने हुन्छ । यसरी लागत सहभागिता जुटाउन सकिने नगरपालिकाहरूले स्थानीय विकास शुल्कको तुलनामा यस्ता कार्यक्रमहरूवाट अत्यधिक अनुदान प्राप्त गरी आधारभूत आवश्यकता मध्यको सडक, ढल निर्माण गर्ने कार्य गरको पाईन्छ । ६० देखि ८० प्रतिशत सम्मको अनुदान प्राप्त गरी सडक, ढल जस्ता आधारभूत आवश्यकता पूरा गर्ने यस्ता अतिनै उपयुक्त अवसर हुँदा हुँदै पनि कतिपय

नगरपालिकाहरूले यस्ता अवसरहरू खासै सदुपयोग गर्न सकिएको छैन । यस्ता नगरपालिकामा जलेश्वर नगरपालिका पनि एक हो । तसर्थ नगरवासीहरूलाई यस्ता कार्यक्रम सम्वन्धी जानकारी गराई अधिक से अधिक लागत सहभागिता जुटाई सडक, ढल जस्ता नगरवासीहरूको आवश्यकता पूर्ति गर्ने जस्ता कार्यक्रम समेत यस योजनामा समावेश गरिनु पर्दछ ।

### सेवा शुल्क

प्रति व्यक्ति सरदर आय र आर्थिक विकासका गतिविधिहरू अति न्यून रहेका कारण नगरपालिकाहरूले करको दायरा वृद्धि गरी सङ्कलित राजश्ववाट नगरवासीहरूको अतिनै प्राथमिकतामा रहेका सडक, ढल, खानेपानी जस्ता पूर्वाधारहरू उपलव्ध गराउन सम्भव छैन । यसैगरी एक स्थानवाट सङ्कलन गरेको एकीकृत सम्पति कर वा अन्य आन्तिरिक आय श्रोतवाट अर्को स्थानको पूर्वाधार निर्माण गर्नु त्यति तर्क तथा न्याय संगत पनि देखिदैन । तसर्थ जुन स्थानका उपभोक्ताले जे जस्तो भौतिक पूर्वाधारको सुविधा प्राप्त गर्ने हो सोही स्थानका लाभान्वित वासिन्दाहरूवाट त्यस्ता सुविधा प्राप्त गर्न लाग्ने खर्च सेवा शुल्कको रुपमा उठाइ आवश्यक पूर्वाधार निर्माण गर्न उचित देखियस्ता कार्यक्रमहरू समेत यस योजनामा समावेश गरिएको छ ।

### अन्य वैकल्पिक उपायहरू

नगरवासीहरूलाई करको भारमा कमी गरी आधारभूत आवश्यकता उपलव्ध गराउन लागत सहभागिता, सेवा शुल्कको प्रावधानका अतिरिक्त अन्य थुप्रै विकल्पहरू परिचलनमा आई रहेको अवस्थामा यस नगरको आर्थिक तथा सामाजिक पक्षको अध्ययन गर्दै यस नगरमा लागु गर्न सकिने त्यस्ता विकल्पहरू मध्ये व्यवहारीक विकल्पहरूको खोजी गर्न समेत यस योजनामा कार्यक्रम प्रस्ताव गरिएका छन् । यससँग सम्वन्धित अन्य कार्यक्रमहरू वहुक्षेत्रगत लगानी योजनामा समावेश गरिएका छन् ।

# खण्ड १० संस्थागत विकास योजना

नगरवासीहरूको माँग सम्वोधनका लागि यो नगरपालिका संस्थागत रुपमा अति कमजोर रहेको छ । विशेष गरी यस्ता माँगहरू सम्वोधन गर्न दक्ष कर्मचारीहरूको संख्या वृद्धि हुन जरुरी छ र यसका लागि कर्मचारीहरूको क्षमता विकास हुन अति आवश्यक पर्दछ । यसैगरी नगरका सरोकारवालाहरूको क्षमता विकास, नगर विकासका सिद्धान्त, नीति, वजेत तथा कार्यविधिहरूको वारेमा सरोकारवालाहरूलाई जानकारी, समावेशी तथा सहभागितामूलक विकास निर्माण, नगर विकासमा लक्षित समुदाय, गरिव, सिमान्तकृत, अल्पसंख्यक सिमान्तकृत समुदाय, आदिवासी, पिछडा वर्गहरूको पहुँच जस्ता कार्यक्रमहरू अति आवश्यक रहेको हुँदा त्यस्ता कार्यक्रमहरू यस योजनामा समावेश गरिएका छन् । नगरवासिहरूको कतिपय आवश्यकता सम्वोधन गर्न नगरपालिकामा उपकरणहरूको अभाव रहेकोमा त्यस्ता उपकरणहरूको व्यवस्था गर्ने जस्ता कार्यक्रम पनि यस योजनामा समवेश गरिएका छन् । नगरपालिकाहरूमा आर्थिक, मानविय श्रोत लगायत केन्द्रवाट प्राप्त हुने आर्थिक श्रोत तथा सहयोग कार्यक्रम अति न्यून रहेको र यस्ता पक्षहरू नगरवासीहरू समक्ष पारदर्शिताका साथ राख्ने र विकास निर्माणमा हुने गरेको लगानी तथा प्रगतिवारे सार्वजनिक सुनवाई तथा सार्वजनिक लेखा परीक्षणको माध्यमवाट नगवासिहरूलाई जानकारी गराई नागरवासिहरू प्रति नगरपालिकाको जवाफदेहिता तथा उत्तर दायित्व निर्वाह गर्ने कार्यको थालनी गर्न आवश्यक देखियस्ता कार्यक्रमहरू समेत यस योजनामा समाहित गरिएका छन् । यसरी संस्थागत विकास सम्वन्धित प्रस्तावना गरिएका विस्तृत योजनाको सूची यसै प्रतिवेदनको वहुक्षेत्रगत लगानी योजनामा दिईएको छ ।

यस आवधिक योजनामा प्रस्तावना भएका नीति, कार्यक्रम तथा योजनाहरू नगरवासीहरूले भोगेका सवै खाले समस्याहरू सम्वोधन गरी नगरवासीहरूको आवश्यकता, चाहना, आर्थिक उन्नति, लगायतका मुद्दाहरू सम्वोद्धन गर्ने सवै दल, वर्ग, समुदायहरू अर्थात जलेश्वरवासीहरूको साझा मुद्दालाई सम्वोधन गर्न वनेको योजनाको दस्तावेज हो । तसर्थ यस योजना कार्यान्वयनको जिम्मेवारी नगरपालिका एक्लैलाई पन्छाएमा यो एक कोरा दस्तावेजवाहेक अरु केही हुन सक्दैन र यसको सफल कार्यान्वयनको लागि यहाँका राजनैतिक दल, सवै वर्ग, समुदाय तथा जलेश्वरवासीहरू एक जुट हुन अनिवार्य छ । यसैगरी यस योजनालाई कार्यान्वयन गरी समृद्ध नगर निर्माण गर्न केन्द्रीय सरकार, नगर क्षेत्रमा कार्यरत जिल्ला स्तरीय विषयगत कार्यालयहरू, संघसंस्था, निजी क्षेत्र, स्थानीयवासीहरू, दातृ निकायहरू, नगर विकास कोष लगायतका अन्तरराष्ट्रिय वित्तिय संस्थाहरूको सहयोग अति आवश्यक छ । नगरपालिकाले त्यस्ता सहयोग प्राप्त गर्न सहजीकरण मात्र गर्न सकिन्छ भने प्रभावकारी ढंगवाट यस कार्यलाई कार्यान्वयन गराई जलेश्वरवासीहरूको समृद्ध एवं समावेशी विकासको लागि यहाँका सवै राजनैतिक दल, वर्ग तथा समुदायका प्रतिनिधीहरू सम्मेलित “जलेश्वर विकास मञ्च” वा अन्य त्यस्ता कुनै स्थानीय प्रभावकारी मञ्चको गठन हुन अति आवश्यक छ । यसै पक्षलाई महत्व दिई यस योजनामा त्यस्ता स्थानीय मञ्च वा संस्था गठन गर्ने योजना समेत समावेश गरिएका छन् ।

## १०.१ तर्कबद्ध पद्दतिमा संस्थागत विकास

### उद्देश्य

स्थानीय निकायको रुपमा जलेश्वर नगरपालिकाको संस्थागत विकास भई नगरवासीहरूलाई छिटो, छरितो र प्रभावकारी सेवा तथा सुविधा प्रदान गर्ने ।

### नतिजा

१.नगरपालिका कार्यालय, शाखा र वडा कार्यालय व्यवस्थित हुनेछ ।

२.मानवीय विकास प्रभावकारी भएको हुनेछ ।

३.क्षमता विकास योजना प्रभावकारी रुपले लागु भएको हुनेछ ।

४.जलेश्वर नगरपालिकामा उपयुक्त सूचना केन्द्रको विकास भएको हुनेछ ।

५ नगरवासीहरूका जिज्ञासा एवं गुनासो सुन्ने व्यवस्था भएको हुनेछ ।

६.नगरपालिकाको विकास निर्माण र निर्णयहरूबारे नगरबासीहरू सुसुचित हुनेछन् ।

७. नगर विकास सम्वन्धी कार्यको सहभागितात्मक अनुगमन तथा मूल्याङ्कन भएको हुनेछ ।

८ विषयगत शाखा स्थापना गरिने छ ।

९.जलेश्वर नपा र यस न.पा.को विकाससँग सम्वन्धित सरकारी स्थानीय निकाय एवं गै.स.सं.हरूको सांगठनिक र प्रशासनिक क्षमतामा उल्लेखनीय तवरले वृद्धि भएको हुनेछ ।

१०.नगरपालिकाको गतिविधिहरू तथा विकास निर्माणका खर्चहरू सार्वजनिक भएका हुनेछन् ।

११.जलेश्वर विकासकोलागि सवै वर्ग तथा समुदायहरूको प्रतिनिधीमूलक एक मञ्चको गठन भएको हुनेछ ।

१२. निर्माण सम्बन्धि मापदण्डहरू, भवन निर्माण संहिता, निर्माण निर्देशिकाहरू लागु भएका हुनेछन् ।

**रणनीति**

- लेखा परीक्षण, सार्वजनिक लेखा परीक्षण, सहभागितात्मक अनुगमन अवलम्बन गर्ने ।
- नगरपषिद्हरू समय मै सम्पन्न गर्ने ।
- नगरपालिको सेवालाई प्रभावकारी एवं सहज बनाउन पद्धति सरलीकरण गर्ने ।
- सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्ने ।
- सेवा प्रवाहमा संलग्न सबै क्रियाकलाप र सूचनालाई कम्प्युटरमा अभिलेख राख्ने ।
- निर्माण कार्यको गुणस्तर कायम राख्न निर्माण सम्बन्धी मापदण्डहरू, भवन निर्माण संहिता, निर्माण गर्ने ।
- सामुदायिक संस्थाका कर्मचारीहरूलाई तालिमहरू दिने ।
- नगरको विकास निर्माणमा सवै वर्ग तथा समुदायहरू तथा तिनका प्रतिनिधीहरूलाई योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन प्रक्रियासम्म सहभागी वनाउने

**कार्यक्रम**

- कार्यालय भवन व्यवस्थापन गर्ने ।
- वडागत सूचना केन्द्र तथा वडा कार्यलय व्यवस्थापन गर्ने ।
- नगरपालिका भित्र हेल्प डेक्सको व्यवस्थापन गर्ने ।
- नियमित सार्वजनिक सुनवाई तथा सार्वजनिक लेखा परीक्षण गर्ने ।
- क्षमता विकास कार्यक्रम प्रभावकारी रुपमा लागु गर्ने ।
- जलेश्वर विकाश मञ्चको गठन गर्ने ।

यससँग सम्वन्धित अन्य कार्यक्रमहरू विस्तृत रुपमा वहुक्षेत्रगत लगानी योजनामा समावेश गरिएका छन् ।

# खण्ड ११. योजना सम्भाव्यता अध्ययन, प्राथमिकता निर्धारण तथा वर्गीकरण

## ११.१ प्रारम्भिक सम्भाव्यता अध्ययन

विभिन्न परामर्श भेला तथा छलफल मार्फत पहिचान भएका योजनाहरू प्राविधिक, सामाजिक, वातावरणीय तथा लागत प्रभावकारी तथा नगरपालिकाको विकास वजेटको आधारमा के कति सम्भाव्य छ भनी लेखाजोखा गरी विभिन्न पक्षवाट सम्भाव्य योजनाहरूमात्र यस आवधिक योजनामा समेटिएका छन् ।

## ११.२ प्राथमिकता निर्धारण

सम्भाव्य सवै कार्यक्रम तथा योजनाहरू एउटा आवधिक योजनाको अवधिमा (पाँच वर्ष) कार्यान्वयन गर्न सम्भव हुदैन र यसको लागि सोही अनुसारको आर्थिक श्रोत तथा अन्य क्षमता हुन जरुरी छ । नगरपालिकाको विकास वजेट अति न्यून रहेको हुनाले विकास निर्माणका अधिकांश कार्यहरू सरकारी, अर्धसरकारी तथा दातृ राष्ट्र तथा निकायको भरमा निर्भर गर्दछ । दीर्घकालीन सोच प्राप्त उन्मुख, वहुसङ्ख्यक नगरवासीहरू लाभान्वित, नगर विकासको दृष्टिकोणले अति महत्वपूर्ण तर अत्यधिक लगानी आवश्यक नपर्ने तथा स्थानीय स्वायत्त शासन ऐनमा भएका प्राथमिकता निर्धारणका आधारहरूलाई समेत मध्यनजर गर्दै नगरपालिकाको विद्यमान आर्थिक श्रोतको प्रक्षेपणवाट अगामी ५ वर्षमा प्राप्त हुन सक्ने विकास वजेटको आधारमा नगरपालिकाले कार्यान्वयन गर्न सकिने योजना तथा कार्यक्रमहरूको प्राथमिकता निर्धारण गरिएको छ । योजना तर्जुमाका दौरानमा अन्य निकाय तथा संघसंस्थाहरूसँग सम्वन्धित कार्यक्रम तथा योजनाहरूको सन्दर्भमा सम्वन्धित संघसंस्थाहरूको वित्तीय पक्ष एकीन नभएको हुँदा त्यस्ता योजनाहरूको कार्यान्वयनको लीग सम्वन्धित निकायका केन्द्रीय कार्यालयवाट आवश्यक वजेट निकासाको लागि वा कार्यक्रम सञ्चालनको लागि पहल गर्ने गरी यस आवधिक योजनामा प्राथमिकता निर्धारण गरिएको छ ।

## ११.३ योजनाको वर्गीकरण

नगरको अग्रणी क्षेत्र सहितको दीर्घकालीन सोच, नगर तथा नगरवासीहरूको आधारभूत आवश्यकता सम्वोधन गर्न विभिन्न तहगत सहभागितामूलक छलफलमा उठेका समस्या तथा मुद्दा सम्वोधन गर्न यस आवधिक योजनामा विषयगत रुपमा पहिचान भएका कार्यक्रम तथा योजनाहरू निम्न रुपमा वर्गीकरण गरिएको छ ।

माथि विवेचना गरिए अनुसार आवधिक योजनामा समेटिएका अग्रणी क्षेत्र र विभिन्न क्षेत्रगत विकास योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनवाट आर्थिक विकासको साथै यस नगरको दीर्घकालीन सोच प्राप्ति हुन सहयोग पुग्ने छ । यस्ता योजना तथा कार्यक्रमहरूको कार्यान्वयन नगरपालिका एक्लैले मात्र गर्न सकिने अवस्था भने छैन र सम्भव पनि हुदैन । तसर्थ पहिचान भएका योजना तथा कार्यक्रमहरूको प्रकृति, उद्देश्य, लगानी, लगानी गर्ने निकाय तथा लाभान्वित समूहको हिसावले योजनाहलाई निम्नाअनुसार वर्गीकरण गरीएको छ ।

- रणनैतिक योजना
- नगर स्तरीय योजना
- वडा स्तरीय योजना

### रणनैतिक योजना

रणनैतिक योजना भन्नाले त्यस्ता योजनाहरू जस्को कार्यान्वयनले नगरपालिकाको दीर्घकालीन अवधारणा वा सोच एवम् अग्रणी क्षेत्र अनुरुपको विकास हासिल गर्न सघाउ पुऱ्याउँदछ र अन्ततोगत्वा यसवाट

नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक आदि समग्र पक्षको विकास एवम् रुपान्तरण भई नगरवासिको आर्थिक स्तरमा ठोस तथा उल्लेखनीय प्रगति हुने अपेक्षा गर्न सकिन्छ । यस्ता रणनीतिक योजनाहरू सामान्यतया दीर्घकालीन प्रकृतिको हुनुको साथै लगानीको दृष्टिकोणले ठूलो धनराशी आवश्यक पर्ने खालका हुन्छन् । यसको साथै नगरपालिकाको आर्थिक विकासमा नाटकीय परिवर्तन ल्याउन यस्ता रणनैतिक योजनाहरूको अति नै महत्वपूर्ण भूमिका हुन्छन् । तसर्थ रणनैतिक योजनाहरूलाई सँक्षेपमा परिभाषित गर्नुपर्दा आकारमा ठूलो हुनेहुनाले धेरै लगानी दरकार पर्ने, लामो समय खर्चीन पर्ने र आर्थिक विकासको लागि अति नै आवश्यक योजनाको रुपमा लिन सकिन्छ ।

आर्थिक दृष्टिकोणले समृद्ध नगर निर्माणको लागि आवश्यक योजनाहरू तथा दीर्घकालीन सोच र विशेष गरी कृषि उद्योगलाई वढावा दिने अग्रणी क्षेत्रसँग सम्वन्धित योजनाहरू यस अन्तर्गत समावेश गरिएका छन् । अगामी पाँच वर्षमा कार्यान्वयनका लागि प्रस्तावित रणनीतिक योजना तथा कार्यक्रमहरूको सूची वहुक्षेत्रगत लगानी योजनामा उल्लेख गरिएका छन् ।

### नगर स्तरीय योजना

रणनैतिक योजना वाहेकका ठूला लगानी आवश्यक पर्ने अन्य योजनाहरू जसले समग्र नगरवासीहरूको या दुई वा दुई भन्दा वढी वडाका वासिन्दाहरूको हित गर्दछ जस्तैः वसपार्क, ट्राफिक व्यवस्थापन, फोहर प्रशोधन केन्द्र, लगायत दुई वा दुई भन्दा वढी सिमाना भई जाने सडक, ढल आदि जस्ता योजनाहरूलाई नगरस्तरीय योजनाको रुपमा वर्गीकरण गरिएको छ ।

यसरी वर्गीकरण गरिएका योजनाहरूलाई पनि लगानीको प्रकृति तथा जिम्मेवारीको दृष्टिकोणले दुई समूहमा विभाजन गरिएका छन् :

- नगरपालिकाको लगानीमा सञ्चालन गर्न सकिन नगरस्तरीय योजना तथा कार्यक्रमहरू,
- अन्य निकायहरूको लगानीमा सञ्चालन गरीनु पर्ने नगरस्तरीय योजना तथा कार्यक्रमहरू ,

### नगरपालिकाको लगानीमा सञ्चालन गर्न सकिने नगरस्तरीय क्षेत्रगत योजना तथा कार्यक्रमहरू :-

नगरपालिकाको कार्यक्षेत्र तथा जिम्मेवारी भित्र पर्ने र विगतदेखि नगरपालिकाल आफैले आफनै लगानीमा सञ्चालन गर्दै आईरहेका समग्र नगरवासीहरूलाई लाभ पुग्ने प्रकृतिका योजनाहरू जस्तैः प्रमुख सडक, ढल, फोहोर सङ्कलन, विभिन्न प्रकारका चेतनामूलक कार्यक्रमहरू, एक वा एकभन्दा वढी वडाका वासिन्दाहरूलाई लाभ हुने योजनाहरू जस्तैः सिमानाका सडक, ढल, विभिन्न प्रकारका तालिम तथा लगानीको दृष्टिकोणले एउटै वडाका वासिन्दाहरू मात्र लाभान्वित भए तापनि लागतको हिसावले रु ५ लाख भन्दा माथि लगानी गर्नुपर्ने योजनाहरूलाई यस योजना अन्तर्गत समावेश गरीएका छन् । नगरपालिकाको प्रत्यक्ष लगानी तथा सक्रियतामा कार्यान्वयन गर्नुपर्ने सम्पूर्ण नगर स्तरीय योजना तथा कार्यक्रमहरू यस अन्तर्गत समावेश गरिएका छन् जस्माः भौतिक विकास तथा भौतिक पूर्वाधार, सामाजिक विकास (शिक्षा, स्वास्थ्य लगायत लक्षित समुदाय तथा गरिवी न्यूनीकरण), आर्थिक विकास ( स्थानीय आर्थिक विकास सम्वन्धी तालिम आदि) वातावरण, वित्तीय व्यवस्थापन तथा संस्थागत विकास सम्वन्धी अधिकांश योजनाहरू रहेका छन् । आगामी पँाच वर्षमा कार्यान्वयनका लागि प्रस्तावित नगर स्तरीय क्षेत्रगत योजना तथा कार्यक्रमहरू वहुक्षेत्रगत लगानी योजनामा उल्लेख गरिएका छन् ।

### अन्य निकायहरूको लगानीमा सञ्चालन गर्नुपर्ने नगर स्तरीय क्षेत्रगत योजना तथा कार्यक्रमहरू:-

समृद्ध नगर निर्माणको लागि आवश्यक योजनाहरू कार्यान्वयन गर्न नगरपालिका कार्यालयको लगानी वाहेक नगर क्षेत्रमा कार्यरत सरकारी तथा अर्ध सरकारी निकाय, गैर सरकारी संघसंस्था, दातृ निकाय, निजी क्षेत्रको लगानी तथा नगरवासीहरूको लागत सहभागिता अति जरुरी हुन्छ । यसरी अन्य

संघसंस्थाहरूको सहयोगमा सञ्चालन गर्नुपर्ने योजनाहरूलाई यस शीर्षक अन्तर्गत राखिएका छन् ।

स्थानीय क्षेत्रमा कार्यरत सरकारी तथा अर्ध सरकारी निकायहरूको नगरपालिका क्षेत्रमा विशेष लगानी नहुने र त्यस्ता निकायहरूको आ-आफनो क्षेत्रको क्षेत्रगत आवधिक योजना तर्जुमा गर्ने परिपाटी पनि नभएको र त्यस्ता निकायहरूले आफनो लगानी वा कार्यक्रम आफैले एकिन पनि गर्न नसकिएको (केन्द्रवाट प्राप्त हुने वजेटमा निर्भर रहने) हुँदा त्यस्ता संघसंस्थाहरूको जिम्मेवारीमा पर्ने योजनाहरूको सम्वन्धमा सम्वन्धित निकायहरूसँग विस्तृत छलफल गरी कार्यान्वयनको लागि केन्द्रमा अनुरोध गर्ने/ गराउने गरी त्यस्ता योजनाहरूको सूची समेत वहुक्षेत्रगत लगानी योजनामा राखिएको छ ।

यस्ता योजनाहरूको लागत सम्वन्धित क्षेत्रवाटै एकीन गर्दा व्यवहारिक हुने देखि योजनाको लागत भने उल्लेख गरिएको छैन ।

यसैगरी स्थानीय गैरसरकारी संघसंस्थाहरूले पनि आ-आफनो प्रयासमा नगर क्षेत्रमा विभिन्न योजना तथा कार्यक्रमहरू सञ्चालन गरिरहेको र त्यस्ता संघसंस्थाहरूको लगानी पनि वार्षिक रुपमा एकिन गर्न नसकिने हुँदा विभिन्न संघसंस्थाहरूसँग सम्वन्धित योजना तथा कार्यक्रमहरू पनि अलग्गै समावेश गरिएका छन् । यस्ता योजनाहरूको सम्वन्धमा सम्वन्धित संघसंस्थाहरूको लगानी भिÄयाउन नगरपालिकाले विशेष नीति ल्याउनु पर्ने हुन्छ ।

यसका अतिरिक्त विभिन्न नगरहरूमा नीजि क्षेत्रको सहभागितामा पनि थुप्रै योजना तथा कार्यक्रमहरू सञ्चालन भई रहेको अवस्थामा जलेश्वर नगरको आवधिक योजनाको कार्यान्वयनमा पनि यस क्षेत्रको निजी क्षेत्रले अहम भूमिका निर्वाह गर्न सक्दछ । विशेष गरी आर्थिक विकास जस्ता योजनामा लगानी गर्न यस्ता क्षेत्र उत्सुक हुन्छन र यस्कालागि निजी क्षेत्रलाई आकर्षित हुने गरी नगरपालिकाले निजी क्षेत्रको सहभागिता वा सार्वजनिक निजी क्षेत्र साझेदारी जस्ता कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ ।

सडक, खानेपानी तथा ढल, विद्युत, सञ्चार, शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, वातावरण, भू-संरक्षण, सिंचाई जस्ता सरकारी, अर्ध सरकारी निकायहरू, गैर सरकारी संघसंस्था तथा निजी क्षेत्रसँग सम्वन्धित थुप्रै योजनाहरू यस आवधिक योजना अन्तर्गत पहिचान भएका छन् । यसरी पहिचान भएका योजना तथा कार्यक्रमहरूको कार्यान्वयन गर्न सो सम्वन्धी निकायहरूको सक्रिय भूमिका अति आवश्यक छ । यसरी नगरमा कार्यरत विभिन्न निकायहरूको सहयोगमा सञ्चालन गर्नुपर्ने विभिन्न योजना तथा कार्यक्रमहरूको सूची वहुक्षेत्रगत लगानी योजनामा दिइएको छ ।

तसर्थ योजना तर्जुमाको दौरानमा पहिचान भएका आवश्यक योजनाहरू तर आर्थिक स्रोतको अभावमा तत्कालै यस प्रथम आवधिक योजनामा कार्यान्वयन गर्न नसकिने योजनाहरू तर कतिपय दातृ निकाय तथा अन्तर्राष्ट्रिय निकायहरूवाट अपरझट आर्थिक सहयोग प्राप्त भई रहने र जलेश्वरको सन्दर्भमा भारत सरकारवाट यस्ता प्रकृतिको सहयोग प्राप्त हुन सकिने सन्दर्भलाई समेत मध्य नजर गरी संयोगवश त्यस्ता सहयोग प्राप्त हुने वखतमा कार्यान्वयन गर्न सकिने भन्ने हिसावले पनि त्यस्ता योजनाहरू यस तालिकामा समावेश गरिएका छन् ।

यस तालिकामा उल्लेखित योजना तथा कार्यक्रमहरूको सफल कार्यान्वयनको लागि नगरपालिकाको नेतृत्वदायी भूमिकामा नगरका सरोकार समुदायहरूलाई समेत लिई सक्रिय रुपमा पहल तथा घचघच्चाउने कार्य गर्नुपर्ने हुन्छ ।

## ११.४ वडा स्तरीय योजनाहरू

वडा स्तरीय भेला तथा लक्षित वर्ग समुदायको छलफलमा विभिन्न वडा, वस्ती तथा लक्षित वर्ग तथा समुदायका समस्याहरू मध्ये कम लागतका सानातिना प्रकृतिका योजनाहरूको साथै कुनै एउटामात्र वडाका वासिन्दाहरू वा समुदाय मात्र लाभान्वित हुने किसिमका योजनाहरू यस वर्गीकरण अन्तर्गत राखिएका छन् ।

यस वर्गीकरण अन्तर्गतका योजनाहरू नगरपालिकाको विकास वजेटवाट प्राप्तहुने रकमको आधारमा नगरपालिकाको वार्षिक कार्यक्रम अनुसार कार्यान्वयन हुनेगरी यस्ता योजनाहरूको सूचीमात्र यस आवधिक योजनामा राखिएको छ । अधिकांश रणनीतिक योजनाहरू तथा नगर स्तरीय योजनाहरू शहरी वार्डमा कार्यान्वयन हुने हुँदा वडागत योजनाहरूको लगानीको प्रतिशत ग्रामीण वडाहरूमा वढी केन्द्रीत गर्नु न्यायोचित हुने देखिन्छ अन्यथा प्राप्त वजेटलाई वडागत रुपमा दामासाहीमा वाँडफाँड गरी योजनाहरू कार्यान्वयन गर्न सकिन्छ । वडा स्तरीय योजनाको सूची अनुसूची १ मा दिइएको छ ।

## विकास वजेटको प्रक्षेपण तथा वाँडफाँड

योजनाहरू कार्यान्वयनको लागि प्राथमिकता सहितको पाँच वर्षे लगानी कार्यक्रम तर्जुमा गर्न सरोकार संघसंस्थाहरूवाट आगामी ५ वर्षमा के कस्ता प्रकृतिका योजनाहरूकोलागि के कति वजेट वा सहयोग उपलब्ध हुने हो सो एकिन हुनु अति जरुरी छ । तर त्यस्ता निकायहरूवाट प्राप्त हुने वजेट तिनका केन्द्रीय निकायहरूवाट विनियोजन हुनेहँदा यस्ता संघसंस्थाहरूको वजेट वा कार्यक्रम अग्रीम जानकारी वा प्रतिवद्धता जनाउन नसकिने हुँदो रहेछ । तसर्थ यस योजनामा नगरपालिका कार्यालयको लगानीमा कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरूको मात्र प्राथमिकता निर्धारण गर्न सकिने हुँदा त्यस्ता योजना तथा कार्यक्रमको लागि नगरपालिकावाट पनि के कति वजेट उपलब्ध हुन सकिने हो सोको जानकारी हुन अति जरुरी भएको हुँदा आगामी पाँच वर्षमा नगरपालिकाको विकास वजेट के कति हुन सक्दछ सोको मात्र लेखाजोखा गरिएको छ ।

स्थानीय निकाय वित्तीय आयोगको प्रतिवेदन अनुसार विगत दुई आर्थिक वर्षमा यस नगरपालिकामा विकास निर्माण कार्यमा सरदर रु २२,६०८,३४६/- लगानी भएको देखिन्छ र यी नै लगानीलाई आधार मानी सकारात्मक सोचका साथ अगामी ५ वर्ष सम्म प्रति वर्ष २० प्रतिशतको दरले वृद्धि हुने अनुमान गरिएमा अगामी पाँच वर्षमा विकास निर्माण कार्यको लागि करिव कूल रु २०१,८९०,७२१/- लगानी गर्न सकिने देखिन्छ ।

**तालिका नं. ८ : विकास वजेटको प्रक्षेपण तथा वाँडपाँड**

| **शीर्षक** | **आर्थिक वर्ष तथा रकम** | | | | | **जम्मा** |
|---|---|---|---|---|---|---|
| | **2069-70** | **2070-71** | **2071-72** | **2072-73** | **2073-74** | |
| **विकास वजेट (चालु खर्च कटाएर)** | **27,130,015** | 32,556,018 | 39,067,222 | 46,880,666 | 56,256,800 | **201,890,721** |
| म्याचिंग फण्ड | 2,713,002 | 3,255,602 | 3,906,722 | 4,688,067 | 5,625,680 | **20,189,072** |
| **क्षेत्रगत कार्यक्रमकोलागि वांकी** | **24,417,014** | **29,300,416** | **35,160,500** | **42,192,600** | **50,631,120** | **181,701,649** |
| **लक्षित समुदाय (३५%)** | **8,545,955** | **10,255,146** | **12,306,175** | **14,767,410** | **17,720,892** | **63,595,577** |
| महिला (१०) | 2,441,701 | 2,930,042 | 3,516,050 | 4,219,260 | 5,063,112 | **18,170,165** |
| वालवालिका (१०) | 2,441,701 | 2,930,042 | 3,516,050 | 4,219,260 | 5,063,112 | **18,170,165** |
| आदिवासी, दलित जनजाती, पिछडा वर्ग आदि (१५) | 3,662,552 | 4,395,062 | 5,274,075 | 6,328,890 | 7,594,668 | **27,255,247** |
| **वांकी (६५%)** | **15,871,059** | **19,045,271** | **22,854,325** | **27,425,190** | **32,910,228** | **118,106,072** |
| **प्रवर्द्धनात्मक योजना (६५ को ४० %)** | 6,348,424 | 7,618,108 | 9,141,730 | 10,970,076 | 13,164,091 | 47,242,429 |
| **क्षेत्रगतकोलागि वांकी वजेट** | 9,522,635 | 11,427,162 | 13,712,595 | 16,455,114 | 19,746,137 | 70,863,643 |

तर यी सबै वजेट विगतमा झैं भौतिक पूर्वाधारको निर्माणमा मात्र खर्च गर्न पाइदैन । तसर्थ माथि प्रक्षेपित वजेट मध्येवाट केन्द्रीय सरकारको जगेडा कोष, सडक वार्ड आदि कार्यक्रमको लागि अनुदान प्राप्त गर्न

समपुरक कोष -Matching fund_ को व्यवस्था गर्नुपर्ने हुन्छ। यसै पक्षलाई मध्ये नजर गरी अगामी ५ वर्षको लागि उक्त कोषको लागि कूल रु २०,१८९,०७२ विनियोजित गरिएको छ। यसरी अगामी पाँच वर्षको लागि कूल प्रक्षेपित वजेटमा समपुरक कोषको रकम कट्टा गर्दा क्षेत्रगत विकास कार्यको लागि अगामी ५ वर्षमा कूल रु १८१,७०१,६४९ हुन आउन देखिन्छ। जस्को विस्तृत विवरण तालिका ८ मा दिईएको छ।

नगरपालिकाको कूल विकास वजेटको ३५ प्रतिशत रकम लक्षित कार्यक्रममा विनियोजित गरि वांकि रहेका विकास वजेटको ४० प्रतिशत रकम प्रवर्द्धनात्मक कार्यक्रममा अनिवार्य रुपमा खर्च गर्नुपर्ने पछिल्लो प्रावधान अनुसार प्रक्षेपित कूल क्षेत्रगत विकास वजेटलाई सोही प्रावधान अनुसार वाँडफाँड गरिएको छ। जसअनुसार अगामी ५ वर्षको लागि लक्षित वर्ग तथा प्रवर्द्धनात्मक कार्यक्रमको लागि क्रमशः रु ६३,५९५,५७७/- र रु 47,242,429/- गरी कूल रु 110,838,006/- विनियोजित गरिएको छ। यस पश्चात क्षेत्रगत कार्यको लागि अगामी ५ वर्षमा लगानी गर्न कूल रु 70,863,643/- वाँकी हुन आउँछ। यसरी प्राप्त हुन आएको कूल क्षेत्रगत विकास वजेटलाई योजनाको प्रकृति हेरी तल तालिका ९ मा दिए अनुसार वाँडफाँड गरिएको छ। जस अनुसार रणनैतिक योजना, नगर स्तरीय योजना, वडागत योजना तथा भैपरी जस्ता योजनाहरू यस वजेटवाट कार्यान्वयन गरिने छन्।

नगरको समग्र विकासको लागि गर्नुपर्ने ठूला कार्यहरू जसलाई रणनितिक योजना भन्न सकिन्छ त्यस्ता योजनाहरूको लागि नगरपालिकावाट लगानी गर्ने भन्ने दिवास्वप्न मात्र हो। तर यस्ता रणनैतिक योजनाहरूको कार्यान्वयन विना समृद्ध नगरको निर्माणको सम्भावना भने नरहेको सन्दर्भमा नगरपालिकाले यस्ता रणनैतिक कार्यक्रमहरू कार्यान्वयनको लागि गर्नुपर्ने विभिन्न प्रकारको पहल तथा समन्वयकारी भूमिका वाहेक अन्य अध्ययन, कार्यशाला आदिको लागि आर्थिक प्रतिवद्धता सहित अगामी ५ वर्षको लागि रु 7,086,364 वजेट विनियोजित गरिएको छ। रणनीतिक योजना अन्तर्गतका अधिकांश पूर्वाधार योजनाहरूको निर्माण विभिन्न सरकारी निकाय, दातृ निकायहरू, नगर विकास कोष वा अन्तराष्ट्रिय वित्तीय संस्थाहरूको ऋण लगानीमा मात्र सम्भव छ भने यस अन्तर्गत विनियोजित रकम जगेडा कोष, सडक वोर्ड, एल.जी.सि.डि.पी. लगाएतका विभिन्न निकायहरूवाट प्राप्त गर्न चाहिने सहयोग कार्यक्रमको लागि प्रयोग गर्न सकिन्छ।

नगरवासिहरूको प्रमुख समस्याको रुपमा रहेका भौतिक, सामाजिक, आर्थिक पक्ष जस्ता विषयमा लगानी गर्न क्षेत्रगत वजेटको सवभन्दा वढी रकम रु 53,147,732 अर्थात कूल वजेटको ७५ प्रतिशत रकम नगर स्तरीय योजनाको लागि विनियोजित गरिएको छ। लक्षीत वर्ग तथा प्रवर्द्धनात्मक कार्यक्रममा विनियोजित रकम पनि नगरवासीहरूकै हितमै प्रयोगमा आउने हुँदा कतिपय विषयगत योजनाहरूको लागि थप रकम सो शीर्षकवाट पनि विनियोजित गरिएको छ।

वडागत रुपमा पहिचान भएका वडावासीहरूको सानातिना समस्याहरू सम्वोधन गर्न अगामी ५ वर्षको लागि यस क्षेत्रगत विकास वजेटको १० प्रतिशत रकम अर्थात रु 7,086,364 विनियोजित गरिएको छ। यस वाहेक यस शीर्षकमा प्रवर्द्धनात्मक कार्यको लागि छुटयाईको रकमवाट पनि केही रु 4,724,243 विनियोजित गरिएकोछ। जसअनुसार अगामी पाँच वर्षको लागि वडागत योजनामा कूल रु 11,810,607 लगानी गर्न सकिने देखिन्छ।

**तालिका नं. ९ : योजनाको प्रकृति अनुसार विकास वजेटको वाँडफाँड**

| योजनाको शीर्षक | प्रतिशत | रकम (रु) | थप वजेट | प्रतिशत | रकम (रु) |
|---|---|---|---|---|---|
| रणनैतिक योजना | १० | 7,086,364 | | | |
| नगर स्तरीय योजना | ७५ | 53,147,732 | | | |
| वडा योजना | १० | 7,086,364 | प्रवर्द्धनात्मक | १० | 4,724,243 |
| भैपरी योजना (विभिन्न कोषहरू) | ५ | 3,543,182 | | | |

अगामी पाँच वर्षमा गर्नुपर्ने सवै योजना तथा कार्यक्रमहरू अहिले नै अनुमान गर्न सकिदैन र विशेष गरी वाढि, आगलागी, भूकम्प जस्ता प्राकृतिक प्रकोप लगायतका अहिले अनुमान गर्न नसकिएका आकस्मिक समस्याहरू पनि कतिपय अवस्थामा अपर्झट सम्वोधन गर्नुपर्ने हुन्छ र यसै परिप्रेक्षलाई मध्य नजर गरी अगामी ५ वर्षको लागि कूल क्षेत्रगत वजेटको ५ प्रतिशत रकम अर्थात रु 3,543,182 यस्ता कार्यक्रमका लागि विनियोजित गरिएको छ ।

यसैगरी नगर स्तरीय योजनाहरूको लागि छुटयाइको रकमवाट आवधिक योजना अन्तर्गतका ठूला लगानीका योजनाहरू तथा विभिन्न विषयगत योजनाहरू कार्यान्वयन गर्नुपर्ने हुँदा यस्मा विनियोजित कूल वजेटलाई सवै विषयगत योजनामा लगानी गर्नेगरी विभाजन गरिएको छ । विषयगत योजना मध्ये लगानीको दृष्टिकोणले सवैभन्दा वढी योजना, कार्यक्रम तथा आवश्यकता भौतिक पूर्वाधारमा रहन जाने हुँदा सोही अनुसार यस शीर्षकमा कुल विकास बजेटको ७० प्रतिशत अर्थात् भण्डै दुई तिर्हाइ वजेट विनियोजत गरिएको छ । सामाजिक विकास अन्तर्गतका लक्षित कार्यक्रमको लागि ३५ % रकम छुट्टै विनियोजत गरिएको हुँदा क्षेत्रगत वजेटको २.५ % रकम मात्र सामाजिक विकासको लागि विनियोजन गरिएको छ । विकास वजेट नै कम भएको र थुप्रै क्षेत्रगत विकास योजनामा समेत लगानी गर्न पर्ने हुँदा नगरपालिकाको प्रत्यक्ष लगानीमा गर्नुपर्ने संस्थागत विकास तथा वित्तीय विकास जस्ता योजनामा तुलनात्मक रुपमा वढी प्रतिशत रकम विनियोजित गरिएको छ भने आर्थिक विकास, वातावरणीय जस्ता योजनाहरूमा नीजि क्षेत्र तथा अन्य निकायहरूको समेत लगानीमा गर्न सकिने हुँदा यस्ता योजनाहरूको लागि कम रकम विनियोजन गरिएको छ । नगर स्तरीय योजनाको लागि उपलव्ध वजेटको क्षेत्रगत रुपमा गरिएको वाँडफाँड तलको तालिका १० मा दिइएको छ ।

**तालिका नं. १० : विषयगत योजना अनुसार नगरस्तरीय वजेटको वाँडफाँड**

| **क्षेत्र** | **प्रतिशत** | **रकम** | **थप सहयोग** | **प्रतिशत** | रकम | जम्मा |
|---|---|---|---|---|---|---|
| भौतिक विकास तथा भौतिक पुर्वाधार विकास योजना | ७० | 37,203,413 | प्रवर्धनात्मक | ८० | 37,793,943 | 74,997,356 |
| आर्थिक विकास योजना | ५ | 2,657,387 | लक्षीत | ५ | 3,179,779 | 5,837,166 |
| वातावरण विकास योजना | १० | 5,314,773 | | | | 5,314,773 |
| जोखिम विकास योजना | ३ | 1,594,432 | प्रवर्धनात्मक | ५ | 2,362,121 | 3,956,553 |
| वित्तीय विकास योजना | २.५ | 1,328,693 | प्रवर्धनात्मक | ५ | 2,362,121 | 3,690,815 |
| संस्थागत विकास योजना | ७ | 3,720,341 | | | | 3,720,341 |
| **सामाजिक विकास योजना** | | | | | | |
| आधारभूत (लक्षित समूह वाहेक) | २.५ | 1,328,693 | | | | 1,328,693 |
| **लक्षित वर्ग** | | ६०,४१५,७९८ | | | | ६०,४१५,७९८ |
| महिला | | १७,२६०,७९४ | | | | |
| वालवालिका | | १७,२६०,७९४ | | | | |
| दलित, आदिवासी जनजाति | | २५,८९४,२११ | | | | |

# खण्ड १२ वहुक्षेत्रगत लगानी योजना

आवधिक योजना अन्तर्गत पहिचान भएका सवै योजनाहरू लगानीको दृष्टिकोणले एउटै आवधिक योजना मार्फत सम्वोधन गर्न सकिदैन । तसर्थ आगामी पाँच वर्षमा उपलव्ध हुन सकिने नगरपालिकाको विकास वजेटको रकम, दीर्घकालीन सोच प्राप्ति तर्फ उन्मुख हुन अति आवश्यक कार्यक्रम तथा योजनाहरू, आर्थिक विकासमा टेवा पुग्न योजना, लक्षित वर्ग समुदायको हित, रोजगारी वृद्धि गर्ने जस्ता महत्वपूर्ण आधारहरूमा योजनाको प्राथमिकता निर्धारण गरी अगामी पाँच वर्षमा कार्यान्वयन गर्न सकिने योजनाहरूको वहुक्षेत्रगत लगानी योजना तयार गरिएको छ ।

नगरवासीहरूको आवश्यकता परिपूर्ति गर्न आवश्यक लगानीको तुलनामा उपलव्ध हुने विकास वजेट अतिनै न्यून भएको हुँदा नगरपालिकाको विद्यमान विकास वजेटले ठूलठूला योजनाहरू कार्यान्वयन गर्न सकिने स्थिति भने छैन । विशेष गरी अधिकांश रणनीतिक योजनाहरू जस्तैः सडक, ढल र फोहोर व्यवस्थापन सहितको एकीकृत योजनाहरूको लागि केन्द्रीय निकाय, विभिन्न दातृ राष्ट्र तथा दातृ निकायहरूको सहयोग अति आवश्यक छ र यस्ता रणनैतिक योजनाहरू वहुक्षेत्रगत लगानी योजनाको तालिका ११ मा समावेश गरिएको छ ।

यसको अतिरिक्त, नगरपालिकाको कार्यान्वयनको जिम्मेवारीमा परेका अन्य योजनाहरूको सन्दर्भमा अगामी पाँच वर्षमा उपलव्ध हुन सकिने नगरपालिका कार्यालयको विकास वजेटको प्रक्षेपण गरी सोही अनुसार योजना तथा कार्यक्रमहरूको प्राथमिकता निर्धारण गरी क्रमशः कार्यान्वयन गर्ने गरी वहुक्षेत्रगत लगानी योजना तयार गरिएको छ । नगरपालिकाको आर्थिक श्रोत अति न्यून रहेकोले यस श्रोतवाट धेरै कम मात्र नगरस्तरीय योजनाहरू कार्यान्वयन गर्न सकिन्छ । तसर्थ नगरपालिकाले विगतमा झैं केन्द्रबाट सडक वोर्ड, कृषि सडक, जगेडा कोष, एल.जी.सी.डी.पी. जस्ता सहयोग कार्यक्रम ल्याई वढी भन्दा वढी कार्यक्रम कार्यान्वयन गर्न सकृयता देखाउनु पर्ने हुन्छ । यस शीर्षक अन्तर्गत प्राप्त नगरपालिकाको विकास वजेट तथा विगत आर्थिक वर्षमा केन्द्रवाट प्राप्त विशेष आर्थिक अनुदानको आधारमा आवधिक योजना अन्तर्गत पहिचान भएका योजनाहरू कार्यान्वयन गर्ने गरि अगामी पाँच वर्षको भौतिक विकास तथा भौतिक पुर्वाधार (तालिका १२), सामाजिक (तालिका १३), आर्थिक (तालिका , वातावरण तथा जोखिम व्यवस्थापन (तालिका १५), वित्तिय व्यवस्थापन (तालिका १६) र संस्थागत (तालिका १७) विकास योजनाहरुको वहुक्षेत्रगत लगानी योजना तर्जुमा गरिएको छ र यी योजनाहरुको विवरण माथि उल्लेखित तालिकाहरुमा हेर्न सकिन्छ ।

यसैगरी अन्य निकायहरूको सहयोग तथा लगानीमा कार्यान्वयन गर्नुपर्ने अन्य योजना तथा कार्यक्रमहरू समेत यस वहुक्षेत्रगत लगानी योजनामा समावेश गरिएका छन् र जस्को लागि जलेश्वर नगरपालिका तथा स्थानीय सरोकार समुह वा जलेश्वर विकास मंचले पहलकर्ताको प्रमुख भुमिका निर्वाह गरि सम्वन्धित निकाय, संघसंस्थाहरुमा घचघच्याउनु पर्ने हुन्छ (तालिका १८) ।

सानातिना वडा स्तरीय योजनाहरू वडागत वजेटवाट कार्यान्वयन हुने गरी प्रस्ताव गरिएको हुँदा यस्तो योजना वहुक्षेत्रगत लगानी योजनामा समावेश नगरी योजनाको सुची (तालिका १९) मात्र उल्लेख गरिएको छ । योजना तर्जुमा समिति, नगरपालिका वोर्ड तथा परिषदको निर्णय अनुसार नगरपालिकाले यस्ता योजनाहरू क्रमशः वार्षिक रुपमा कार्यान्वयन गर्दै जाने छ ।

## वडास्तरिय योजना

नगरपालिकाहरूले प्रत्येक आर्थिक वर्षमा वार्षिक कार्यक्रम तथा वजेट तर्जुमा गर्नुपर्ने कानुनी प्रावधान रहेको हुंदा वडागत तथा सामुदायीक भेलावाट प्राप्त भएका समस्याहरु सम्वोधन गर्न आवश्य योजनाहरु तल तालिका १९ मा दिईएको छ । ती वडागत योजनाहरु कार्यान्वयन गर्न अगामी पांच वर्षको लागि कूल रु 11,810,607 वजेट विनियोजन गरिएकोछ । तसर्थ प्रत्येक आर्थिक वर्षको वार्षिक कार्यक्रम तयार गर्दा तालिका १९ मा उल्लेखित योजनाहरुको सूचीमध्येवाट र कतिपय अवस्थामा पुनः वडा भेला गरि आवश्यकता अनुसार योजनाहरुको सूचि परिमार्जित गर्दै वार्षिक रुपमा उपलव्ध हुन सकिने वडागत वजेटको सिमामा रहि योजना तर्जुमा समिति, नगरपालिका वोर्ड तथा परिषदबाट योजनाहरुको छनौट तथा प्राथमिकता निर्धारण गर्दै कार्यान्वयन गर्न प्रस्ताव गरिएको छ ।

**योजना छनौटका आधारहरू (सुझावको रुपमा) :**

१. वडागत जनसंख्या

२. वस्ती वसेको शाल (पुरानो वस्तीलाई प्राथमिकता)

३. दीर्घकालीन सोच लाई टेवा पुऱ्याउने खालका योजनालाई प्राथमिकता

४. क्षेत्रफल

५. भू-वनौट

६. उपलव्ध पूर्वाधार

७. गरिवीको अवस्था

८. आय आर्जन तथा रोजगार वढावा दिने खालका योजनालाई प्राथमिकता

९. स्थानीय सिप, श्रोत तथा साधनको अधिकतम उपयोग हुने खालका योजनालाई प्राथमिकता

१०. जनसहभागीता

११. अधिकतम वडावासी र घरपरिवार लाभान्वित हुने खालका योजनालाई प्राथमिकता

१२. कम जोखिमयुक्त योजनाहरू

१३. आपसी सर सल्लाहमा तय गर्न सकिने महत्वपुर्ण अन्य आधारहरू

# वहुक्षेत्रगत लगानी योजना

# वडागत योजनाको सूचि

# खण्ड १३ आवधिक योजनाको कार्यान्वयन अनुगमन तथा मध्यावधि मूल्यांकन

कृषि उद्योग मार्फत जलेश्वर नगरलाई एक समृद्ध सुन्दर नगर निर्माण गर्न यस नगरको दीर्घकालीन भौतिक विकास योजना, अन्य क्षेत्रगत विकास योजनाहरू तथा सोको कार्यान्वयनको लागि बहुक्षेत्रगत लगानी योजना तर्जुमा गरिएको छ । समुद्ध नगर निर्माण गर्न एक चरणको आवधिक योजनाले मात्र सम्भव हुदैन र यसका लागि चरणवद्ध आवधिक योजना (जस्तैः दोश्रो, तेश्रो .... दशौं आदि र नेपाल अधिराज्यको पनि दशौं पञ्च वर्षीय योजना सम्पन्न भई हालको तीन वर्षीय योजना तयार भएको छ) तर्जुमा गरी यसको प्रभावकारी कार्यान्वयन तर्फ ध्यान दिनु अति आवश्यक हुन्छ । नेपालमा योजनाहरू थुप्रै वन्छन तर वनेका योजनाहरूको कार्यान्वयन पक्ष कमजोरका कारण योजना तर्जुमा प्रति नगरवासीहरू कम उत्साहित भएको पाइन्छ । तसर्थ योजना प्रक्रियामा आम नगरवासी लगायत सवै सरोकारवालाहरूलाई सक्रिय सहभागी गराई नगर विकासको हरेक पक्षमा साथ पाउन नगरपालिकाले यस आवधिक योजनाको प्रभावकारी एवं सफल कार्यान्वयन गर्न अति जरुरी छ । यसै परिप्रेक्षलाई लिएर होला आवधिक योजना तर्जुमा निर्देशिकामा आवधिक योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्वन्धी पक्षलाई महत्वका साथ राखिएको छ र यस नगरको तर्जुमा भएको यस आवधिक योजनामा प्रस्ताव गरिएका कार्यान्वयन, अनुगमन र मुल्यांकन सम्वन्धी विवेचना तल गरिएको छ ।

## १३.१ आवधिक योजनाको कार्यान्वयन

आवधिक योजना अन्तर्गत वहुक्षेत्रगत लगानी योजनामा उल्लेख भएका योजनाहरूको कार्यान्वयन गरी समृद्ध नगर निर्माण गर्न निम्न लिखित कार्यहरू गर्नपर्ने देखिप्रस्ताव गरिएको छ ।

### मञ्चको गठन

यस आवधिक योजनामा नगरको आर्थिक उन्नतिको लागि आवश्यक रणनैतिक योजना, दीर्घकालीन भौतिक विकास योजना, प्रमुख सडक, ढल, खानेपानी, विद्युत जस्ता भौतिक पूर्वाधार योजना, आधारभूत शिक्षा स्वास्थ, लक्षित वर्ग/समुदाय (महिला, वालवालिका, जेष्ठ नागरिक, दलित, जनजाति, फरक क्षमता भएका व्यक्ति, तेश्रो लिङ्गी तथा अल्पमत आदि) का शिक्षा, स्वास्थ, आयआजर्न, जस्ता योजना तथा कार्यक्रमहरू समावेश गरिएका छन् । यसैगरी आर्थिक विकासको हिसावले कृषि तथा पशुमा आधारीत उद्योग तथा स्थानीय रोजगारीका कार्यक्रमहरू, वातावरणीय तथा जलवायु परिवर्तन जस्ता पक्षहरूलाई सम्वोधन गर्ने कार्यक्रम, जोखिम व्यवस्थापन जस्ता कार्यक्रमहरू पनि उल्लेख गरिएका छन् । यसका अतिरिक्त यस आवधिक योजनाको कार्यान्वयनको लागि आवश्यक वित्तीय श्रोत मध्ये नगरपालिकाको तर्फवाट जुटाउन पर्ने वित्तीय श्रोतको लागि राजश्व सुधारका कार्यक्रम पनि समावेश गरिएको छ । यसैगरी यस आवधिक योजनालाई प्रभावकारी ढंगवाट कार्यान्वयन गर्न, गराउन वा सहजिकरण तथा समन्वयकारी भूमिका निर्वाह गर्न वर्तमान नगरपालिकाको संस्थागत संरचना तथा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम रहेको छ । यस अर्थमा यो आवधिक योजना नगरपालिका कार्यालय एक्लैको सरोकारको योजना नभई समग्र नगर तथा नगरवासीहरूको आर्थिक विकासको साथसाथै नगरमा बसोबास गर्ने सवै जाति, वर्ग, समुदायहरूको समस्या सम्वोधन गर्ने एक साझा योजनाको दस्तावेजको रुपमा लिनुपर्ने हुन्छ ।

आवधिक योजना अन्तर्गत समावेश भएका योजना तथा कार्यक्रम मध्येवाट नगरपालिकाको कार्यक्षेत्रमा रहेका कार्यक्रमहरू नगरपालिका एक्लैले जिम्मेवारी लिई विभिन्न सरोकारवालाहरूको सहयोगमा कार्यान्वयन गर्न सकिन्छ । तर आवधिक योजनामा उल्लेख भएका विषेश गरी आर्थिक समृद्धका लागि अति आवश्यक योजनाहरूको कार्यान्वयन गर्न केन्द्रीय सरकार लगाएत छिमेकी राष्ट्र भारत (हाल पनि जलेश्वरमा केही सहयोग प्राप्त भई रहेको सन्दर्भमा) तथा अन्य राष्ट्र, दातृ निकाय, केन्द्रीय सरकारका विषयगत निकायहरू, जिल्ला स्तरीय विषयगत निकाय, गैरसरकारी संघसंस्था, राष्ट्रिय तथा अन्तराष्ट्रिय वित्तीय संस्था जस्तैः नगर विकास कोष, निजी क्षेत्र, विश्व वैंक, एशीयाली विकास वैंक, साउदी कोष,

आदिको सहयोग प्राप्त गर्नुपर्ने हुन्छ । यस्तै आवधिक योजनामा उल्लेख भएका कतिपय कार्यक्रमहरू राष्ट्रिय योजना आयोगमा स्विकृती गराई वजेट प्राप्त गर्नुपर्ने तथा अर्थ मन्त्रालयवाट सोभै आर्थिक सहयोग प्राप्त गर्न सक्नुपर्दछ र यस्ता कार्यक्रमहरू कुनै एउटा दल, वर्ग, समुदाय विशेष तथा नगरपालिकाको एक्लो प्रयासले मात्र सम्भव हुन्छ जस्तो लाग्दैन । यस अर्थमा आवधिक योजनाको प्रभावकारी एवं सफल कार्यान्वयनका लागि नगरपालिकालाई स्थानीय तवरमा स्थानीयसरोकारवालाहरूको सक्रिय तथा अर्थपूर्ण सहयोग आवश्यक हुन्छ भने केन्द्रीय निकाय लगायतका दातृ निकायहरूमा सहयोग प्राप्त गर्न त्यस्ता संस्थाहरूमा अनुरोध, पैरवी तथा आवश्यकता अनुसार कतिपय पक्षमा दवावै दिनु पनि पर्ने हुन्छ । तसर्थ यस आवधिक योजनाको सफल एवं प्रभावकारी कार्यान्वयन गरी समृद्ध जलेश्वर निर्माणको लागि सवै दल, वर्ग, समुदाय, क्षेत्रको सहभागितामा एक समावेशी, स्वतन्त्र एवं दीर्घकालीन विकास प्रति एक सक्रिय मञ्च/समूह गठन गर्न अति आवश्यक देखि यसको गठनको लागि प्रस्ताव गरिएको छ र जस्लाई "जलेश्वर विकास मञ्च"को नामाकरण समेत गर्न सकिन्छ । यस्ता समूह वा मञ्चको काम, कर्तव्य, अधिकार तथा सुविधाहरू बारे स्पष्ट हुन भने जरुरी छ जुन आपसि सहमतिमा गर्न सकिन्छ ।

**वार्षिक कार्यक्रम**

नगरपालिकाले वार्षिक योजना, कार्यक्रम तथा वजेट तर्जुमा गर्दा स्वीकृत आवधिक योजनामा उल्लेख भए अनुसार नगरपालिकाको जिम्मेवारीमा रहेका योजना तथा कार्यक्रमहरूको सूचीवाट मात्र त्यस्ता योजनाहरू छनौट गर्नुपर्नेछ । त्यस्तो योजना, कार्यक्रम तथा वजेट तर्जुमा गर्न गठित समितिमा "जलेश्वर विकास मञ्च/समूह" को प्रतिनिधिलाई समेत सहभागी गराउन सकिन्छ र यसरी गरिएमा नगरवासीहरूलाई प्रत्यक्ष रुपमा प्रभाव पार्ने कर, शुल्क तथा जनसहभागिता जस्ता राजश्व सुधार कार्यक्रममा मञ्चवाट सहयोग प्राप्त गर्न सजिलो हुन्छ । अझ भन्नुपर्दा केन्द्र, नगर विकास कोष तथा अन्तराष्ट्रिय वित्तीय संस्थाहरूवाट सहयोग, ऋण वा अनुदान प्राप्त गर्न नगरपालिकाले समपुरक कोष लगाएत जनसहभागिताको रकम जुटाउन पर्ने अति चुनौतिपूर्ण कार्य गर्नुपर्ने छ र यस्तो कार्यमा मञ्चले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ । यसैगरी योजना तथा कार्यक्रम छनौटको क्रममा हुन सक्ने राजनैतिक खिचातानीमा समेत मञ्चले सकारात्मक निर्णय गराउन सहयोग पुऱ्याउन सक्दछ ।

आवधिक योजनामा समावेश भएका कतिपय योजनाहरूको लागि सडक वोर्ड, जगेडा कोष, कृषि सडक तथा एल.जी.सी.डी.पी.लगायतका अन्य निकायहरूवाट सहयोग प्राप्त गर्नुपर्ने हुन्छ र यस्तो सहयोग प्राप्त गर्न त्यस्ता निकायहरूमा प्रस्ताव तर्जुमा गरी पेश गर्ने कार्य पनि वार्षिक कार्यक्रममा राख्नु पर्ने हुन्छ ।

यसैगरी आवधिक योजनामा समावेश भएका ठूला योजनाहरूको सम्भाव्यता अध्ययन तथा विभिन्न प्रकारका नियमावलीहरू तर्जुमा गर्ने जस्ता कार्यक्रमहरू पनि नगरपालिकाको वार्षिक कार्यक्रममा राखी त्यस्ता योजना तर्जुमाको लागि आवश्यक वजेट विनियोजित गर्नुपर्ने हुन्छ ।

यसैगरी यस आवधिक योजनामा नगरपालिकाको जिम्मेवारीमा नपरी विभिन्न विषयगत सरकारी निकायहरू तथा विभिन्न गैर सरकारी संघसंस्थाहरूको सहयोगमा कार्यान्वयन गर्नपर्ने योजनाहरू पनि थुप्रै छन् । त्यस्ता योजनाहरूको कार्यान्वयनमा योजनासँग सम्वन्धित निकायहरूको सहयोग तथा समन्वय हुन अति जरुरी हुँदा सवै सरोकार निकायहरूको सहभागितामा एक संयन्त्र निर्माण गरी अगाडि वढ्नु पर्ने दायित्व पनि नगरपालिकामा रहेको छ ।

**१३.३ मध्यावधी मूल्याङ्कन**

कुनैपनि दीर्घकालीन योजना स्थिर हुन सक्दैन । मानिसहरूको चाहना, आवश्यकता तथा आर्थिक विकासका पक्षहरू समयानुसार परिवर्तन हुन्छन । राज्यको पुनरसंरचना हुन गई रहेको अवस्थामा जलेश्वर नगरपालिकाको भौतिक सिमाना, राजनैतिक संरचना तथा कार्यक्षेत्र के कसरी अगाडी वढने हो

सोको एकीन नरहेको अवस्थामा तर्जुमा गरिएका आवधिक योजनाले भावी जलेश्वरको समग्र विकासको पक्षलाई नसमेटिएको पनि हुन सक्दछ। तसर्थ यस आवधिक योजनामा समावेश भएका कतिपय योजना तथा कार्यक्रमहरू समयानुसार असान्दर्भिक पनि हुन सक्ने भएको हुनाले यस आवधिक योजनाको मध्यावधि मूल्याङ्कन गरिएमा समय सापक्ष योजनाहरूको परिमार्जन गर्न सकिन्छ। सवै सरोकारवाला समूह, प्रस्तावित जलेश्वर विकास मञ्च/समूह लगायतका अन्य स्थानीय तहमा उपलब्ध विज्ञहरूलाई सहभागि गराई यस्को मध्यावधि मूल्याङ्कन गर्नुपर्ने हुन्छ।

माईन्यूटको फोटो कापी